٥١- (( أَللَّهُمَّ اكْتُبْ لِيْ بِهَا عِنْدَكَ أَجْراً ، وَضَعْ عَنِّيْ بِهَا وِزْراً ، وَاجْعَلْهَا لِيْ عِنْدَكَ ذُخْراً ، وَتَقَبَّلْهَا مِنِّيْ كَمَا تَقَبَّلْتَهَا مِنْ عَبْدِكَ دَاوُدَ ))

५१. हे अल्लाह ! मेरो निम्ति यस सजदाको सट्टामा आफ्नो नजिक पुण्य लेखनुहोस् तथा यसको माध्यमले मेरो जिऊ बाट पापहरुको बोझलाई झारनुहोस् र यसलाई मेरो निम्ति आफ्नो नजिक पुण्यहरुको ढुकुटी बनाई दिनुस् र यसलाई मेरो तरफ बाट यस्तो स्वीकार गर्नुस् जस्तो कि तपाईंले आफ्नो भक्त दाऊद को तरफ बाट स्वीकार गर्नु भएको थियौ । ( त्रिमिज़ी २/ ४७३ तथा इमाम हाकिमले यसलाई राम्रो भनेका छन् । तथा इमाम ज़हबीले पनि यस कुराको पुष्टि गर्नु भएका छन् । ( १/२१९ )

## २२- तशहहुद् को दुआ



٥٢- (( أَلتَّحِيَّاتُ لِلّٰهِ وَالصَّلَوَاتُ وَالطَّيِّبَاتُ اَلسَّلَامُ عَلَيْكَ أَيُّهَا النَّبِيُّ وَرَحْمَةُ اللهِ وَبَرَكَاتُهُ أَلسَّلَامُ عَلَيْنَا وَعَلَى عِبَادِ اللهِ الصَّالِحِيْنَ ، أَشْهَدُ أَنْ لَا إِلَهَ إِلَّا اللهُ وَأَشْهَدُ أَنَّ مُحَمَّداً عَبْدُهُ وَرَسُوْلُهُ ))

५२. मौखिक उपासनाहरु तथा जिउ र मालको माध्यमले गरिने सबै उपासनाहरु मात्र अल्लाहका लागि छन् , सलाम होस् तपाईं माथि हे अल्लाहको नबी र अल्लाहको दया तथा बरकत् पनि , सलाम होस् हामी माथि तथा अल्लाहका असल् भक्तहरु माथि , म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पनि पूजनीय छैन र म गवाही दिन्छु कि मुहम्मद ﷺ उसको भक्त , दास तथा रसूल ( सन्देशवाहक ) हुनुहुन्छ । (बुख़ारी १/१३ तथा मुस्लिम १/३०१ )

## २३-रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम् माथि सलात ( दरुद )

٥٣- (( أَللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيْمَ وَعَلَى آلِ إِبْرَاهِيْمَ إِنَّكَ حَمِيْدٌ مَجِيْدٌ ، أَللَّهُمَّ

بَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا بَارَكْتَ عَلَى إِبْرَاهِيمَ
، وَعَلَى آلِ إِبْرَاهِيمَ إِنَّكَ حَمِيدٌ مَجِيدٌ ))

५३. हे अल्लाह ! रह़मत् (दया) अवतरित गर मुह़म्मद् माथि र मुह़म्मदका सन्तान माथि , जस्तो कि तपाईंले रह़मत् अवतरित् गर्नु भयो इब्राहीम माथि र इब्राहीम का सन्तान माथि , नि:सन्देह तपाईं प्रशंसा योग्य तथा महान हुनुहुन्छ । हे अल्लाह ! बरकत् (कल्याण) अवतरित् गर मुह़म्मद ﷺ माथि तथा मुह़म्मद ﷺ का सन्तान माथि, जस्तो कि तपाईंले बरकत् अवतरित् गर्नु भयो इब्राहीम माथि र इब्राहीमका सन्तान माथि , नि:सन्देह तपाईं प्रशंसा योग्य तथा सर्वश्रेष्ठ हुनुहुन्छ । (बुख़ारी ६/४०८)

٥٤- (( اللَّهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى أَزْوَاجِهِ وَذُرِّيَّتِهِ ، كَمَا
صَلَّيْتَ عَلَى آلِ إِبْرَاهِيمَ ، وَبَارِكْ عَلَى مُحَمَّدٍ وَعَلَى أَزْوَاجِهِ
وَذُرِّيَّتِهِ ، كَمَا بَارَكْتَ عَلَى آلِ إِبْرَاهِيمَ إِنَّكَ حَمِيدٌ مَجِيدٌ ))

५४. हे अल्लाह ! रह़मत् (दया) अवतरित गर मुह़म्मद् माथि र मुह़म्मदका श्रीमतीहरु तथा सन्तान माथि , जस्तो कि तपाईंले रह़मत् अवतरित् गर्नु भयो इब्राहीम का सन्तान माथि । हे अल्लाह ! बरकत् (कल्याण) अवतरित् गर मुह़म्मद ﷺ माथि तथा मुह़म्मद ﷺ का श्रीमतीहरु र सन्तान माथि, जस्तो कि तपाईंले बरकत् अवतरित् गर्नु



भयो इब्राहीम का सन्तानहरु माथि , नि:सन्देह तपाईं प्रशंसा योग्य तथा सर्वश्रेष्ठ हुनुहुन्छ ।
( बुख़ारी फ़त्हुल् बारी को साथ ६/४०७ तथा मुस्लिम १/३०६ )

## २४ – अन्तिम तशह्हुद् पछि तथा सलाम फेरनु भन्दा अगाडि का दुआ़हरु ।

٥٥- (( اَللَّهُمَّ إِنِّي أَعُوذُبِكَ مِنْ عَذَابِ الْقَبْرِ ، وَمِنْ عَذَابِ
جَهَنَّمَ ، وَمِنْ فِتْنَةِ الْمَسِيحِ الدَّجَّالِ ))

५५. हे अल्लाह ! म तिम्रो शरण पर्दछु चिहानको सजाय बाट तथा नरकको सजाय बाट तथा जीवन र मृत्युको षडयन्त्र अनि परिक्षा बाट , तथा मसीहे दज्जालको षडयन्त्र बाट । ( बुख़ारी २/१०२ तथा मुस्लिम १/४१२ )

٥٦- (( اللَّهُمَّ إِنِّي أَعُوذُبِكَ مِنْ عَذَابِ الْقَبْرِ ، وَأَعُوذُبِكَ مِنْ
فِتْنَةِ الْمَسِيحِ الدَّجَّالِ ، وَأَعُوذُبِكَ مِنْ فِتْنَةِ الْمَحْيَا وَالْمَمَاتِ ،
اللَّهُمَّ إِنِّي أَعُوذُبِكَ مِنَ الْمَأْثَمِ وَالْمَغْرَمِ ))

५६. हे अल्लाह ! म तिम्रो शरण पर्दछु चिहानको सजाय बाट, तथा तिम्रो शरण पर्दछु मसीहे दज्जालको षडयन्त्र र उपद्रो बाट , तथा तिम्रो शरण पर्छु जीवन र मृत्युको

षडयन्त्र अनि परिक्षा बाट । हे अल्लाह ! निःसन्देह म तिम्रो शरण पर्दछु पाप तथा ऋण बाट ।
( बुख़ारी १/२०२ मुस्लिम १/४१२ )

٥٧- ((اللَّهُمَّ إِنِّي ظَلَمْتُ نَفْسِي ظُلْماً كَثِيراً، وَلاَ يَغْفِرُ الذُّنُوبَ إِلاَّ أَنْتَ، فَاغْفِرْ لِي مَغْفِرَةً مِنْ عِنْدِكَ وَارْحَمْنِي إِنَّكَ أَنْتَ الْغَفُورُ الرَّحِيمُ))

५७. हे अल्लाह ! मैले आफ्नो ज्यान माथि साह्रै अत्याचार गरें तथा तपाईं बाहेक कोही पनि पापहरुलाई क्षमा गर्न सक्तैन । यसले मलाई आफ्नो बिशेष अनुकम्पा तथा दया बाट क्षमा गरी देऊ अनि म माथि कृपा गर , निःसन्देह तपाईं क्षमाशील र अधिक कृपावान हुनुहुन्छ ।
( बुख़ारी ८/१६८ तथा मुस्लिम ४/२०७८ )

٥٨- ((اللَّهُمَّ اغْفِرْ لِي مَا قَدَّمْتُ، وَمَا أَخَّرْتُ، وَمَا أَسْرَرْتُ، وَمَا أَعْلَنْتُ، وَمَا أَسْرَفْتُ، وَمَا أَنْتَ أَعْلَمُ بِهِ مِنِّي أَنْتَ الْمُقَدِّمُ، وَأَنْتَ الْمُؤَخِّرُ لاَ إِلَهَ إِلاَّ أَنْتَ))

५८. हे अल्लाह ! मलाई क्षमा गरी देऊ जुन मैले अघि गरें तथा जुन मैले पछि गरें तथा जुन मैले लुकेर गरें तथा जुन मैले जाहेरमा गरें तथा जुन मैले धार्मिक नियमको उलङ्घन गरें तथा ती सबै पापहरुलाई क्षमा गरी देऊ जुन बारे तपाई म भन्दा अधिक थाहा राख्नु हुन्छ , तपाई



नै अघि गर्ने हुनुहुन्छ तथा तपाईं नै पछि गर्ने हुनुहुन्छ , तपाईं बाहेक कोही पनि पूजनीय छैन । ( मुस्लिम १/५३४ )

٥٩- ((اللَّهُمَّ أَعِنِّي عَلَى ذِكْرِكَ، وَشُكْرِكَ، وَحُسْنِ عِبَادَتِكَ))

५९. हे अल्लाह ! आफ्नो स्मरण तथा ज़िक्र , आफ्नो शुक्र ( कृतज्ञता ) र आफ्नो राम्रो पूजा , उपासना का लागि मेरो सहायता गर । ( अबू दाऊद २/८६ , नसाई ३/५३ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यो हदीसलाई सहीह़ अबूदाऊदमा ठीक भन्नु भएका छन् , १/२८४ )

٦٠- ((اللَّهُمَّ إِنِّي أَعُوذُ بِكَ مِنَ الْبُخْلِ، وَأَعُوذُ بِكَ مِنَ الْجُبْنِ، وَأَعُوذُ بِكَ مِنْ أَنْ أُرَدَّ إِلَى أَرْذَلِ الْعُمُرِ، وَأَعُوذُ بِكَ مِنْ فِتْنَةِ الدُّنْيَا وَعَذَابِ الْقَبْرِ))

६० . हे अल्लाह ! म कंजुसी बाट तिम्रो शरण पर्छु तथा डरछेरुवापना , बाट तिम्रो शरण पर्दछु तथा यस कुरा बाट तिम्रो शरण पर्छु कि बुढेपाके उमेर सम्म पुगि हालूँ अनि म संसारिक् परिक्षा , षडयन्त्र तथा चिहानको सजाय बाट तिम्रो शरण पर्छु ।
( बुख़ारी फतहुल् बारी को साथ ६/३५ )

٦١- ((اللَّهُمَّ إِنِّي أَسْأَلُكَ الْجَنَّةَ وَأَعُوذُ بِكَ مِنَ النَّارِ))

६१. हे अल्लाह ! म तपाईं सित स्वर्ग माग्दछु र नरक बाट तिम्रो शरण पर्छु ।
( अबू दाऊद तथा हेर्नुस् सहीह इब्ने माजा २/३२८ )

٦٢- (( اللّٰهُمَّ بِعِلْمِكَ الْغَيْبَ وَقُدْرَتِكَ عَلَى الْخَلْقِ أَحْيِنِيْ مَا عَلِمْتَ الْحَيَاةَ خَيْراً لِيْ وَتَوَفَّنِيْ إِذَا عَلِمْتَ الْوَفَاةَ خَيْراً لِيْ ، اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ خَشْيَتَكَ فِيْ الْغَيْبِ وَالشَّهَادَةِ ، وَأَسْأَلُكَ كَلِمَةَ الْحَقِّ فِيْ الرِّضَا وَالْغَضَبِ ، وَأَسْأَلُكَ الْقَصْدَ فِيْ الْغِنَى وَالْفَقْرِ ، وَأَسْأَلُكَ نَعِيْماً لاَيَنْفَدُ ، وَأَسْأَلُكَ قُرَّةَ عَيْنٍ لاَتَنْقَطِعُ ، وَأَسْأَلُكَ الرِّضَا بَعْدَ الْقَضَاءِ ، وَأَسْأَلُكَ بَرْدَ الْعَيْشِ بَعْدَ الْمَوْتِ ، وَأَسْأَلُكَ لَذَّةَ النَّظَرِ إِلَى وَجْهِكَ وَالشَّوْقَ إِلَى لِقَائِكَ فِيْ غَيْرِ ضَرَّاءَ مُضِرَّةٍ وَلاَ فِتْنَةٍ مُضِلَّةٍ . اَللّٰهُمَّ زَيِّنَّا بِزِيْنَةِ الْإِيْمَانِ وَاجْعَلْنَا هُدَاةً مُهْتَدِيْنَ ))

६२. हे अल्लाह ! तपाईं परोक्ष ज्ञानी हुनुहुन्छ र सम्पूर्ण सृष्टिलाई आफ्नो नियन्त्रणमा राख्नु हुन्छ , तपाईंका यी गुण विशेषताको माध्यमले म माग्दछु कि मलाई त्यस बखत सम्म जिउँदो राख्नुहोस् जब सम्म कि मेरो जीवन तपाईंको ज्ञानानुसार राम्रो होस् । मलाई मृत्यु दिनुस् जब मृत्यु मेरो लागि राम्रो होस् । हे अल्लाह ! निःसन्देह म हाजिर र गैर हाजिर दुबै अवस्थामा तपाईं सित त्रसन् का लागि प्रार्थना गर्दछु । खुस् हुने तथा रिसाउने दुबै अवस्थामा साँचो कुरा गर्न का लागि तपाईं सित क्षमता माग्दछु । धन्वान तथा निर्धन् दुबै अवस्थामा मझौला



तरीका रोज्न का लागि तपाईं सित स्वाल गर्छु र तपाईं सित यस्तो वर्दान (नेमत) माग्छु जुन कहिले पनि समाप्त न होस् । तथा आँखाहरुलाई चिसो पार्ने कुरा अर्थात मुटु र मगज्लाई शन्ति पुऱ्याउने यस्तो कुरा माग्दछु जुन कहिले पनि समाप्त न होस् । तथा तपाईं सित तपाईंले निर्णय् गरेको कुरामा राजी रहन का लागि सवाल गर्दछु , तथा तपाईं सित मरी सके पछि आउने जुन जीवन छ उस को प्रफुल्लता र खुसी माग्दछु । तथा तपाईं सित तपाईं को शुभ अनुहारको दर्शन् र उसलाई हेर्ने मजा र तपाईं सित भेट गर्न को शौक , उत्साह माग्दछु जुन कुनै कष्ट तथा अप्ठयारो बाहेक प्राप्त होस् र त्यसमा पथभ्रष्ट गर्ने कुरा तथा षडयन्त्र न होस् । हे अल्लाह ! मलाई ईमान ( विशवास ) को शोभा बाट सुसज्जित् गरी देऊ र हामी लाई मार्गदर्शन दिने र मार्गदर्शन पाउने वाला बनाई देऊ । ( नसाई ३/५४ , अहमद् ४/ ३६४ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यसलाई सहीह नसाईमा ठीक भन्नु भएका छन् , १/२८१ )

٦٣- (( اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ يَا اللهُ بِأَنَّكَ الْوَاحِدُ الْأَحَدُ الصَّمَدُ الَّذِيْ لَمْ يَلِدْ وَلَمْ يُوْلَدْ وَلَمْ يَكُنْ لَهُ كُفُواً أَحَدٌ أَنْ تَغْفِرَ لِيْ ذُنُوْبِيْ إِنَّكَ أَنْتَ الْغَفُوْرُ الرَّحِيْمُ ))

६३. हे अल्लाह ! म तपाँईं सित यस कुराको माध्यमले माग्दछु कि तपाईं एकलो , एउटो तथा स्वच्छन्द हुनुहुन्छ । जस बाट कोही जन्म लिएको छैन र न त उ कसै बाट जन्म लिएको छ । अरु उसको साझेदार पनि कोही छैन । यसले तपाँईं मेरा पापहरुलाई क्षमा गरी दिनुहोस् । निस्सन्देह तपाईं नै मात्र क्षमाशील तथा दयालु हुनुहुन्छ ।
( नसाई ३/५२ , अहमद् ४/३३८ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यसलाई सहीह नसाईमा ठीक भन्नु भएका छन् )

٦٤- (( اَللَّهُمَّ إِنِّيْ أَسْأَلُكَ بِأَنَّ لَكَ الْحَمْدُ لاَ إِلَهَ إِلاَّ أَنْتَ وَحْدَكَ لاَشَرِيْكَ لَكَ ، أَلْمَنَّانُ ، يَابَدِيْعَ السَّمَاوَاتِ وَالْأَرْضِ يَا ذَالْجَلاَلِ وَالْإِكْرَامِ ، يَا حَيُّ يَا قَيُّوْمُ إِنِّيْ أَسْأَلُكَ الْجَنَّةَ وَأَعُوْذُبِكَ مِنَ النَّارِ ))

६४. हे अल्लाह ! म तपाईं सित माग्दछु यस कुराको माध्यमले कि विभिन्न प्रकार का प्रशंसाहरु मात्र तिम्रै लागि छन् , तपाईं बाहेक कोही पनि पूजनीय छैन , तपाईं एकलो हुनुहुन्छ तपाईं को कोही पनि सहभागी छैन ,तपाईं अधिक अनुकमपा तथा परोपकार गर्ने वाला हुनुहुन्छ , हे आकास तथा धरतीलाई बनाउने अल्लाह ! हे महान तथा इज्ज़त् वाला अल्लाह ! हे सबै लाई जिवित र सबै लाई संरक्षण गर्ने अल्लाह ! म तपाईं सित स्वर्ग माग्दछु र आगो (नरक) बाट तिम्रो शरण पर्दछु ।



( अबू दाऊद , नसाई , त्रिमिज़ी , इब्ने माजा तथा हेर्नुस् सहीह इब्ने माजा २/३२९ )

٦٥- (( اَللَّهُمَّ إِنِّيْ أَسْأَلُكَ بِأَنِّيْ أَشْهَدُ أَنَّكَ أَنْتَ اللهُ لاَإِلَهَ إِلاَّ أَنْتَ الأَحَدُ الصَّمَدُ الَّذِيْ لَمْ يَلِدْ وَلَمْ يُوْلَدْ وَلَمْ يَكُنْ لَهُ كُفُواً أَحَدٌ ))

६५. हे अल्लाह ! म तपाईं सित माग्दछु यस कुरा को माध्मले कि म गवाही दिन्छु यस कुरा का लागि कि तपाईं नै अल्लाह हुनुहुन्छ , तपाईं बाहेक अरु कोही पनि पूजनीय छैन । तपाईं एक्लो तथा स्वच्छन्द हुनुहुन्छ , जस बाट कसैले पनि जन्म लिएको छैन र न त ऊ कसै बाट जन्मे को हो तथा उसको कोही साझेदार पनि छैन ।
( अबू दाऊद २/६२ , त्रिमिज़ी ५/५१५, इब्ने माजा २/१२६७ , अहमद् ५/३६० तथा हेर्नुस् सहीह इब्ने माजा २/३२९ तथा सहीह त्रिमिज़ी ३/१६३ )

## २५. नमाज़ समाप्त भए पछि का दुआहरु

٦٦- (( أَسْتَغْفِرُاللهَ ، أَسْتَغْفِرُاللهَ ، أَسْتَغْفِرُاللهَ ))

६६. म अल्लाह सित क्षमा माग्दछु । म अल्लाह सित क्षमा माग्दछु । म अल्लाह सित क्षमा माग्दछु ।

(( اَللّٰهُمَّ أَنْتَ السَّلَامُ وَمِنْكَ السَّلَامُ ، تَبَارَكْتَ يَا ذَا الْجَلَالِ وَالْإِكْرَامِ ))

हे अल्लाह ! तपाईं सलाम हुनुहुन्छ अर्थात शान्तिलाई मन पराउनु हुन्छ तथा तपाईंले शान्ति प्रदान गर्नु हुन्छ । हे महान तथा प्रतिष्ठित अल्लाह ! तपाईं कल्याणकारी हुनुहुन्छ । ( मुस्लिम १/४१४ )

٦٧- (( لَا إِلٰهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ، اَللّٰهُمَّ لَا مَانِعَ لِمَا أَعْطَيْتَ وَلَا مُعْطِيَ لِمَا مَنَعْتَ وَلَا يَنْفَعُ ذَا الْجَدِّ مِنْكَ الْجَدُّ ))

६७. अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उहाँ एकलो हुनुहुन्छ , उसको कोही पनि साझेदार छैन , उसै का लागि राज्य छ , तथा उसै का लागि सबै प्रकारका प्रशंसाहरु छन् । तथा सबै कुराहरु माथि उसैको अधिकार छ । हे अल्लाह ! जे सुकै पनि तपाईं दिनु हुन्छ उसलाई कोही पनि मनाही गर्न र छेक्न सक्दैन र जे सुकै पनि तपाईं मनाही गरी दिनु हुन्छ उसलाई कोही पनि प्रदान गर्न सक्दैन , तथा धनी मान्छेलाई उसको धन्ले तपाईं को सजाय बाट मुक्ति दिन सक्दैन ।

( बुख़ारी १/२५५ तथा मुस्लिम १/४१४ )



٦٨- (( لَا إِلٰهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ، لَا حَوْلَ وَلَا قُوَّةَ إِلَّا بِاللهِ ، لَا إِلٰهَ إِلَّا اللهُ وَلَا نَعْبُدُ إِلَّا إِيَّاهُ لَهُ النِّعْمَةُ وَلَهُ الْفَضْلُ وَلَهُ الثَّنَاءُ الْحَسَنُ ، لَا إِلٰهَ إِلَّا اللهُ مُخْلِصِيْنَ لَهُ الدِّيْنَ وَلَوْ كَرِهَ الْكَافِرُوْنَ ))

६८ . अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उहाँ एकलो हुनुहुन्छ , उसको कोही पनि साझेदार छैन , उसै का लागि राज्य छ , तथा उसै का लागि सबै प्रकारका प्रशंसाहरु छन् । तथा सबै कुराहरु माथि उसैको अधिकार छ । बाँच्ने शक्ति तथा केही गर्ने क्षमता पनि छैन तर अल्लाहको मद्दतको साथ । अल्लाह बाहेक कोही पनि साँचो पूजनीय छैन तथा उहाँ बाहेक हामी अरु कसै को उपासना गर्दैनौं । उसैको लागि नेमत , प्रतिष्ठा तथा सबै प्रकारका प्रशंसाहरु छन् । अल्लाह बाहेक कोही पनि साँचो पूजनीय छैन । हामीले वास्तविक रुपमा उसैको उपासना गर्दछौं यद्यापि काफिरहरु (नास्तिक) लाई नराम्रो किन न लागोस् । ( मुस्लिम १/४१५ )

٦٩- (( سُبْحَانَ اللهِ ، وَالْحَمْدُ لِلّٰهِ ، وَاللهُ أَكْبَرُ لَا إِلٰهَ إِلَّا اللهُ وَحْدَهُ لَا شَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ))

६९ . अल्लाह पवित्र हुनुहुन्छ तथा सबै किसिमका प्रशंसा मात्र अल्लाह का लागि छन् , अल्लाह सबै भन्दा ठूलो हुनुहुन्छ , अल्लाह बाहेक कोही पनि साँचो पूजनीय छैन , उहाँ एक्लो हुनुहुन्छ , उसको कोही पनि साझेदार छैन , उसै का लागि मुलुक छ तथा उसै का लागि सबै प्रकारका प्रशंसाहरु छन् , तथा उहाँ सबै थोकहरु माथि सर्वशक्तिमान हुनुहुन्छ ।

जुन मानिस उक्त दुआ सबै सलात (नमाज़) पछि पढदै गरोस् उसका पापहरु क्षमा गरी दिइनछन् चाहिँ ती समुद्रको पानी र फींजको बराबर होऊन ।

( मुस्लिम १/४९८ )

٧٠- بِسْمِ اللَّهِ الرَّحْمَٰنِ الرَّحِيمِ

﴿ قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ۝١ ٱللَّهُ ٱلصَّمَدُ ۝٢ لَمْ يَلِدْ وَلَمْ يُولَدْ ۝٣ وَلَمْ يَكُن لَّهُۥ كُفُوًا أَحَدٌۢ ۝٤ ﴾ (الإخلاص ١-٤)

﴿ قُلْ أَعُوذُ بِرَبِّ ٱلْفَلَقِ ۝١ مِن شَرِّ مَا خَلَقَ ۝٢ وَمِن شَرِّ غَاسِقٍ إِذَا وَقَبَ ۝٣ وَمِن شَرِّ ٱلنَّفَّٰثَٰتِ فِى ٱلْعُقَدِ ۝٤ وَمِن شَرِّ حَاسِدٍ إِذَا حَسَدَ ۝٥ ﴾ (الفلق ١-٥)

﴿ قُلْ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ۝١ مَلِكِ ٱلنَّاسِ ۝٢ إِلَٰهِ ٱلنَّاسِ ۝٣ مِن شَرِّ ٱلْوَسْوَاسِ ٱلْخَنَّاسِ ۝٤ ٱلَّذِى يُوَسْوِسُ فِى صُدُورِ ٱلنَّاسِ ۝٥ مِنَ ٱلْجِنَّةِ وَٱلنَّاسِ ۝٦ ﴾ (الناس ١-٦)



७०. अल्लाहको नाउँ बाट शुरु गर्छु जुन अत्यन्त दयालु र कृपालु हुनुहुन्छ ।

❁ हे नबी ! भनी देऊ कि अल्लाह एक्लो हुनुहुन्छ , अल्लाह कसैको अधीनमा छैन बरु सबै उसको अधीनमा छन् अर्थात उहाँ स्वच्छन्द हुनुहुन्छ । उहाँ बाट कोही जन्म लिएको छैन । ( अर्थात उसको कोही सन्तान , छोरा छोरी छैनन् । ) न त उहाँलाई कसैले जन्माएको हो । ( अर्थात उहाँको कोही आमा बाबु छैनन् । ) तथा उहाँको बराबरमा कोही पनि छैन ।

❁ तपाईं भनी दिनुस् कि म बिहानी पख् को प्रभु को शरण् पर्दछु । ती सबै कुराहरुको षडयन्त्र तथा नराम्रोपना बाट जुनलाई उसले उत्पन्न गरेको छ । तथा अन्योलो रात्री को षडयन्त्र तथा नराम्रोपना बाट जब उसको अधंकार फैलियोस् । तथा गाँठो लगाएर त्यसमा फुकँने आईमाईहरुको दुषक्रम बाट । ( अर्थात जादूगर्नीहरुको षडयन्त्र बाट ) तथा ईर्षा गर्ने मानिसको दुषक्रम बाट जब उ ईर्षा गरोस् ।

❁ हे सन्देशवाहक ! तपाईं भनी दिनुस् कि म मानिसहरु को प्रभु को शरणमा आउँदछु । मानवको राजा को मानव को ईशवरको शरण पर्छु , शंका हालने र शंका हाले पछि पछाडि सरने को दुषक्रम तथा षडयन्त्र बाट जब उ

मानिसहरुका छातीहरुमा ( अर्थात मुटुमा ) शंका हाल्दछ चाहिँ त्यो जिन्नहरु मध्ये होस् अथवा मानव मध्ये ।

कुरआन का उक्त सूराहरु प्रत्येक सलात (नमाज़) को पछाडि एक पटक तथा मग्रिब् र फ़ज्रको सलात पछि तीन चोटि पढनु उचित र झन् राम्रो हुन्छ ।

( अबू दाऊद २/८६ , नसाई ३/६८ तथा हेर्नुस् सहीह त्रिमिज़ी २/८ , यी तीनौं वटा सूरालाई मोऔव्विज़ात भनिन्छ , हेर्नुस् फत्हुल् बारी ९/६२ )

७१ . हर सलात ( नमाज़ ) पछाडि कुरआन को निम्नलिखित् आयत् (श्लोक) आयतल् कुर्सी पढोस् ।

﴿ ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلۡحَيُّ ٱلۡقَيُّومُۚ لَا تَأۡخُذُهُۥ سِنَةٞ وَلَا نَوۡمٞۚ لَّهُۥ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِۗ مَن ذَا ٱلَّذِي يَشۡفَعُ عِندَهُۥٓ إِلَّا بِإِذۡنِهِۦۚ يَعۡلَمُ مَا بَيۡنَ أَيۡدِيهِمۡ وَمَا خَلۡفَهُمۡۖ وَلَا يُحِيطُونَ بِشَيۡءٖ مِّنۡ عِلۡمِهِۦٓ إِلَّا بِمَا شَآءَۚ وَسِعَ كُرۡسِيُّهُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَۖ وَلَا يَـُٔودُهُۥ حِفۡظُهُمَاۚ وَهُوَ ٱلۡعَلِيُّ ٱلۡعَظِيمُ ﴿٢٥٥﴾ ﴾ (البقرة ٢٥٥)

७१. अल्लाह बाहेक कोही पूजनीय छैन , उ सधैं जिवित रही रहने ( अर्थात अमर तथा चिरञ्जीवी छ ) र सबै थोकलाई पालन पोषण गर्ने वाला छ । उसलाई न ऊँघ आउँछ न निद्रा । आकास तथा पृथ्वी का सबै थोकहरु उसैका हुन् । को छ जुन अल्लाह समक्ष कसैको सिफारिस् उसको इजाजत् बिना गरोस् । उसलाई थाहा छ जुन मान्छेहरुको अगाडि छ र जुन उनीहरुको पछाडि छ ।



मान्छेहरु अल्लाहको ज्ञान बाट केही प्राप्त गर्न सक्दैनन् तर जुन सुकै आँफै अल्लाहले तिनलाई अल्लाहले प्रदान गरी दिओस् मात्र त्यसै बारे थाहा छ । उसको कुर्सीले आकास तथा धर्तीलाई ओगटेको छ । आकास तथा धर्तीको निरिक्षण गर्नाले उ थाक्न सक्दैन । उ अत्यन्त महान तथा सर्वशक्तिमान छ ।

नोट : जुन मानिस् प्रत्येक सलात (नमाज़) पछि उक्त आयत् (श्लोक) पढदै गरोस् भने यस्तो मानिस्लाई मृत्यु बाहेक अरु कोही कुरा स्वर्गमा प्रवेश गर्न बाट छेक्न सक्दैन , अर्थात यस्तो मानिस मरि सके पछि तुरुन्तै स्वर्गमा प्रवेश गर्नेछ ।

( नसाई अमलुल् यौमि वल्लैलह् न० ९०० तथा इब्ने सुन्नी न० १२१ तथा अ़ल्लामा अल्बानी रहिमहुल्लाहले यसलाई सहीहुल् जामिअ़मा ठीक भन्नु भएका छन् ५/३३९ तथा सिल्सिलतुल् अहादीस अस्सहीहा २/६९७ न० ९७२ )

-٧٢ ((لاَإِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَشَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ ، يُحْيِيْ وَيُمِيْتُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ))

७२. अल्लाह बाहेक कोही पनि साँचो पूजनीय छैन , उ एक्लो छ , उसको कोही साझेदार छैन , उसै का लागि मुलुक छ तथा उसै का लागि सबै प्रकारका प्रशंसाहरु छन् , उही जीवन् प्रदान गर्दछ तथा उही मृत्यु दिन्छ तथा उही सबै कुरा माथि सर्वशक्तिमान छ ।

नोट : दस पटक मग़रिब् तथा फज्र को सलात पछि ।
( त्रिमिज़ी ५/५१५ अहमद् ४/२२७ तथा ज़ादुल् मआ़द १/३०० )

٧٣- (( اَللَّهُمَّ إِنِّيْ أَسْأَلُكَ عِلْماً نَافِعاً ، وَرِزْقاً طَيِّباً ، وَعَمَلاً مُتَقَبَّلاً ))

७३. हे अल्लाह ! म तपाईं सित लाभ दिने ज्ञान , पवित्र जीविका तथा स्वीकार हुने वाला कर्म बारे सवाल गर्दछु ।
नोट : फज्र को सलात (नमाज़) सके पछि उक्त दुआलाई पढोस् । ( इब्ने माजा तथा हेर्नुस् सहीह़ इब्ने माजा १/१५२ तथा मजमउ़ज़्जवाइद् १० / १११ )

## २६ – इस्तिख़ारा को दुआ़

इस्तिख़ारा सलात (नमाज़) को बयान :
ईस्तख़ारा भनिन्छ कुनै राम्रो कुरालाई रोज्नु , जब कुनै मानिसले वैध तथा राम्रो कुरा उदाहरणार्थ विवाह, ब्योपार, यात्र वा कुनै नोलो कुरा को थालनी आदि को इच्छा गरोस् भने उसलाई चाहियो कि दुई रकात ध्यान पूर्वक , विनीत तथा भयभीत भएर नम्रता पूर्वक् अति आराम सित इस्तिख़ारा को इरादा गरी नमाज़ पढोस् । साधारण नमाज़हरु जस्तै दुई रकात पढेर इस्तिख़ाराको तल्



लेखिएको दुआ़ पढोस् तथा आफ्नो आवश्यक्ता ब्यक्त गरोस् । फेरि इस्तिख़ाराको नमाज़ र दुआ़ आदि पछि मुटु जुन कुरा माथि स्थिर भई राजी होस् त्यसै बमोजिम् काम गरोस् । इस्तिख़ारा मात्र एक पटक् गरिन्छ , एउटै कुरा वा काम का लागि पटक पटक तथा बारम्बार इस्तिख़ारा गर्नु सिद्ध छैन । यस्तै कुनै अर्को मानिस बाट इस्तिख़ारा गराउनु पनि सिद्ध छैन । ( अनुवादक )
श्रीमान जाबिर बिन् अब्दुल्लाह रज़ि अल्लाहु अन्हुमा को भनाई छ कि रसूलुल्लाह ﷺ ले हामीलाई सबै कुराहरु का लागि इस्तिख़ारा गर्न बारे शिक्षा दिन्थे जस्तो कि हामीलाई कुरआन को कुनै सूरा (अध्याय) को शिक्षा दिदैंथिए , उहाँ ﷺ भन्दै थिए कि तिमीहरु मध्ये बाट कोही मानिस जब कोही कुरा बारे इच्छा गरोस् भने फर्ज़ सलात बाहेक दुई रकात सलात पढोस् फेरि यो दुआ़ पढोस् ।

٧٤- (( اَللَّهُمَّ إِنِّيْ أَسْتَخِيْرُكَ بِعِلْمِكَ ، وَأَسْتَقْدِرُكَ بِقُدْرَتِكَ ، وَأَسْأَلُكَ مِنْ فَضْلِكَ الْعَظِيْمِ فَإِنَّكَ تَقْدِرُ وَلاَ أَقْدِرُ وَتَعْلَمُ وَلاَ أَعْلَمُ وَأَنْتَ عَلاَّمُ الْغُيُوْبِ ، اَللَّهُمَّ إِنْ كُنْتَ تَعْلَمُ أَنَّ هَذَا الأَمْرَ ( وَيُسَمِّيْ حَاجَتَهُ ) خَيْراً لِيْ فِيْ دِيْنِيْ وَمَعَاشِيْ وَعَاقِبَةِ أَمْرِيْ –أَوْ قَالَ : عَاجِلِهِ وَ آجِلِهِ– فَاقْدُرْهُ لِيْ وَيَسِّرْهُ لِيْ ثُمَّ بَارِكْ لِيْ فِيْهِ وَإِنْ كُنْتَ تَعْلَمُ أَنَّ هَذَاالأَمْرَ شَرٌّ لِيْ فِيْ دِيْنِيْ وَمَعَاشِيْ وَعَاقِبَةِ أَمْرِيْ –أَوْ قَالَ : عَاجِلِهِ وَآجِلِهِ– فَاصْرِفْهُ عَنِّيْ وَاصْرِفْنِيْ عَنْهُ وَاقْدُرْ لِيَ الْخَيْرَ حَيْثُ كَانَ ثُمَّ أَرْضِنِيْ بِهِ ))

७४. हे अल्लाह ! म तिम्रो विद्या तथा ज्ञानको माध्यमले राम्रो कुरा चाहन्छु र तिम्रो शक्तिको माध्यमले शक्ति माग्दछु । तिम्रो दया र कृपा माग्दछु । तपाईं नै शक्तिशाली हुनु हुन्छ । म शक्तिवान होइन । तपाईं मात्र ज्ञानी हुनु हुन्छ म ज्ञानी छुइन । तपाईंले मात्र परोक्ष कुराहरु बारे थाहा राख्नु हुन्छ । हे अल्लाह ! यदि तपाईं लाई यो थाहा छ कि यो काम ( त्यस काम र कुराको नाउँ जाहेर गरोस् ) मेरो लागि मेरो धर्म र मेरो जीवन् र मेरो काममा यस संसार का लागि वा अन्तिम दिन का लागि राम्रो छ भने यो कामलाई मेरो लागि राम्रो पारी देऊ र यसलाई मेरो लागि सजिलो गरी देऊ , फेरि मेरो लागि त्यसमा कल्याण गर । यदि तपाईं लाई यो थाहा छ कि यो काम मेरो धर्म र मेरो जीवन र कर्ममा यस संसार का लागि वा अन्तिम दिन का लागि नराम्रो छ भने यस काम लाई म देखि टाढा गरी देऊ र मलाई यस कुरा बाट छेकी देऊ । र मेरो निम्ति राम्रो कुरा भेला गरी देऊ त्यो जहाँ कहीं पनि होस् । फेरि मलाई त्यस काम का लागि राजी गरी देऊ । ( बुख़ारी ७ /१६२ )

## २७ – बिहानि बेलुकी पख्मा पढिने दुआ़हरु



सबै किसिम् का प्रशंसाहरु मात्र अल्लाह का लागि छ जुन एकलो हुनु हुन्छ तथा अल्लाह को तरफ् बाट दया , कृपा तथा शान्ति होस् यस्तो सन्देशवाहक् माथि जुन को मृत्यु पछि कोही पनि सन्देशवाहक् आउनेछैन ।

श्रीमान अनस् बाट यो हदीस उल्लेखित् छ कि रसूलुल्लाह ﷺ ले भन्नु भयो कि मलाई यस्ता मानिसहरु बीच बस्नु श्रीमान मौसुफ इस्माईल अलैहिस्सलाम का सन्तानहरु मध्ये चार वटा दासहरुलाई स्वतन्त्र गर्नु भन्दा अधिक मन् पराउँदछ , जुन फज्रको सलात (नमाज़) सके पछि सूर्य उदाउनु सम्म अल्लाहको स्मरण गर्दछन् । मलाई यस्ता मानिसहरु को साथमा बस्नु चार वटा दास स्वतन्त्र गर्नु भन्दा अधिक मन पराउँदछ जुन अस्रको सलात (नमाज़) देखि सूर्य अस्ताउनु सम्म अल्लाहको स्मरण गरुन ।
( अबूदाऊद ३६६७ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यसलाई राम्रो भन्नु भएका छन् , हेर्नुस् सहीह अबूदाऊद २/६९८ )

٧٥- أَعُوذُ بِاللهِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ ﴿ ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلۡحَيُّ
ٱلۡقَيُّومُۚ لَا تَأۡخُذُهُۥ سِنَةٞ وَلَا نَوۡمٞۚ لَّهُۥ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِۗ مَن ذَا ٱلَّذِي
يَشۡفَعُ عِندَهُۥٓ إِلَّا بِإِذۡنِهِۦۚ يَعۡلَمُ مَا بَيۡنَ أَيۡدِيهِمۡ وَمَا خَلۡفَهُمۡۖ وَلَا يُحِيطُونَ بِشَيۡءٖ
مِّنۡ عِلۡمِهِۦٓ إِلَّا بِمَا شَآءَۚ وَسِعَ كُرۡسِيُّهُ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَۖ وَلَا يَـُٔودُهُۥ حِفۡظُهُمَاۚ
وَهُوَ ٱلۡعَلِيُّ ٱلۡعَظِيمُ ﴿٢٥٥﴾ ﴾ (البقرة ٢٥٥)

७५. अल्लाह बाहेक कोही पूजनीय छैन , उ सधैं जिवित रही रहने ( अर्थात अमर तथा चिरञ्जीवी छ ) र सबै थोकलाई पालन पोषण गर्ने वाला छ । उसलाई न ऊँघ आउँछ न निद्रा । आकास तथा पृथ्वी का सबै थोकहरु उसैका हुन् । को छ जुन अल्लाह समक्ष कसैको सिफारिस् उसको इजाजत् बिना गरोस् । उसलाई थाहा छ जुन मान्छेहरुको अगाडि छ र जुन उनीहरुको पछाडि छ । मान्छेहरु अल्लाहको ज्ञान बाट केही प्राप्त गर्न सक्दैनन् तर जुन सुकै आँफै अल्लाहले तिनलाई अल्लाहले प्रदान गरी दिओस् मात्र त्यसै बारे थाहा छ । उसको कुर्सीले आकास तथा धर्तीलाई ओगटेको छ । आकास तथा धर्तीको निरिक्षण गर्नाले उ थाक्न सक्दैन । उ अत्यन्त महान तथा सर्वशक्तिमान छ ।

जुन मानिस बिहानी पख्मा आयतल् कुर्सी पढदै गरोस् भने यस्तो मानिस बेलुकी सम्म शैतान तथा जिन्नात को उपद्रव , षडयन्त्र बाट सुरक्षित रही रहने छ । तथा जुन मानिस बेलुकी पख्मा पढदै गरोस् भने बिहानी सम्म शैतान तथा जिन्नात को उपद्रव , षडयन्त्र बाट सुरक्षित रही रहनेछ । ( हाकिम् १/५६२ )

٧٦- ﴿ قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ﴿١﴾ ٱللَّهُ ٱلصَّمَدُ ﴿٢﴾ لَمْ يَلِدْ وَلَمْ يُولَدْ ﴿٣﴾ وَلَمْ يَكُن لَّهُۥ كُفُوًا أَحَدٌۢ ﴿٤﴾ ﴾ (الإخلاص ١-٤)



﴿ قُلْ أَعُوذُ بِرَبِّ ٱلْفَلَقِ ﴿١﴾ مِن شَرِّ مَا خَلَقَ ﴿٢﴾ وَمِن شَرِّ غَاسِقٍ إِذَا وَقَبَ ﴿٣﴾ وَمِن شَرِّ ٱلنَّفَّٰثَٰتِ فِى ٱلْعُقَدِ ﴿٤﴾ وَمِن شَرِّ حَاسِدٍ إِذَا حَسَدَ ﴿٥﴾ ﴾ (الفلق ١-٥)

﴿ قُلْ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ﴿١﴾ مَلِكِ ٱلنَّاسِ ﴿٢﴾ إِلَٰهِ ٱلنَّاسِ ﴿٣﴾ مِن شَرِّ ٱلْوَسْوَاسِ ٱلْخَنَّاسِ ﴿٤﴾ ٱلَّذِى يُوَسْوِسُ فِى صُدُورِ ٱلنَّاسِ ﴿٥﴾ مِنَ ٱلْجِنَّةِ وَٱلنَّاسِ ﴿٦﴾ ﴾ (الناس ١-٦)

❁ हे नबी ! भनी देऊ कि अल्लाह एक्लो हुनुहुन्छ , अल्लाह कसैको अधीनमा छैन बरु सबै उसको अधीनमा छन् अर्थात उहाँ स्वच्छन्द हुनुहुन्छ । उहाँ बाट कोही जन्म लिएको छैन । ( अर्थात उसको कोही सन्तान , छोरा छोरी छैनन् । ) न त उहाँलाई कसैले जन्माएको हो । ( अर्थात उहाँको कोही आमा बाबु छैनन् । ) तथा उहाँको बराबरमा कोही पनि छैन ।

❁ तपाई भनी दिनुस् कि म बिहानी पख् को प्रभु को शरण् पर्दछु । ती सबै कुराहरुको षडयन्त्र तथा नराम्रोपना बाट जुनलाई उसले उत्पन्न गरेको छ । तथा अन्योलो रात्री को षडयन्त्र तथा नराम्रोपना बाट जब उसको अधंकार फैलियोस् । तथा गाँठो लगाएर त्यसमा फुकँने आईमाईहरुको दुषक्रम बाट । ( अर्थात जादूगर्नीहरुको षडयन्त्र बाट ) तथा ईर्षा गर्ने मानिसको दुषक्रम बाट जब उ ईर्षा गरोस् ।

❀ हे सन्देशवाहक ! तपाईं भनी दिनुस् कि म मानिसहरु को प्रभु को शरणमा आउँदछु । मानवको राजा को मानव को ईशवरको शरण पर्छु , शंका हालने र शंका हाले पछि पछाडि सरने को दुषक्रम तथा षडयन्त्र बाट जब उ मानिसहरुका छातीहरुमा ( अर्थात मुटुमा ) शंका हाल्दछ चाहिँ त्यो जिन्नहरु मध्ये होस् अथवा मानव मध्ये ।

٧٧- (( أَصْبَحْنَا وَ أَصْبَحَ الْمُلْكُ للهِ ، وَالْحَمْدُ للهِ ، لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَشَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ، رَبِّ أَسْأَلُكَ خَيْرَ مَا فِيْ هَذَا الْيَوْمِ وَخَيْرَ مَا بَعْدَهُ ، وَأَعُوْذُبِكَ مِنْ شَرِّ مَا فِيْ هَذَا الْيَوْمِ وَشَرِّ مَا بَعْدَهُ ، رَبِّ أَعُوْذُ بِكَ مِنَ الْكَسْلِ ، وَسُوْءِ الْكِبَرِ ، رَبِّ أَعُوْذُبِكَ مِنْ عَذَابٍ فِيْ النَّارِ وَعَذَابٍ فِيْ الْقَبْرِ ))

७७. हामीले बिहान गर्‍यों तथा अल्लाह को मुलुक्ले पनि बिहान गर्‍यो ,[1] सबै प्रकारका प्रशंसाहरु मात्र अल्लाहको लागि छ , अल्लाह बाहेक कोही साँचो पूजनीय छैन,उनी एकलो हुनुहुन्छ,उसको कोही साझेदार छैन, उसै को लागि राज्य छ तथा उसै को लागि प्रशंसा छ तथा उनी प्रत्येक कुराहरु माथि सर्वशक्तिमान हुनुहुन्छ । हे मेरो पालन्कर्ता

---

1 तथा जब बेलुकी पख्मा पढोस् भने यो भनोस : أَمْسَيْنَا وَأَمْسَى الْمُلْكُ للهِ



। आज यस दिनमा जुन राम्रो कुरा , पुण्य तथा कल्याण छ र यो दिन पछि राम्रो कुरा , पुण्य तथा कल्याण छ म तपाँई सित यसको सवाल गर्छु ।[2] तथा यस दिन् को नराम्रो कुरा , पाप तथा विनाश बाट तथा यो दिन को पछि आउने दिन् को नराम्रो कुरा , पाप तथा विनाश बाट तिम्रो सरण पर्छु । हे मेरो प्रभु ! म अल्छीपना र बुढोसकाल को कष्ट बाट तिम्रो शरण पर्छु । हे मेरो प्रतिपालक् । म नरक् को सजाय तथा चिहान को यातना बाट तिम्रो शरण पर्छु । (मुस्लिम ४/२०८८)

٧٨- (( اَللَّهُمَّ بِكَ أَصْبَحْنَا ، وَبِكَ أَمْسَيْنَا ، وَبِكَ نَحْيَا وَبِكَ نَمُوْتُ ، وَإِلَيْكَ النُّشُوْرُ ))

७८. हे अल्लाह ! तिम्रै नाम सित हामीले बिहान गर्‍यों तथा तिम्रै नाम सित हामीले बेलुकी गर्‍यों[3] तथा तिम्रै

---

2 तथा जब बेलुकी पख्मा पढोस् भने यस्तो भनोस्

(( رَبِّ أَسْأَلُكَ خَيْرَ مَا فِيْ هَذِهِ اللَّيْلَةِ وَخَيْرَ مَا بَعْدَهَا وَ أَعُوْذُبِكَ مِنْ شَرِّ هَذِهِ اللَّيْلَةِ وَشَرِّ مَا بَعْدَهَا ))

3 तथा जब बेलुकी पख्मा पढोस् भने यो भनोस्

(( اَللَّهُمَّ بِكَ أَمْسَيْنَا وَبِكَ أَصْبَحْنَا وَبِكَ نَحْيَا وَبِكَ نَمُوْتُ ، وَإِلَيْكَ الْمَصِيْرُ ))

नाम सित हामी जिउँदो छौं तथा तिम्रै नाउँ जपदै हामी मरनेछौं तथा तिम्रै तिर फर्केर जानेछौं । ( त्रिमिजी ५/५५६ तथा हेर्नुस् सही त्रिमिजी ३/१४२ )

٧٩- ((اَللَّهُمَّ أَنْتَ رَبِّي لاَ إِلَهَ إِلاَّ أَنْتَ، خَلَقْتَنِي وَأَنَا عَبْدُكَ وَأَنَا عَلَى عَهْدِكَ وَوَعْدِكَ مَا اسْتَطَعْتُ، أَعُوذُ بِكَ مِنْ شَرِّ مَا صَنَعْتُ أَبُوءُ لَكَ بِنِعْمَتِكَ عَلَيَّ وَأَبُوءُ بِذَنْبِي فَاغْفِرْ لِي فَإِنَّهُ لاَيَغْفِرُ الذُّنُوبَ إِلاَّ أَنْتَ))

७९. हे अल्लाह तपाईं नै मेरो प्रभु हुनुहुन्छ , तपाईं बाहेक कोही पनि पूजनीय छैन , तपाईंले मलाई पैदा गर्नु भयो र म तपाईंको भक्त तथा सेवक् हूँ , तथा म आफनो क्षमता तथा तागत् अनुसार तपाईं संग दिएको प्रतिज्ञा र बचन् को पालन् गर्छु । मैले जे कुरा पनि गरें त्यसको पाप बाट म तिम्रो शरण पर्छु , आफू माथि जुन तपाईं को उपकार छ म स्वीकार गर्छु र आफ़नो पापहरु लाई पनि स्वीकार गर्छु , यसले गर्दा मलाई क्षमा गरि देऊ , तपाईं बाहेक अरु कोही पनि पापहरु लाई क्षमा गार्न सक्दैन ।[4]

---

[4] जुन मानिस यो दुआमा विश्वास गर्दै बेलुकी पख्मा पढोस् र उसै रात्रीमा उसको मृत्यु भई हालोस् भने यस्तो मानिस स्वर्गमा प्रवेश गर्नेछ । तथा यस्तै यदि यो दुअहलाई बिहानी पख्मा पढोस् र त्यसै दिनमा उसको मृत्यु भई हालोस् भने स्वर्गमा जानेछ ।



٨٠- ((اَللَّهُمَّ إِنِّي أَصْبَحْتُ أُشْهِدُكَ وَأُشْهِدُ حَمَلَةَ عَرْشِكَ، وَمَلاَئِكَتَكَ وَجَمِيعَ خَلْقِكَ، أَنَّكَ أَنْتَ اللهُ لاَ إِلَهَ إِلاَّ أَنْتَ وَحْدَكَ لاَشَرِيكَ لَكَ، وَأَنَّ مُحَمَّداً عَبْدُكَ وَرَسُولُكَ))

८०. हे अल्लाह ! मैले यस अवस्थामा बिहान गरें कि[5] तपाईं लाई साक्षी मान्छु र तिम्रो सिहाँसन् (अर्श ) बोक्नेहरुलाई तथा तिम्रा सबै प्राणी र थोकहरुलाई गवाह बनाउँछु कि तपाईं नै अल्लाह हुनुहुन्छ । तपाईं बाहेक अरु कोही साँचो पूजनीय छैन , तपाईं एकलो हुनुहुन्छ , तपाईको कोही साझेदार छैन तथा नि:सन्देह मुहम्मद् सल्लल्लाहु अलैहि वसल्लम् तिम्रो सेवक् र तिम्रो सन्देशवाहक् हुनुहुन्छ ।[6] ( अबू दाऊद ४/३९७ तथा इमाम बुखारी रहिमहुल्लाह को किताब अल् अद्बुल् मुफ्रद् हदीस न० १२०१ )

٨١- ((اَللَّهُمَّ مَا أَصْبَحَ بِي مِنْ نِعْمَةٍ أَوْ بِأَحَدٍ مِنْ خَلْقِكَ فَمِنْكَ وَحْدَكَ لاَشَرِيكَ لَكَ، فَلَكَ الْحَمْدُ وَلَكَ الشُّكْرُ))

---

[5] तथा जब बेलुकी पख्मा पढोस् भने यो दुआ पढोस् ((اَللَّهُمَّ إِنِّي أَمْسَيْتُ))

[6] जुन् मानिस यो दुआ बिहानी पख्मा चार पटक् अथवा बेलुकी पख्मा चार पटक् पढदै गरोस् भने अल्लाह तआला यस्तो मानिसलाई नरक् बाट मुकित दिई दिन्छ ।

८१ . हे अल्लाह ! म माथि अथवा तपाईंले पैदा गरेका सबै थोक र सबै प्राणीहरु मध्ये कुनै माथि जुन उपकारले ( वरदान , नेमत् ) बिहानी गरिएको छ [7] त्यो मात्र तपाईंले प्रदान गर्नु भयो । तपाईं एकलो हुनुहुन्छ , तपाईंको कोही साझेदार छैन । यसले मात्र तपाईं को लगि प्रशंसा छ र तपाईं को लागि कृत्धन्ता छ । ( जसले यो दुआ बिहानी पख्मा पढयो भने उसले त्यस दिनको कृत्धन्ता (शुक ) अदा गऱ्यो तथा जसले यो दुआ बेलुकी पखेमा पढयो भने उसले त्यस रात्री को कृत्धन्ता (शुक ) अदा गऱ्यो ।

( अबू दाऊद ४/३९८ , शैख इब्ने बाज़ रहिमहुल्लाहले यो हदीसलाई सह भन्नु भएको छ । हेर्नुस् उनी को किताब तुहफतुल् अख्यार पृष्ठ संखया २४ )

٨٢- (( اَللّٰهُمَّ عَافِنِيْ فِيْ بَدَنِيْ ، اَللّٰهُمَّ عَافِنِيْ فِيْ سَمْعِيْ ، اَللّٰهُمَّ عَافِنِيْ فِيْ بَصَرِيْ ، لاَإِلَهَ إِلاَّ أَنْتَ . اَللّٰهُمَّ إِنِّيْ أَعُوْذُ بِكَ مِنَ الْكُفْرِ ، وَالْفَقْرِ ، وَأَعُوْذُ بِكَ مِنْ عَذَابِ الْقَبْرِ ، لاَإِلَهَ إِلاَّ أَنْتَ ))

[7] तथा बेलुकी पख्मा यो दुआ पढोस् :

(( اَللّٰهُمَّ مَا أَمْسَى بِيْ مِنْ نِعْمَةٍ أَوْ بِأَحَدٍ مِنْ خَلْقِكَ فَمِنْكَ وَحْدَكَ لاَشَرِيْكَ لَكَ ، فَلَكَ الْحَمْدُ وَلَكَ الشُّكْرُ ))



हे अल्लाह ! मलाई मेरो जिउमा स्वस्थ प्रदान गर । हे अल्लाह ! मलाई मेरा कानहरुमा स्वस्थ देऊ । हे अल्लाह ! मलाई मेरा आँखाहरुमा स्वस्थ देऊ । तपाईं बाहेक कोही पनि साँचो पूजनीय छैन । हे अल्लाह ! म अधर्म (कुफ्र) तथा गरिबी बाट तिम्रो शरण पर्दछु , चिहान को सजाय बाट पनि शरण पर्दछु , तपाईं बाहेक कोही पूजनीय छैन । - अबूदाऊद ४/३२४, अह्मद् ५/४२ अमलुल् यौमि वल्लैला ह्दीस न० २२ , यसको सनद राम्रो छ ।

٨٣- (( حَسْبِيَ اللهُ لآ إِلَهَ إِلاَّ هُوَ عَلَيْهِ تَوَكَّلْتُ وَهُوَ رَبُّ الْعَرْشِ الْعَظِيْمِ ))

सात पटक बिहानी पखमा तथा सात पटक बेलुकी पख्मा पढोस् भने अल्लाह उसका लागि प्रयाप्त हुनेछ ।

८३. मलाई अल्लाह नै प्रयाप्त छ , त्यस बाहेक कोही पनि पूजनीय छैन , मैले उसै माथि भरोसा गरें तथा उही विशाल सिहाँसन को प्रभु हो । ( अबू दाऊद ४/३२१ तथा यस हदीस बारे शुअ़ैब तथा अब्दुल् क़ादिर अरनाउत् दुबैले राम्रो भन्नु भएका छन् , हेर्नुस् ज़ादुल् मआ़द २/३७६ )

٨٤- (( اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ الْعَفْوَ وَالْعَافِيَةَ فِي الدُّنْيَا وَالْآخِرَةِ ، اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ الْعَفْوَ وَالْعَافِيَةَ فِيْ دِيْنِيْ وَدُنْيَايَ وَأَهْلِيْ ، وَمَالِيْ ، اَللّٰهُمَّ اسْتُرْ عَوْرَاتِيْ وَآمِنْ رَوْعَاتِيْ ، اَللّٰهُمَّ

احْفَظْنِيْ مِنْ بيْنِ يَدَيَّ ، وَمِنْ خَلْفِيْ وَعَنْ يَمِيْنِيْ وَعَنْ شِمَالِيْ وَمِنْ فَوْقِيْ وَأَعُوْذُ بِعَظْمَتِكَ أَنْ أُغْتَالَ مِنْ تَحْتِيْ ))

८४. हे अल्लाह ! म तपाईं सित यस लोक तथा परलोक दुबैमा सुरक्षा , स्वस्थ तथा क्षमा माग्दछु , हे अल्लाह ! म आफ्नो धर्म , आफ्नो संसार , आफ्नो परिवार तथा आफ्नो धन्माल का लागि तपाईं सित क्षमा तथा सुरक्षा माग्दछु । हे अल्लाह ! मेरो पर्दा गरिने अङ्ग वा कुराहरु माथि पर्दा हाली देऊ । तथा मेरो बेचैनी , ब्याकुलतालाई आराम चैन तथा स्थिरतामा परिवर्तन गरी देऊ । हे अल्लाह ! मलाई मेरो अगाडि बाट , मेरो पछाडि बाट , मेरो दायाँ तिर बाट , मेरो बायाँ तिर बाट तथा मेरो माथि बाट मेरो सुरक्षा गर । तथा यस कुरा बाट तिम्रो प्रतिष्ठा तथा महानता को माध्यमले तिम्रो शरण पर्दछु कि अपरझट र अकस्मात तल बाट अर्थात भूसखलन् तथा भूकम्प द्वारा मलाई नष्ट न गरियोस् ।

( अबू दाऊद तथा इब्नेमाजा , हेर्नुस् सहीह इब्ने माजा २/३३२ )

٨٥- (( اَللّٰهُمَّ عَالِمَ الْغَيْبِ وَالشَّهَادَةِ فَاطِرَ السَّمَاوَاتِ وَالْأَرْضِ رَبَّ كُلِّ شَيْءٍ وَمَلِيْكَهُ أَشْهَدُ أَنْ لاَإِلَهَ إِلاَّ أَنْتَ أَعُوْذُ بِكَ مِنْ شَرِّ نَفْسِيْ وَمِنْ شَرِّ الشَّيطَانِ وَشِرْكِهِ وَ أَنْ أَقْتَرِفَ عَلَى نَفْسِيْ سُوءاً أَوْ أَجُرَّهُ إِلَى مُسْلِمٍ ))



८५. हे अल्लाह ! हे परोक्ष ( लुकेका कुराहरु ) तथा प्रत्यक्ष ( न लुकेका कुराहरु ) बारे थाहा राख्ने प्रभु ! आकास तथा धर्तीलाई उत्पन्न गर्ने स्वामी , सबै थोक तथा सबै कुराहरु को प्रतिपालक तथा मालिक् ! म गवाही दिन्छु कि तपाईं बाहेक कोही पनि पूजनीय छैन , म तिम्रो शरण पर्दछु आफ्नो मन को उपद्रो तथा षडयन्त्र बाट तथा शैतानको उपद्रो , षडयन्त्र र उसको साझेदारी बाट , तथा यस कुरा बाट पनि तपाईं को शरण खोज्दछु कि म आफ्नो प्राण बारे दुरविचार गरुँ अथवा कुनै अरु मुस्लिम बारे दुरविचार गरुँ ।

( त्रिमिज़ी , अबू दाऊद तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१४२ )

٨٦- (( بِسْمِ اللهِ الَّذِيْ لاَ يَضُرُّ مَعَ اسْمِهِ شَيْءٌ فِيْ الأَرْضِ وَلاَ فِيْ السَّمَاءِ وَهُوَ السَّمِيْعُ الْعَلِيْمِ ))

८६. उस अल्लाह को नाम सित जसको नाउँको साथ धरती तथा आकासमा कुनै थोक पनि हानि पुऱ्याउन् सक्दैन तथा उही सुन्ने तथा जान्ने वाला छ ।

( अबू दाऊद ४/३२३ , त्रिमिज़ ५ / ४६५ तथा हेर्नुस् सही इब्ने माजा २/३३२ )[8]

---

[8] जुन मानिस यो दुआलाई बिहानी तीन पटक र बेलुकी तीन पटक पढ्दै गरोस् भने यस्तो मानिसलाई कोही पनि हानी पुऱ्याउन् सक्दैन । ( सही इब्ने

٨٧- (( رَضِيْتُ بِاللّٰهِ رَبّاً ، وَبِالْإِسْلَامِ دِيْناً ، وَبِمُحَمَّدٍ ﷺ نَبِيّاً ))

८७. म अल्लाहलाई प्रभु मानेर तथा इस्लामलाई धर्म मानेर तथा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम्लाई सन्देशवाहक् मानेर राजी छु । ( त्रिमिजी ५/४६५ )[9]

٨٨- (( يَا حَيُّ يَا قَيُّوْمُ بِرَحْمَتِكَ أَسْتَغِيْثُ أَصْلِحْ لِيْ شَأْنِيْ كُلَّهُ وَلَا تَكِلْنِيْ إِلَى نَفْسِيْ طَرْفَةَ عَيْنٍ ))

८८. हे सधैं का लागि अमर रही रहने ! सबै लाई जीवन प्रदान गर्ने र सुरक्षित राख्ने प्रभु ! म तिम्रो दया र कृपा को माध्यमले उजुर गर्दछु तथा विनती चढाउँछु कि मेरो सम्पूर्ण कुराहरुलाई ठीक पारी दिनुहोस् र आँखा झिम्काउने बराबर अर्थात एक छिन् बराबर पनि मलाई मेरो प्राण तथा मन् को अधीनमा न गर्नुस् ।
( इमाम हाकिम्ले उक्त हदीस लाई ठीक भने को छ तथा इमाम ज़हबीले यस को पुष्टि गर्नु भएका छन् । १/५४५ सहीह तरग़ीब व तरहीब १/२७३ )

---

माजा २/३३२ तथा शैख इब्ने बाज रहिमहुल्लाहले यो हदीसलाई राम्रो भन्नु भएको छ । हेर्नुस् उनीको किताब तुह्फतुल् अख्यार पृष्ठ ३९ )

[9] जुन मानिस यो दुआलाई बिहानी पख्मा तीन पटक तथा बेलुकी तीन पटक पढदै गरोस् भने अल्लाह तआला यस्तो मानिस सित प्रलयको दिनमा राजी तथा प्रसन्न हुनेछन् । ( मुस्नद् अहमद् ४/३३७ , अबू दाऊद ४/ ४१८ ) त्रिमिजी ५/४६५ तथा इब्ने बाज रहिमहुल्लाहले यो हदीसलाई आफनो किताब तुह्फतुल् अख्यारमा राम्रो भन्नु भएको छ । पृष्ठ ३९ )



٨٩- (( أَصْبَحْنَا وَأَصْبَحَ الْمُلْكُ لِلّٰهِ رَبِّ الْعَالَمِيْنَ ، اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ خَيْرَ هٰذَا الْيَوْمِ ، فَتْحَهُ ، وَنَصْرَهُ وَنُوْرَهُ ، وَبَرَكَتَهُ ، وَهُدَاهُ ، وَأَعُوْذُبِكَ مِنْ شَرِّ مَا فِيْهِ وَ شَرِّ مَا بَعْدَهُ ))

८९. हामीले बिहानी गऱ्यौं तथा अल्लाह रब्बुल् आलमीनको मुलुकले पनि बिहानि गऱ्यो ।[10] हे अल्लाह ! म तपाईं सित यस दिन को भलाई[11] (पुण्य) र यसको पराजय , मद्दत , प्रकाश व कल्याण , वरदान तथा यसको मार्गदर्शन माँग्दछु । तथा यस दिनको पाप र नराम्रो कुरा बाट , र यस दिनको पछाडि आउने दिनको पाप तथा नराम्रो कुरा बाट तिम्रो शरण पर्दछु । ( अबू दाऊद ४/३२२ यो हदीस राम्रो छ , हेर्नुस् जादुल् मआद २/२७३ )

٩٠- (( أَصْبَحْنَا عَلَى فِطْرَةِ الْإِسْلَامِ ، وَعَلَى كَلِمَةِ الْإِخْلَاصِ وَعَلَى دِيْنِ نَبِيِّنَا مُحَمَّدٍ ، صَلَّى اللّٰهُ عَلَيْهِ وَسَلَّمَ وَعَلَى مِلَّةِ أَبِيْنَا إِبْرَاهِيْمَ حَنِيْفاً مُسْلِماً وَمَا كَانَ مِنَ الْمُشْرِكِيْنَ ))

---

[10] तथा बेलुकीमा यो भनोस् : (( أَمْسَيْنَا وَأَمْسَى الْمُلْكُ لِلّٰهِ رَبِّ الْعَالَمِيْنَ ))

[11] तथा बेलुकीमा यो भनोस् :
(( اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ خَيْرَ هٰذِهِ اللَّيْلَةِ فَتْحَهَا ، وَنَصْرَهَا وَنُوْرَهَا ، وَبَرَكَتَهَا وَهُدَاهَا ، وَأَعُوْذُ بِكَ مِنْ شَرِّ مَا فِيْهَا وَشَرِّ مَا بَعْدَهَا ))

९०. हामीले प्राकृतिक् धर्म इस्लाम [12] र कलिमए इख्लास ( अर्थात लाइलाहा इल्लल्लाहु मुहम्मदर्रसू लुल्लाह ) तथा आफनो सन्देशवाहक मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम् को धर्म इस्लाम र आफनो बाबु इब्राहीम को पथ्मा बिहानी गर्‍यौं , जुन मात्र अल्लाह तिर एकाग्रचित तथा मुस्लिम् थिए , र उनी बहुदेववादीहरु मध्ये थिएन । ( अह्मद् ३/४०६ , ४०७ र सहीहुल् जामिअ् ४/२०९ )

-٩١ (( سُبْحَانَ اللهِ وَبِحَمْدِهِ ))

९१ . म अल्लाहको प्रशंसाको साथ–साथ उसको पवित्रता बयान गर्दछु ।

नोट : जुन मानिस उक्त दुआलाई एक सय पटक बिहानी पख्मा र एक सय पटक बेलुकी पख्मा पढनेछ , प्रलयको दिनमा कोही मानिस पनि उसको कर्म वा पुणय भन्दा पुण्य वा कर्म लिएर आउनेछैन , यदि कोही उसको बराबर या त्यो भन्दा अधिक पटक भनोस् भने यस्तो मानिस उ भन्दा राम्रो हुन् सक्दछ । ( मुस्लिम ४/२०७९ )

-٩٢ (( لاإِلَـهَ إِلاَّ اللهُ وَحْدَهُ لاشَرِيْكَ لَـهُ ، لَـهُ الْمُلْكُ وَلَـهُ الْحَمْدُ ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ))

---

12 बेलुकी पख्मा भनोस् :(( أَمْسَيْنَا عَلَى فِطْرَةِ الإِسْلاَمِ )) हामीले इस्लाम धर्मको प्राकृतिक् नियमानुसार बेलुकी गर्‍यौं ।



९२. अल्लाह बाहेक कोही पनि पूजने योग्य छैन , उ एक्लो छ , उसको कोही पनि साझेदार छैन , उसै का लागि राज्य छ , तथा उसै का लागि सबै प्रकार का प्रशंसाहरु छन् , तथा उ सबै थोकहरु माथि सर्वशक्तिमान छ । ( उक्त दुआलाई दस पटक पढनु उचित छ थाकेको अवस्थामा एक पटक पनि प्रयाप्त छ ) ( सहीह तरग़ीब व तरहीब १/२७२ तथा तुहफतुल् अख़्यार पृष्ठ ४४ , अबू दाऊद ४/ ३१९ , इब्ने माजा तथा मुस्नद् अह़्मद् ४/६० हेर्नुस् सहीह अबूदाऊद ३/९५७ तथा सहीह इब्ने माजा २/३३१ तथा ज़ादुल् मआद २/३७७ )

-٩٣ (( لاإِلَـهَ إِلاَّ اللهُ وَحْدَهُ لاشَرِيْكَ لَـهُ ، لَـهُ الْمُلْكُ وَلَـهُ الْحَمْدُ ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ))

९३.अल्लाह बाहेक कोही पनि पूजने योग्य छैन , उ एक्लो छ , उसको कोही पनि साझेदार छैन , उसै का लागि राज्य छ , तथा उसै का लागि सबै प्रकार का प्रशंसाहरु छन् , तथा उ सबै थोकहरु माथि सर्वशक्तिमान छ ।

रसूलुल्लाह ﷺ ले भन्नु भयो : जुन् मानिस बिहानी पख्मा यो दुआलाई एक सय पटक् (१००) पढनेछ भने उसलाई दस वटा दासलाई स्वतन्त्र गर्नको पुण्य मिल्नेछ तथा उस बाट एक सय पापलाई क्षमा गरी दिइनेछ तथा एक सय जति पुण्य उसको कर्मपत्रमा लेखिने छ । तथा यो दुआको बरकत् तथा माध्यमले त्यस दिन बिहानी देखि बेलुकी

सम्म शैतानको षड़यन्त्र बाट सुरक्षित रहनेछ , तथा कोही मानिस त्यो भन्दा बेश कर्म वा पुण्य प्रलयको दिनमा ल्याउन् सक्दैन , तर यदि कोही मानिस त्यो भन्दा अधिक पटक पढोस् भने उ त्यो भन्दा बेश हुन् सक्दछ ।
( बुख़ारी ४/९५ तथा मुस्लिम ४/२०७१ )

٩٤- (( سُبْحَانَ اللهِ وَبِحَمْدِهِ ، عَدَدَ خَلْقِهِ ، وَرِضَا نَفْسِهِ ، وَزِنَةَ عَرْشِهِ ، وَمِدَادَ كَلِمَاتِهِ )) बिहानी पखमा तीन चोटि पढोस् ।

९४. अल्लाह पवित्र हुनु हुन्छ , तथा उसै का लागि विभिन्न प्रकार का प्रशंसाहरु छन् , उसका सृष्टिहरुको तादातको बराबर , तथा उसको आफ्नो इच्छानुसार , तथा उसको सिँहासन्को तौल को बराबर , तथा उसको कलिमात ( अर्थात अल्लाहको ज्ञान , विद्या तथा गुण – विशेषताहरु ) लाई लेखिने मसीको बराबर ।
( मुस्लिम ४/२०९० )

٩٥- (( اَللّٰهُمَّ إِنِّي أَسْأَلُكَ عِلْماً نَافِعاً ، وَرِزْقاً طَيِّباً ، وَعَمَلاً مُتَقَبَّلاً ))

९५. हे अल्लाह ! म तपाईं सित लाभ दिने ज्ञान तथा विद्या तथा पवित्र जीविका र स्वीकार हुने कर्म बारे सवाल गर्दछु । ( इब्ने माजा ९२५ , यो दुआ़लाई बिहानी पख्मा पढो्स् )

प्रति दिन १०० चोटि (( أَسْتَغْفِرُ اللهَ وَأَتُوبُ إِلَيْهِ )) - ٩٦



९६. म अल्लाह सित क्षमा माग्दछु तथा उसै सित क्षमा याचना गर्दछु ।
( बुख़ारी फ़त्हुल् बारी को साथमा ११/१०१ )

٩٧- (( أَعُوذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِنْ شَرِّ مَا خَلَقَ ))

बेलुकी पख्मा तीन चोटी पढने ।

९७. म अल्लाहका सम्पूर्ण कलिमात अर्थात ज्ञान , विद्या तथा गुण विशेषताको माध्यमले ती सबै कुराहरु को उपद्रव तथा षडयन्त्र बाट शरण चाहन्छु , जुन लाई उसले उत्पन्न गरेको छ ।

नोट: जुन मानिस उक्त दुआ़लाई बेलुकी तीन चोटि पढदै गरोस् भने उसलाई विषालु जनावर अर्थात साँप बिछियूँले टोकनु बाट केही हानी नोकसानी गर्न सक्तैन ।
( अह़मद् २/२९० हेर्नुस् सहीह त्रिमिज़ी ३/१८७ तथा इब्ने माजा २/२६६ )

٩٨- (( اَللّٰهُمَّ صَلِّ وَسَلِّمْ عَلَى نَبِيِّنَا مُحَمَّدٍ ))

९८ . हे अल्लाह ! हाम्रो नबी (सन्देशवाहक) ﷺ माथि दया , कृपा तथा कल्यान गर , अनि उहाँ लाई शुभ शान्ति देऊ ।

नोट: उक्त दुआ़लाई दस चोटि पढनु झन् राम्रो छ ।

(( أَللّٰهُمَّ صَلِّ عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا صَلَّيْتَ عَلَى إِبْرَاهِيْمَ وَعَلَى آلِ إِبْرَاهِيْمَ إِنَّكَ حَمِيْدٌ مَجِيْدٌ ، أَللّٰهُمَّ بَارِكْ

عَلَى مُحَمَّدٍ وَعَلَى آلِ مُحَمَّدٍ كَمَا بَارَكْتَ عَلَى إِبْرَاهِيمَ ،
وَعَلَى آلِ إِبْرَاهِيمَ إِنَّكَ حَمِيدٌ مَجِيدٌ ))

हे अल्लाह ! दया , कृपा तथा शान्ति अवतरित गर मुहम्मद् ﷺ माथि तथा मुहम्मद ﷺ का सन्तान र परिवार माथि जस्तो कि तपाईंले दया , कृपा अवतरित गर्नु भयो सन्देशवाहक इब्राहीम माथि तथा इब्राहीम का सन्तान माथि । निस्सन्देह तपाईं प्रशंसा योग्य तथा महान हुनु हुन्छ । हे अल्लाह ! कल्याण र बरकत् अवतरित् गर मुहम्मद ﷺ माथि तथा मुहम्मद ﷺ का सन्तान माथि जस्तो कि तपाईंले कल्याण र बरकत् अवतरित् गर्नु भयो सन्देशवाहक इब्राहीम माथि तथा इब्राहीमका सन्तान माथि निस्सन्देह तपाईं प्रशंसा योग्य तथा महान हुनु हुन्छ ।

रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि जुन मानिस बेलुकी पख्मा दस पटक म माथि दरुद व सलाम पढोस् भने उसलाई प्रलयको दिनमा मेरो सिफारिस् उसलाई अवश्य प्राप्त हुनेछ । ( सहीह् तरग़ीब व तरहीब १/२७३ तथा मज्मउज्ज़वाइद् १०/१२० )

नोट : ( तर सर्त यो छ कि रसूलुल्लाह ﷺ माथि दरुद व सलाम पढने मानिस मोवह्हिद् होस् । अर्थात शिर्क व बिद्अ़त् न गरेको होस् । )



## २८ – सुत्ने बेलाका दुआहरु

٩٩— بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ ﴿ قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ﴿١﴾ ٱللَّهُ ٱلصَّمَدُ
﴿٢﴾ لَمْ يَلِدْ وَلَمْ يُولَدْ ﴿٣﴾ وَلَمْ يَكُن لَّهُۥ كُفُوًا أَحَدٌۢ ﴿٤﴾ ﴾ (الإخلاص ١-٤)
بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ ﴿ قُلْ أَعُوذُ بِرَبِّ ٱلْفَلَقِ ﴿١﴾ مِن شَرِّ مَا خَلَقَ ﴿٢﴾
وَمِن شَرِّ غَاسِقٍ إِذَا وَقَبَ ﴿٣﴾ وَمِن شَرِّ ٱلنَّفَّٰثَٰتِ فِى ٱلْعُقَدِ ﴿٤﴾ وَمِن شَرِّ
حَاسِدٍ إِذَا حَسَدَ ﴿٥﴾ ﴾ (الفلق ١-٥)
بِسْمِ اللهِ الرَّحْمَنِ الرَّحِيمِ ﴿ قُلْ أَعُوذُ بِرَبِّ ٱلنَّاسِ ﴿١﴾ مَلِكِ ٱلنَّاسِ ﴿٢﴾ إِلَٰهِ
ٱلنَّاسِ ﴿٣﴾ مِن شَرِّ ٱلْوَسْوَاسِ ٱلْخَنَّاسِ ﴿٤﴾ ٱلَّذِى يُوَسْوِسُ فِى صُدُورِ ٱلنَّاسِ ﴿٥﴾
مِنَ ٱلْجِنَّةِ وَٱلنَّاسِ ﴿٦﴾ ﴾ (الناس ١-٦)

९९. ✿ हे नबी ! भनी देऊ कि अल्लाह एक्लो हुनुहुन्छ , अल्लाह कसैको अधीनमा छैन बरु सबै उसको अधीनमा छन् अर्थात उहाँ स्वच्छन्द हुनुहुन्छ । उहाँ बाट कोही जन्म लिएको छैन । ( अर्थात उसको कोही सन्तान , छोरा छोरी छैनन् । ) न त उहाँलाई कसैले जन्माएको हो । (

अर्थात उहाँको कोही आमा बाबु छैनन् । ) तथा उहाँको बराबरमा कोही पनि छैन ।

❁ तपाईं भनी दिनुस् कि म बिहानी पख् को प्रभु को शरण् पर्दछु । ती सबै कुराहरुको षडयन्त्र तथा नराम्रोपना बाट जुनलाई उसले उत्पन्न गरेको छ । तथा अन्योलो रात्री को षडयन्त्र तथा नराम्रोपना बाट जब उसको अधंकार फैलियोस् । तथा गाँठो लगाएर त्यसमा फुक्ने आईमाईहरुको दुषक्रम बाट । ( अर्थात जादूगर्नीहरुको षडयन्त्र बाट ) तथा ईर्षा गर्ने मानिसको दुषक्रम बाट जब उ ईर्षा गरोस् ।

❁ हे सन्देशवाहक ! तपाईं भनी दिनुस् कि म मानिसहरु को प्रभु को शरणमा आउँदछु । मानवको राजा को मानव को ईशवरको शरण पर्छु , शंका हालने र शंका हाले पछि पछाडि सरने को दुषक्रम तथा षडयन्त्र बाट जब उ मानिसहरुका छातीहरुमा ( अर्थात मुटुमा ) शंका हाल्दछ चाहिँ त्यो जिन्नहरु मध्ये होस् अथवा मानव मध्ये ।

١٠٠- أَعُوْذُ بِاللهِ مِنَ الشَّيْطَانِ الرَّجِيْمِ ﴿ ٱللَّهُ لَآ إِلَٰهَ إِلَّا هُوَ ٱلْحَىُّ ٱلْقَيُّومُ ۚ لَا تَأْخُذُهُۥ سِنَةٌ وَلَا نَوْمٌ ۚ لَّهُۥ مَا فِى ٱلسَّمَٰوَٰتِ وَمَا فِى ٱلْأَرْضِ ۗ مَن ذَا ٱلَّذِى يَشْفَعُ عِندَهُۥٓ إِلَّا بِإِذْنِهِۦ ۚ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ ۖ وَلَا يُحِيطُونَ بِشَىْءٍ



مِّنْ عِلْمِهِۦٓ إِلَّا بِمَا شَآءَ ۚ وَسِعَ كُرْسِيُّهُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ ۖ وَلَا يَـُٔودُهُۥ حِفْظُهُمَا ۚ وَهُوَ ٱلْعَلِىُّ ٱلْعَظِيمُ ﴿٢٥٥﴾ ﴾ (البقرة ٢٥٥)

१०० . अल्लाह बाहेक कोही पूजनीय छैन , उ सधैं जिवित रही रहने ( अर्थात अमर तथा चिरञ्जीवी छ ) र सबै थोकलाई पालन पोषण गर्ने वाला छ । उसलाई न ऊँघ आउँछ न निद्रा । आकास तथा पृथ्वी का सबै थोकहरु उसैका हुन् । को छ जुन अल्लाह समक्ष कसैको सिफारिस् उसको इजाजत् बिना गरोस् । उसलाई थाहा छ जुन मान्छेहरुको अगाडि छ र जुन उनीहरुको पछाडि छ । मान्छेहरु अल्लाहको ज्ञान बाट केही प्राप्त गर्न सक्दैनन् तर जुन सुकै आँफै अल्लाहले तिनलाई प्रदान गरी दिओस् मात्र त्यसै बारे थाहा छ । उसको कुर्सीले आकास तथा धर्तीलाई ओगटेको छ । आकास तथा धर्तीको निरिक्षण गर्नाले उ थाक्न सक्दैन । उ अत्यन्त महान तथा सर्वशक्तिमान छ ।

रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि मानिस जब सुत्न का लागि बिछ्यौना माथि आओस् तथा आयतल् कुर्सी पढोस् भने अल्लाहको तरफ बाट उसको निम्ति निरिक्षक नियुक्त गरी दिइन्छ तथा बिहानी सम्म उसको नजिक शैतान आउन् सक्दैन । ( बुख़ारी फ़त्ह को साथमा ४/४८७ )

١٠١- ﴿ ءَامَنَ ٱلرَّسُولُ بِمَآ أُنزِلَ إِلَيۡهِ مِن رَّبِّهِۦ وَٱلۡمُؤۡمِنُونَۚ كُلٌّ ءَامَنَ
بِٱللَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَكُتُبِهِۦ وَرُسُلِهِۦ لَا نُفَرِّقُ بَيۡنَ أَحَدٖ مِّن رُّسُلِهِۦۚ وَقَالُواْ
سَمِعۡنَا وَأَطَعۡنَاۖ غُفۡرَانَكَ رَبَّنَا وَإِلَيۡكَ ٱلۡمَصِيرُ ٢٨٥ لَا يُكَلِّفُ ٱللَّهُ نَفۡسًا إِلَّا
وُسۡعَهَاۚ لَهَا مَا كَسَبَتۡ وَعَلَيۡهَا مَا ٱكۡتَسَبَتۡۗ رَبَّنَا لَا تُؤَاخِذۡنَآ إِن نَّسِينَآ أَوۡ
أَخۡطَأۡنَاۚ رَبَّنَا وَلَا تَحۡمِلۡ عَلَيۡنَآ إِصۡرٗا كَمَا حَمَلۡتَهُۥ عَلَى ٱلَّذِينَ مِن قَبۡلِنَاۚ
رَبَّنَا وَلَا تُحَمِّلۡنَا مَا لَا طَاقَةَ لَنَا بِهِۦۖ وَٱعۡفُ عَنَّا وَٱغۡفِرۡ لَنَا وَٱرۡحَمۡنَآۚ أَنتَ
مَوۡلَىٰنَا فَٱنصُرۡنَا عَلَى ٱلۡقَوۡمِ ٱلۡكَٰفِرِينَ ٢٨٦ ﴾ (البقرة ٢٨٥-٢٨٦)

१०१. रसूलले त्यस कुरामा विश्वास राखे जुन उहाँ तिर अल्लाहको तरफ् बाट अवतरित गरियो तथा सबै मुसलमानहरु पनि ती कुराहरुलाई पतियाए । यिनीहरु अल्लाह तथा उसका फरिश्ताहरु माथि , उसका किताबहरु ( ईश्वरीय ग्रन्थ ) माथि तथा उसका रसूलहरु माथि ईमान ल्याए , उसका रसूलहरु मध्ये कुनै को बीचमा हामी मत्भेद गर्दैनौं , उनीहरुले भन्नु भएको कुरा तथा उपदेश हामीले सुन्यौं तथा हामीले अनुसरण गऱ्यौं , हामी तपाईं सित क्षमायाचना गर्दछौं । हे हाम्रो प्रभु ! तथा हामीहरु तिम्रै तिर फर्कनेछौं , अल्लाह कुनै पनि मानिस माथि उसको सामर्थ्य तथा क्षमता भन्दा अधिक कार्यभार (



बोझ ) हाल्दैन , जुन पुण्य मानिसले गरोस् त्यो उसैका लागि हो तथा जुन पाप उ गरोस् त्यो उसै माथि छ । हे हाम्रो प्रभु ! हामीले जुन कुरा बिर्सेर तथा गल्ती सित गरेका छौं त्यसमा हामीलाई न सजाय दिनुस् । हे हाम्रो रब् ! हामी माथि त्यस्तो भार (बोझ) न हाल्नुस जस्तो कि हामीहरु भन्दा अगाडि का मानिसहरु माथि हाल्नु भयौ । हे हाम्रो प्रभु ! हामीहरु माथि त्यस्तो भारी (बोझ) न हाल्नुस् जुन हाम्रो क्षमता बाट बाहिर होस् । तथा हामी लाई क्षमा गर्नुहोस् तथा हामीलाई माफ गर्नुस् , हामीलाई मोक्ष प्रदान गर्नुस् तथा हामी माथि दया गर्नुस् , तपाईं नै हाम्रो मालिक हुनु हुन्छ , हामीलाई काफिर समुदाय माथि विजय प्रदान गर्नुहोस् ।

नोट : जुन मानिसले उक्त दुबै आयत्हरु (श्लोकहरु) पढदै गरोस् भने उस का लागि यो प्रयाप्त छ ।
( फत्हुल् बारी ९/९४ तथा मुस्लिम १/५५४ )

١٠٢- (( بِاسْمِكَ رَبِّيْ وَضَعْتُ جَنْبِيْ وَبِكَ أَرْفَعُهُ فَإِنْ أَمْسَكْتَ نَفْسِيْ فَارْحَمْهَا وَإِنْ أَرْسَلْتَهَا فَاحْفَظْهَا بِمَا تَحْفَظُ بِهِ عِبَادَكَ الصَّالِحِيْنَ ))

१०२. तिम्रै नाम सित [13] है मेरो पालनकर्ता , मैले आफ्नो करङ ( करवट् )राखें र तिम्रै नाम सित यसलाई उठाउनेछु । यसले गर्दा यदि तिमी मेरो प्राण रोकि लेऊ भने उस माथि दया तथा कृपा गर , तथा यदि उसलाई छाडि देऊ भने तिमी उसको सुरक्षा गर जस्तो कि तिमी आफ्ना असल् भक्तहरु को सुरक्षा गदर्छौ । (बुख़ारी ११/१२६ तथा मुस्लिम ४/२०८४ )

١٠٣- (( اَللّٰهُمَّ إِنَّكَ خَلَقْتَ نَفْسِي وَأَنْتَ تَوَفَّاهَا لَكَ مَمَاتُهَا وَمَحْيَاهَا إِنْ أَحْيَيْتَهَا فَاحْفَظْهَا ، وَإِنْ أَمَتَّهَا فَاغْفِرْ لَهَا . اَللّٰهُمَّ إِنِّي أَسْأَلُكَ الْعَافِيَةَ ))

१०३. हे अल्लाह ! तपाईंले नै मोरो प्राणलाई पैदा गर्नु भयौ तथा तपाईंले नै उसलाई मृत्यु दिनेछौ , तिम्रै हातमा उसको जीवन तथा मृत्यु छ , यदि तपाईंले यसलाई जिउँदो राख्नु हुन्छ भने यसको सुरक्षा गर्नुस् तथा यदि यसलाई मृत्यु दिनु हुन्छ भने यसलाई क्षमा गरी दिनुस् । हे अल्लाह ! म तपाईं सित आ़फियत् अर्थात नरक बाट मुक्ति तथा धन , माल र ज्यान को सुरक्षा माग्दछु ।

13 रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम को भनाई छ : (( जब तिमीहरु मध्ये कोही मानिस आफ्नो ओछ्योना बाट उठोस् र फेरि अर्को पटक त्यस माथि बस्ने वा सुत्ने बिचार गरोस् भने ओछ्योनालाई तीन पटक् झाडने गरोस् र बिस्मिल्लाह भनोस् , के थाहा छ कि ओछ्यौना बाट पर सरे पछि कुनै जनावर वा हानिकारक् कुरा त्यस माथि आई पुग्यो । तथा जब बिछ्यौनामा सुत्ने गरोस् भने यो दुआ़ पढोस् ...... ))



( मुस्लिम ४/२०८३ , अहमद् का शब्दहरु छन् २/७९ )

١٠٤- (( اَللّٰهُمَّ قِنِي عَذَابَكَ يَوْمَ تَبْعَثُ عِبَادَكَ ))

१०४. हे अल्लाह ! मलाई त्यस दिनको सजाय बाट बचाऊ , जस दिनमा तिमी आफ्ना सृष्टिहरुलाई पुनर्जिवित गर्नेछौ ।(अबू दाऊद४/३११ तथा हेर्नुस् सहीह त्रिमिज़ी३/१४३)

١٠٥- (( بِاسْمِكَ اَللّٰهُمَّ أَمُوتُ وَأَحْيَا ))

१०५. हे अल्लाह ! म तिम्रै नाउँ लिएर सुत्दछु र निद्रा बाट उठदछु । ( बुख़ारी ११/११३ तथा मुस्लिम ४/२०८३ )

١٠٦- (( سُبْحَانَ اللهِ ३३पटक् وَالْحَمْدُ لِلّٰهِ ३३ पटक् وَ اللهُ أَكْبَرُ ३४ पटक् ))

१०६. अल्लाह पवित्र छ तथा सबै प्रकार का प्रशंसाहरु मात्र अल्लाह का लागि छन् तथा अल्लाह सबै भन्दा उच्च , ठूलो र महान छ ।

नोट: रसूलुल्लाह ﷺ ले हजरत् अ़ली र हजरत् फ़ातिमा रजियल्लाहु अन्हुमा सित भन्नु भयो : के म तिमी दुबैलाई यस्तो कुरा न बताऊँ जुन तिमी दुबै का लागि नोकर तथा दास भन्दा बेश होस् ? जब तिमी आफ्नो बिछ्यौनामा जाऊ भने ३३ पटक सुब्हानल्लाह भनौ र ३३ पटक अल्हम्दु लिल्लाह भनौ र ३४ पटक अल्लाहु अक्बर भनौ यो तिमीहरु का लागि नोकर भन्दा राम्रो छ ।
( बुख़ारी ७/७१ , मुस्लिम ४/२०९१ )

١٠٧- (( اَللّٰهُمَّ رَبَّ السَّمَاوَاتِ السَّبْعِ ، وَرَبَّ الْعَرْشِ الْعَظِيْمِ ، رَبَّنَا وَرَبَّ كُلِّ شَيْءٍ ، فَالِقَ الْحَبِّ وَالنَّوَى ، وَمُنْزِلَ التَّوْرَاةِ وَالْإِنْجِيْلِ ، وَالْفُرْقَانَ ، أَعُوْذُ بِكَ مِنْ شَرِّ كُلِّ شَيْءٍ أَنْتَ آخِذٌ بِنَاصِيَتِهِ . اَللّٰهُمَّ أَنْتَ الأَوَّلُ فَلَيْسَ قَبْلَكَ شَيْءٌ ، وَأَنْتَ الآخِرُ فَلَيْسَ بَعْدَكَ شَيْءٌ ، وَأَنْتَ الظَّاهِرُ فَلَيْسَ فَوْقَكَ شَيْءٌ ، وَأَنْتَ الْبَاطِنُ فَلَيْسَ دُوْنَكَ شَيْءٌ اقْضِ عَنَّا الدَّيْنَ وَأَغْنِنَا مِنَ الْفَقْرِ ))

१०७ . हे अल्लाह ! हे सातौं वटा आकासहरु को प्रभु तथा विशाल सिहाँसन को मालिक ! हे हामीहरु तथा सबै थोकहरु को प्रतिपालक ! दाना , गेडा तथा खजुर भित्र रहेका गेडा लाई च्यातने वाला । तौरात , इन्जील तथा फ़ुरक़ान ( अर्थात क़ुरआन ) अवतरित् गर्ने , म ती सबै थोकहरु को उपद्रो तथा षडयन्त्र बाट तिम्रो शरण चाहन्छु जुन को निधारलाई तिमीले समात्नु भएका छौ । हे अल्लाह ! तपाईं नै सबै भन्दा अघि हुनु हुन्छ अनि तपाईं भन्दा अघि कोही पनि छैन , तथा तपाईं नै सबै भन्दा पछि रही रहनु हुनु हुन्छ , अनि तपाईं पछि कोही थोक रही रहने छैन । तपाईं नै सबै भन्दा सर्वोच्च तथा माथि हुनु हुन्छ अनि तपाईं भन्दा माथि कोही पनि छैन । तपाईं यस्तो लुकेका हुनु हुन्छ कि तपाईं भन्दा लुकेको कोही पनि थोक छैन । हाम्रो ऋणलाई फर्चौट तथा चुकता गरी



दिनुस् , तथा हामीलाई गरिबी र निर्धन्ता को सट्टामा धनवान तथा मालदार गरी देऊ । ( मुस्लिम ४/२०८४ )

١٠٨- (( أَلْحَمْدُ لِلّٰهِ الَّذِيْ أَطْعَمَنَا ، وَسَقَانَا، وَكَفَانَا ، وَآوَانَا ، فَكَمْ مِمَّنْ لَاكَافِيَ لَهُ وَلَامُؤْوِيَ ))

१०८. सबै किसिमको प्रशंसा मात्र अल्लाह का लागि छ , जसले हामीलाई खाना र पानी खुवायो तथा हामी लाई प्रयाप्त मात्रामा प्रदान गऱ्यो तथा हामी लाई निवास अर्थात बस्ने कोठा र घर दियो , तर कति मानिसहरु यस्ता छन् कि उनलाई कोही पनि सहायता प्रदान गर्नेवाला छैन र न त निवास तथा शरण दिनेवाला छ ।
( मुस्लिम ४/२०८५

١٠٩- (( اَللّٰهُمَّ عَالِمَ الْغَيْبِ وَالشَّهَادَةِ فَاطِرَ السَّمَاوَاتِ وَالأَرْضِ رَبَّ كُلِّ شَيْءٍ وَمَلِيْكَهُ أَشْهَدُ أَنْ لَا إِلٰهَ إِلَّا أَنْتَ أَعُوْذُ بِكَ مِنْ شَرِّ نَفْسِيْ وَمِنْ شَرِّ الشَّيْطَانِ وَشِرْكِهِ وَأَنْ اَقْتَرِفَ عَلَى نَفْسِيْ سُوْءاً أَوْ أَجُرَّهُ إِلَى مُسْلِمٍ ))

१०९. हे अल्लाह ! हे परोक्ष तथा प्रत्यक्ष दुबै कुराहरु बारे थाहा राखने , धरती तथा आकासहरुलाई उत्पन्न गर्ने , सबै थोकहरु को प्रतिपालक तथा मालिक ! म गवाही दिन्छु कि तपाईं बाहेक कोही पनि पूजनीय छैन , म तिम्रै शरण पर्दछु , आफ्नो मन को षडयन्त्र बाट तथा शैतान

को षडयन्त्र बाट तथा उसको भागीदारी बाट तथा यो कुरा बाट पनि कि म आँफै आफू बारे कोही दुरविचार गरुँ अथवा कुनै अन्य मुस्लिम बारे दुरविचार गरुँ ।
(अबू दाऊद ४/३१७ तथा हेर्नुस् सहीह् त्रिमिज़ी ३/१४२ )

١١٠- (( يَقْرَأُ ﴿ألم﴾ تَنْزِيلَ السَّجْدَةِ وَتَبَارَكَ الَّذِيْ بِيَدِهِ الْمُلْكُ ))

११०. रसूलुल्लाह ﷺ त्यस बेला सम्म सुत्दैन्थे जब सम्म कि उहाँले सूरा सजदा ( अलिफ् लाम तन्ज़ील सजदा ) तथा सूरा मुल्क ( तबारकल्लज़ी बियदिहिल् मुल्क ) न पढ्न ।
( त्रिमिज़ी , नसाई तथा हेर्नुस् सहीहुल् जामिअ् ४/२५५ )

١١١- ((اَللَّهُمَّ أَسْلَمْتُ نَفْسِيْ إِلَيْكَ ، وَفَوَّضْتُ أَمْرِيْ إِلَيْكَ ، وَوَجَّهْتُ وَجْهِيَ إِلَيْكَ ، وَأَلْجَأْتُ ظَهْرِيْ إِلَيْكَ ، رَغْبَةً وَرَهْبَةً إِلَيْكَ ، لاَمَلْجَأَ وَلاَ مَنْجَأَ مِنْكَ إِلاَّ إِلَيْكَ ، آمَنْتُ بِكِتَابِكَ الَّذِيْ أَنْزَلْتَ وَبِنَبِيِّكَ الَّذِيْ أَرْسَلْتَ ))

१११. [14] हे अल्लाह ! मैले आफ्नो प्राणलाई तिम्रै लागि समर्पित गरि दिएँ र आफ्नो कुरालाई तिम्रो जिम्मामा गरि

[14] रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम्ले भन्नु भयो : (( जब तिमि सुत्ने बिचार गरौ भने सलात (नमाज़) जस्तो वुजू गर्ने गर फेरि दायाँ करङमा सुतेर यो दुआ पढ । ))



दिएँ तथा आफ्नो अनुहार तिम्रै तिर गरें र आफ्नो पिठिचूँ लाई तिम्रै लागि घोप्टें , तिम्रै तिर इच्छा गर्दागर्दै तथा तपाईं बाट तर्स्दै । तपाईं दरबार बाहेक न कोही शरण लिने ठाउँ छ न त भागेर लुकाउने । मैले विश्वास राखें तिम्रो किताब माथि जुन तिमीले अवतरित् गर्नु भयो तथा तिम्रो उस नबी माथि जुनलाई तिमीले पठाउनु भयो ।
( बुख़ारी फत्हुल् बारी को साथमा ११/११३ तथा मुस्लिम ४/२०८१ यस दुआलाई पढने मानिस बारे रसूलुल्लाह ﷺ ले भन्नु भयो " यदि तिम्रो मृत्यु हुन्छ भने तिम्रो मृत्यु प्राकृति अर्थात इस्लाम धर्ममा हुनेछ । "

## २९– रात्रिमा सुत्दा खेरि करङ बदलिने बेलाको दुआ

हजरत आइशा रज़ि अल्लाहा अन्हा भन्छिन् कि रसूलुल्लाह ﷺ रात्रिमा सुत्दा खेरि जब करङ बदलन्थे भने यो दुआ पढथे ।

١١٢- (( لاَ إِلَهَ إِلاَّ اللهُ الْوَاحِدُ الْقَهَّارُ رَبُّ السَّمَاوَاتِ وَرَبُّ الأَرْضِ وَمَا بَيْنَهُمَا الْعَزِيْزُ الْغَفَّارُ ))

११२. अल्लाह बाहेक कोही पूजनीय छैन जुन एक्लो तथा सर्वशक्तिमान हुनु हुन्छ । आकासहरु तथा धरती को प्रतिपालक र यी दुबै को बीचमा जुन जुन थोकहरु छन् ती सबै को प्रभु , जुन अधिक इज्जत् वाला र अति क्षमाशील हुनु हुन्छ ।

( यसलाई इमाम हाकिम्ले बयान गरी राम्रो भन्नु भएका छन् तथा इमाम ज़हबीले यस कुराको पुष्टि पनि गर्नु भएका छन् । १/५४० , हेर्नुस् सहीहुल् जामिअ़ ४/२१३ )

## ३० – निद्रामा ब्याकुल्ता तथा डर महसुस् हुँदा खेरि को दुआ़

١١٣- (( أَعُوْذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِنْ غَضَبِهِ وَعِقَابِهِ ، وَشَرِّ عِبَادِهِ ، وَمِنْ هَمَزَاتِ الشَّيَاطِيْنِ وَأَنْ يَحْضُرُوْنَ ))

११३. म अल्लाहका सम्पूर्ण कलिमात अर्थात अल्लाहको ज्ञान , विद्या , समस्त गुण विशेषताहरु तथा शुभ भनाई को माध्यमले उसको शरण पर्दछु , उसको क्रोध (रिस) तथा उसको सजाय बाट , तथा उसले सृजित गरेका मानिसहरु को उपद्रो तथा षडयन्त्र बाट , तथा शैतानहरुको दुरभावना , उपद्रो तथा षडयन्त्र बाट तथा



यस कुरा बाट पनि कि तिनीहरु मेरो नजिक हाजिर होऊन ।

( अबू दाऊद ४/ १२ तथा हेर्नुस् सहीह़ त्रिमिज़ी ३/१७१)

## ३१– कोही मानिस नराम्रो सपना देखे पछि के उपाय गरोस् ?

११४. (१) देब्रे तिर तीन चोटि बिना थुक निकाल्दा थुक् थुक् गरोस् । ( मुस्लिम ४/१७७२ )

(२) शैतान तथा आफ्नो यस नराम्रो सपना को प्रभाव बाट अल्लाहको शरण मागोस् । ( मुस्लिम ४/१७७२ तथा १७७३ )

(३) कसैलाई आफ्नो यो सपना बारे न बताओस् । ( मुस्लिम ४/१७७२ )

(४) जुन करङमा सुतेको छ त्यसलाई पल्टेर अरको करङमा सुत्ने गरोस् । ( मुस्लिम ४/१७७३ )

११५. (५) यदि इच्छा होस् भने उठेर सलात (नमाज़) पढोस् । ( मुस्लिम ४/१७७३ )

## ३२ – वित्रको सलातमा क़ुनूतको दुआ़

١١٦- ((اَللَّهُمَّ اهْدِنِي فِيمَنْ هَدَيْتَ ، وَعَافِنِي فِيمَنْ عَافَيْتَ ، وَتَوَلَّنِي فِيمَنْ تَوَلَّيْتَ ، وَبَارِكْ لِي فِيمَا أَعْطَيْتَ ، وَقِنِي شَرَّ مَا قَضَيْتَ ، فَإِنَّكَ تَقْضِي وَلاَ يُقْضَى عَلَيْكَ ، إِنَّهُ لاَيَذِلُّ مَنْ وَالَيْتَ ، ( وَلاَ يَعِزُّ مَنْ عَادَيْتَ ) تَبَارَكْتَ رَبَّنَا وَتَعَالَيْتَ ))

११६. हे अल्लाह ! मलाई मार्गदर्शन गरी ती मानिसहरु को जमातमा सामेल गरी देऊ जुनलाई तपाईंले मार्गदर्शन गर्नु भएको र मलाई स्वस्थ्य तथा सुरक्षा दिएर ती मानिस्हरुको समूहमा सामेल गरी लेऊ जुनलाई तपाईंले स्वस्थ्य तथा सुरक्षा प्रदान गर्नु भएको र जुन मानिस्हरु तपाईंको निरक्षण तथा हेरचाहमा छन् उनी संगै मेरो पनि निरिक्षण गर्नु होस् । तथा तपाईंले जो सुकै उपहार (नेमत् ) मलाई प्रदान गर्नु भएको त्यसमा बृद्धि तथा कल्याण गर्नुस् , र मलाई सुरक्षित राख्नुहोस् त्यस आपत विपद बाट जस बारे तपाईंले निर्णय गरेको । तपाईं नै फैसला गर्नु हुन्छ । तपाईं माथि कसैको फैसला लागु हुँदैन । जसलाई तपाईंले मित्र बनाई लेऊ उसलाई कोही पनि तुच्छ र हीन गर्न सक्दैन र जसलाई तपाईंले दुस्मन् (शत्रु) ठानी लेऊ उसलाई कोही इज्जत तथा सम्मान दिन सक्दैन । हे मेरो प्रतिपालक ! तपाईं अति बरकत वाला ( कल्याणकारी ) तथा महान हुनु हुन्छ ।



( सहीह त्रिमिज़ी १/१४४ तथा सहीह इब्नेमाजा १/१९४ इरवाउल् ग़लील २ / १७१ )

١١٧- ((اَللَّهُمَّ إِنِّي أَعُوذُ بِرِضَاكَ مِنْ سَخَطِكَ ، وَبِمُعَافَاتِكَ مِنْ عُقُوبَتِكَ ، وَأَعُوذُ بِكَ مِنْكَ ، لاَ أُحْصِي ثَنَاءً عَلَيْكَ ، أَنْتَ كَمَا أَثْنَيْتَ عَلَى نَفْسِكَ ))

११७. हे अल्लाह ! म तिम्रो रिस् तथा क्रोध बाट भागेर तिम्रो प्रसन्नता तथा खुसी तिर शरण लिन्छु , तथा तिम्रो सजाय बाट भागेर तिम्रो क्षमा तिर शरण खोज्छु तथा तिमी बाट तिम्रो शरण का लागि उजुर , फिराद गर्छु , म तिम्रो सम्पूर्ण प्रशंसा बयान गर्ने क्षमता राखदैन , तपाईं त्यस्तै हुनु हुन्छ जस्तै तपाईंले आँफै प्रशंसा गर्नु भएको ।

( सहीह त्रिमिज़ी ३/१८०, सहीह इब्ने माजा १/१९४ तथा इर्वाउल् ग़लील २/१७५ )

١١٨- ((اَللَّهُمَّ إِيَّاكَ نَعْبُدُ ، وَلَكَ نُصَلِّي وَنَسْجُدُ ، وَإِلَيْكَ نَسْعَى وَنَحْفِدُ ، نَرْجُوا رَحْمَتَكَ ، وَنَخْشَى عَذَابَكَ ، إِنَّ عَذَابَكَ بِالْكَافِرِينَ مُلْحَقٌ ، اَللَّهُمَّ إِنَّا نَسْتَعِينُكَ ، وَنَسْتَغْفِرُكَ ، وَنُثْنِي عَلَيْكَ الْخَيْرَ ، وَلاَ نَكْفُرُكَ ، وَنُؤْمِنُ بِكَ ، وَنَخْضَعُ لَكَ ، وَنَخْلَعُ مَنْ يَكْفُرُكَ ))

११८. हे अल्लाह ! हामी तिम्रै उपासना गर्दछौं , तिम्रै लागि मात्र सलात (नमाज़) पढछौं र सजदा गर्छौं अर्थात

ढोग्छौं । तथा तिम्रै तिर कोसिस् गर्छौं र छिटो गर्छौं अर्थात तिम्रो मायालु भक्त बनन् का लागि पूर्ण रुपले प्रयतन् गर्छौं , तिम्रो दयाको आशा राख्छौं तथा तिम्रो सजाय बाट त्रसन्छौं , काफिरहरु अवश्य तिम्रो सजायमा पर्ने छन् । हे अल्लाह ! हामी मात्र तिमी सित मद्दत माग्दछौं , तिमी बाट क्षमा माग्छौं , तिम्रो राम्रो प्रशंसा गर्छौं , तिम्रो आदेशको उलङ्घन गर्दैनौं , तिमी माथि विश्वास राख्दछौं , तथा तिम्रो अगाडि ढोग्छौं र जुन तिम्रो आदेश को उलङ्घन गर्दछ त्यस बाट हामी आफ्नो सम्बन्ध विच्छेद गर्दछौं ।

नोट : शैख़ अल्बानी रहिमहुल्लाहले आफ्नो किताब इर्वाउल् ग़लीलमा लेख्छन् कि यस हदीस को सनद् सही छ । २/१७० तथा यो दुआ़ हजरत उमर रजि अल्लाहु अन्हु बाट सिद्ध छ रसूलुल्लाह ﷺ बाट सिद्ध छैन , तथा इमाम बैहक़ीले पनि यस को सनद्लाई ठीक भन्नु भएका छन् । २/२११ )

## ३३– वित्र सलात समाप्त भए पछि को दुआ़

११९. रसूलुल्लाह ﷺ वित्रमा (( सब्बि हिस्मा रब्बिकल् आ़ला )) तथा (( क़ुल् या अय्युहल् काफ़िरून )) तथा (( क़ुल् हुवल्लाहु अहद् )) पढदै गर्दथे तथा जब सलाम फेर्दथे



अर्थात वित्रको सलात समाप्त भए पछि निम्नलिखित दुआ़ तीन पटक पढदै गर्थे ।

١١٩- ((سُبْحَانَ الْمَلِكِ الْقُدُّوْسِ (رَبُّ الْمَلاَئِكَةِ وَالرُّوْحِ))

११९. पवित्र छ अधिक पवित्रता वाला राजा , फरिश्ताहरु तथा जिब्रील को प्रभु ।

नोट : रसूलुल्लाह ﷺले उक्त दुआ़लाई पढदा खेरि तेसरो पटकमा आफ्नो स्वर उच्च गरी लामो तान्दथे ।
( नसाई ३/२४४ )

## ३४– शोक तथा चिन्ता बाट मुक्ति का लागि दुआ़

١٢٠- ((اَللّٰهُمَّ إِنِّيْ عَبْدُكَ إِبْنُ عَبْدِكَ إِبْنُ أَمَتِكَ نَاصِيَتِيْ بِيَدِكَ ، مَاضٍ فِيَّ حُكْمُكَ ، عَدْلٌ فِيَّ قَضَاءُكَ أَسْأَلُكَ بِكُلِّ اسْمٍ هُوَ لَكَ سَمَّيْتَ بِهِ نَفْسَكَ أَوْ أَنْزَلْتَهُ فِيْ كِتَابِكَ ، أَوْ عَلَّمْتَهُ أَحَداً مِنْ خَلْقِكَ أَوْ اسْتَأْثَرْتَ بِهِ فِيْ عِلْمِ الْغَيْبِ عِنْدَكَ أَنْ تَجْعَلَ الْقُرْآنَ رَبِيْعَ قَلْبِيْ ، وَنُوْرَ صَدْرِيْ وَجَلاَءَ حُزْنِيْ وَذَهَابَ هَمِّيْ))

१२०. हे अल्लाह ! म तिम्रो सेवक हुँ , तिम्रो सेवक तथा तिम्री सेविका को छोरा हूँ , मेरो निधार तिम्रो हातमा छ , तिम्रो आदेश म माथि लागु छ , मेरो बारे तिम्रो फैसला न्यायपूर्ण छ , म तिमी सित तिम्रा ती सबै खास नामको माध्यमले माग्छु जुन तिमीले आफै आफूलाई नामाकरण गर्नु भयौ अथवा आफ्नो किताबमा अवतरित गरेको अथवा आफ्ना सृष्टिहरु मध्ये कसैलाई सिकाउनु भएको अथवा तिमीले उसलाई आफ्नो पारेक्ष विद्यामा सुरक्षित गरी राखेको , यस कुरा बारे उजुर गर्दछु कि कुरआनलाई मेरो मुटुका लागि बसन्त ऋतु तथा मेरो छातीका लागि प्रकाश तथा मेरो चिन्तालाई समाप्त गर्नेवाला र मेरो शोकलाई निवारण गर्ने वला बनाई दिनुहोस् ।

( मुस्नद अहमद् १/३९१ शैख़ अल्बानी रहिमहुल्लाहले यो दुआलाई राम्रो भन्नु भएका छन् ।

١٢١- (( اَللّٰهُمَّ إِنِّيْ أَعُوْذُبِكَ مِنَ الْهَمِّ وَالْحَزْنِ وَالْعَجْزِ وَالْكَسَلِ وَالْبُخْلِ وَالْجُبْنِ وَضَلَعِ الدَّيْنِ وَغَلَبَةِ الرِّجَالِ ))

१२१. हे अल्लाह ! म तिम्रो शरण चाहन्छु चिन्ता तथा शोक बाट तथा कुनै कुरामा विनीत हुनाले तथा अल्छीपना र कन्जुसी बाट , डरछेरुवापना तथा ऋिणी हुनु बाट , हाकिमहरु को अत्याचार तथा आक्रमण बाट ।



( बुख़ारी ७/१५८ रसूलुल्लाह ﷺ यो दुआलाई अधिक धन्दा अधिक पढदै गर्दथे , हेर्नुस् बुख़ारी फत्हुल् बारी को साथमा ११/१७३ )

## ३५– बेचैनी ,ब्याकुल्ता तथा घब्राहट् को दुआ ( दुर्घटना को समय को दुआ )

١٢٢- (( لاَإِلَـٰهَ إِلاَّ اللهُ الْعَظِيْمُ الْحَلِيْمُ ، لاَإِلَـٰهَ إِلاَّ اللهُ رَبُّ الْعَرْشِ الْعَظِيْمِ ، لاَإِلَـٰهَ إِلاَّاللهُ رَبُّ السَّمَاوَاتِ وَرَبُّ الأَرْضِ وَرَبُّ الْعَرْشِ الْكَرِيْمِ ))

१२२. अल्लाह बाहेक कोही पनि उपासना योग्य छैन , उहाँ प्रतिष्ठित तथा सहनशील हुनु हुन्छ , अल्लाह बाहेक कोही पनि उपासना योग्य छैन , जुन विशाल अर्श अर्थात सिहाँसनको प्रभु हुनु हुन्छ । अल्लाह बाहेक कोही पनि उपासना योग्य छैन , जुन आकासहरु को प्रभु तथा धरती को प्रभु र विशाल अर्श को पनि प्रभु हुनु हुन्छ ।

( बुख़ारी ७/१५४ तथा मुस्लिम ४/२०९२ )

١٢٣- (( اَللّٰهُمَّ رَحْمَتَكَ أَرْجُوْا فَلاَ تَكِلْنِيْ إِلَى نَفْسِيْ طَرْفَةَ عَيْنٍ وَأَصْلِحْ لِيْ شَأْنِيْ كُلَّهُ ، لاَ إِلَهَ إِلاَّ أَنْتَ ))

१२३. हे अल्लाह ! म तिम्रो दयाको आशा राख्दछु , यसले गर्दा तिमी आँखा झिम्कने बराबर पनि मलाई मेरो आत्मा को अधीनमा न गर्नुस् , तथा मेरो निम्ति मेरा सबै कुराहरु लाई ठीक पारी दिनुस् , तिम्रो बाहेक कोही पनि उपासना योग्य छैन ।

( अबू दाऊद ४/३२४ , अहमद ५/४२ तथा शैख़ अल्बानी रहिमहुल्लाहले उक्त दुआलाई ठीक भन्नु भएका छन् , हेर्नुस् सहीह अबू दाऊद ३/९५९ )

١٢٤- (( لَا إِلَهَ إِلاَّ أَنْتَ سُبْحَانَكَ إِنِّيْ كُنْتُ مِنَ الظَّالِمِيْنَ ))

१२४. तिम्रो बाहेक कोही पनि पूजनीय छैन , तिमी पवित्र छौ , नि:सन्देह म अत्याचारीहरु मध्ये बाट हूँ अर्थात म पापी हूँ ।

( त्रिमिज़ी ५/५२९ तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१६८ तथा हाकिमले यसलाई ठीक भन्नु भएको छ तथा इमाम ज़हबीले यस कुराको पुष्टि गर्नु भयो । १/५०५ )

١٢٥- (( اَللهُ ، اَللهُ رَبِّيْ لاَ أُشْرِكُ بِهِ شَيْئاً ))

१२५. अल्लाह , अल्लाह मेरो प्रभु हो ! म उहाँ सगं कसैलाई साझेदार पत्याउदैन ।

( अबू दाऊद २/८७ तथा हेर्नुस् सहीह इब्ने माजा २/३३५ )



## ३६– दुस्मन् तथा शासनाधिकारी सित भेट हुने बेला को दुआ ।

١٢٦- (( اَللَّهُمَّ إِنَّا نَجْعَلُكَ فِيْ نُحُوْرِهِمْ وَنَعُوْذُبِكَ مِنْ شُرُوْرِهِمْ ))

१२६. हे अल्लाह ! हामी तपाईं लाई तिनीहरु को द्वन्दमा ( मोकाबिलामा ) गर्दछौं र तिनीहरु को उपद्रो तथा षडयन्त्र बाट तिम्रो शरण चाहन्छौं ।

( अबू दाऊद २/८९ इमाम हाकिमले यसलाई ठीक भन्नु भएका छन् तथा इमाम ज़हबीले पनि यस कुरा माथि आफ्नो सहमति व्यक्त गर्नु भएका छन् । २/१४२ )

١٢٧- (( اَللَّهُمَّ أَنْتَ عَضُدِيْ ، وَأَنْتَ نَصِيْرِيْ ، بِكَ أَجُوْلُ وَبِكَ أَصُوْلُ وَبِكَ أُقَاتِلُ ))

१२७. हे अल्लाह ! तपाईं नै मेरा पाखुराहरुमा शक्ति दिने वाला हुनु हुन्छ , तथा तपाईं नै मलाई सघाउ पुऱ्यानु हुन्छ , तिम्रो हेरचाह तथा निरक्षणमा म हिल्डुल् गर्छु , तथा तिम्रै नाउँ लिएर म शत्रु सित लडाई र युद्ध गर्ने बेलामा हमला तथा आक्रमण गर्छु , तथा तिम्रै सहायता

बाट म शत्रुहरु सित भिडन्त गर्छु । ( अबू दाऊद ३/४२, त्रिमिज़ी ५ / ५७२ तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१८९ )

१२८- (( حَسْبُنَا اللهُ وَنِعْمَ الْوَكِيْلُ ))

१२८. हाम्रो लागि अल्लाह प्रयाप्त छ तथा उहाँ सर्वैत्तम संरक्षक हुनु हुन्छ । ( बुख़ारी ५/१७२ )

## ३७ – शासक् को अत्याचार बाट मुक्ति को दुआ

१२९- (( اَللّٰهُمَّ رَبَّ السَّمَاوَاتِ السَّبْعِ ، وَرَبَّ الْعَرْشِ الْعَظِيْمِ ، كُنْ لِيْ جَاراً مِنْ فُلَانِ بْنِ فُلَانٍ وَأَحْزَابِهِ مِنْ خَلَائِقِكَ ، أَنْ يَفْرُطَ عَلَيَّ أَحَدٌ مِنْهُمْ أَوْ يَطْغَى ، عَزَّ جَارُكَ ، وَجَلَّ ثَنَاؤُكَ وَلَا إِلَهَ إِلَّا أَنْتَ ))

१२९. हे अल्लाह ! सातौं वटा आकासहरु को प्रभु तथा विशाल अर्श (सिहाँसन्) को प्रभु , मेरो निम्ति फलानो फलानो मानिस को विरुद्ध सघाउ पुऱ्याउनुहोस् तथा तिनी सबै का समूहहरु को विरुद्ध जुन तिम्रो सृष्टिहरु मध्ये छन् , यस कुरा बाट कि कोही म माथि आक्रमण गरोस् अथवा अत्याचार गरोस् , जसलाई तिमी सघाउ पुऱ्याउनु



हुन्छ उही विजयी हुनेछ , तथा तिम्रै लागि अधिक पैशंसा छ तथा तपाईं बाहेक अरु कोही पनि पूजनीय छैन । ( सहीह अदबुल् मुफ्रद् , ५४५ )

१३०- (( اَللّٰهُ أَكْبَرْ ، اَللّٰهُ أَعَزُّ مِنْ خَلْقِهِ جَمِيْعاً ، اَللّٰهُ أَعَزُّ مِمَّا أَخَافُ وَأَحْذَرُ ، أَعُوْذُ بِاللهِ الَّذِيْ لَا إِلَهَ إِلَّا هُوَ ، الْمُمْسِكِ السَّمَاوَاتِ السَّبْعِ أَنْ يَّقَعْنَ عَلَى الْأَرْضِ إِلَّا بِإِذْنِهِ ، مِنْ شَرِّ عَبْدِكَ فُلَانٌ ، وَجُنُوْدِهِ وَأَتْبَاعِهِ وَأَشْيَاعِهِ ، مِنَ الْجِنِّ وَالْإِنْسِ ، اَللّٰهُمَّ كُنْ لِيْ جَاراً مِنْ شَرِّهِمْ ، جَلَّ ثَنَاؤُكَ وَعَزَّ جَارُكَ ، وَتَبَارَكَ اسْمُكَ وَلَا إِلَهَ غَيْرُكَ

१३०.अल्लाह महान हुनु हुन्छ , अल्लाह आफ्ना सृष्टिहरुमा सबै भन्दा सर्वश्रेष्ठ हुनु हुन्छ , म जुन कुरा बाट भयभीत तथा त्रसन्छु , अल्लाह त्यो भन्दा साह्रै अधिक सर्वशक्तिमान हुनु हुन्छ । म अल्लाह को दरबारमा शरण लिन्छु जुन बाहेक कोही पनि साँचो पूजनीय छैन , जुन सातौं वटा आकासलाई थामेको छ खस्न दिँदैन तर उस को इजाजत बाट । तिम्रो फलानो सृष्टि को पाप को कारण तथा उसका सेना र समूहहरु को पाप तथा षडयन्त्र को कारण जिन्नात तथा मानिसहरु मध्ये । हे अल्लाह ! तिमी मेरो लागि ती मानिसहरु को विरुद्ध सघाउ पुऱ्याउनुहोस् , तिम्रै लागि अधिक भन्दा अधिक प्रशंसा छ , तथा जस

लाई तपाईंले सहायता दिनु हुन्छ उ मात्र पास हुनेछ र मुक्ति पाउनेछ , तथा तिम्रो नाउँ उच्च छ र तपाईं बाहेक कोही पनि पूजनीय छैन ।

नोट : शैख़ अल्बानी रहिमहुल्लाहले उक्त दुआलाई सहीहुल् अद्बिल् मुफ्रद्मा ठीक भन्नु भएका छन्, ५४६ )

## ३८– शत्रु माथि अभिशाप (सराप)

١٣١- (( اَللّٰهُمَّ مُنْزِلَ الْكِتَابِ، سَرِيْعَ الْحِسَابِ، إِهْزِمِ الأَحْزَابَ، اَللّٰهُمَّ اهْزِمْهُمْ وَزَلْزِلْهُمْ ))

१३१. हे अल्लाह ! हे किताब अवतरित गर्ने , छिटो लेखा जोखा गर्ने , यी समुदायहरु लाई पराजित गरी देऊ । हे अल्लाह ! यिनिहरु लाई हराएर परास्त गरी दिनुस् तथा यिनीहरु लाई अति सह्रै हल्लाई दिनुहोस् ।
( मुस्लिम ३/१३६२ )

## ३९ – कुनै समुदाय बाट डर तथा भय महसुस् गरे पछि के दुआ गरियोस् ?



١٣٢- (( اَللّٰهُمَّ اكْفِنِيْهِمْ بِمَا شِئْتَ ))

१३२. हे अल्लाह ! मेरो लागि यिनीहरु बाट प्रयाप्त भई जानुस् , तपाईं को आफ्नो इच्छा अनुसार ।
( मुस्लिम ४/२३०० )

## ४० – जब कुनै मान्छे को ईमान र विश्वासमा शंका उत्पन्न होस् भने त्यो यो दुआ पढोस्

१३३. (१) अल्लाह सित शरण मागोस् ।
( बुख़ारी ६/३३६ तथा मुस्लिम १/१२० )
(२) जुन कुरामा शङ्का उत्पन्न भई रहेको छ त्यस बारे अरु अधिक सोच विचार तथा चिन्ता र छल् फल् गर्नु छाडि दिओस् । ( फत्हुल् बारी ६/३३६,मुस्लिम १/१२० )
(३) निम्न लिखित दुआ पढोस् :

١٣٤- (( آمَنْتُ بِاللهِ وَرُسُلِهِ ))

१३४. म विश्वास राखें अल्लाह तथा उसका रसूल अर्थात सन्देशवाहकहरु माथि । ( मुस्लिम १/११९, १२० )
(४) अल्लाह को यो शुभ भनाई पढोस् :

١٣٥- (( هُوَ الأَوَّلُ وَالآخِرُ وَالظَّاهِرُ وَالْبَاطِنُ وَهُوَ بِكُلِّ شَيْءٍ عَلِيمٌ ))

१३५. उही अल्लाह नै सबै भन्दा अगाडि अर्थात आदि हुनु हुन्छ , उही सबै भन्दा पछाडि बाँकी रही रहन्छ , उही प्रत्यक्ष अर्थात सबै भन्दा उच्च र अगलो हुनु हुन्छ , उही अप्रत्यक्ष अर्थात सबै भन्दा लुकेको हुनु हुन्छ , तथा अल्लाह लाई सबै कुरा बारे थाहा छ ।
( अबू दाऊद ४/३२९ शैख़ अल्बानी रहिमहुल्लाहले यस लाई सहीह अबू दाऊदमा राम्रो भन्नु भएका छन् । ३/९६२ )

## ४१ – ऋण चुक्ता गर्न का लागि दुआ़

١٣٦- (( اَللَّهُمَّ اكْفِنِي بِحَلاَلِكَ عَنْ حَرَامِكَ وَأَغْنِنِي بِفَضْلِكَ عَمَّنْ سِوَاكَ ))

१३६. हे अल्लाह ! मेरो निम्ति आफ्ना वैध कुरा तथा थोकहरु लाई आफ्ना अवैध कुरा तथा थोकहरु को सट्टामा प्रयाप्त गरी दिनुहोस् , तथा मलाई आफ्नो दया तथा कृपा को माध्यमले आफू बाहेक सबै प्राणीहरु बाट स्वतन्त्र र स्वच्छन्द गरी दिनुहोस् ।
( त्रिमिज़ी ५/५६० , हेर्नुस् सहीह त्रिमिज़ी ३/ १८० )



١٣٧- (( اَللَّهُمَّ إِنِّي أَعُوذُبِكَ مِنَ الْهَمِّ وَالْحُزْنِ وَالْعَجْزِ وَالْكَسَلِ وَالْبُخْلِ وَالْجُبْنِ وَضَلَعِ الدَّيْنِ وَغَلَبَةِ الرِّجَالِ ))

१३७ . हे अल्लाह ! म चिन्ता तथा शोक बाट , विनीत हुनु बाट , अल्छीपना बाट , कन्जुसी तथा डरछेरुवापना बाट , ऋणी हुनु बाट , मानिसहरु को आक्रमण तथा अत्याचार बाट तिम्रो शरण चाहन्छु । (बुख़ारी ७/१५८)

## ४२ – सलात (नमाज़) अथवा कुरआन पढदा खेरि उत्पन्न हुने शंका बाट मुक्ति का लागि दुआ़

١٣٨- (( أَعُوذُ بِاللهِ مِنَ الشَّيْطَانِ الرَّجِيمِ ))

१३८. म अल्लाह को शरण चाहन्छु सरापिएको दुष्ट शैतान बाट ।
नोट : उक्त दुआ़ पढेर तीन चोटि देब्रे तिर थुक् – थुक् गरोस् । श्रीमान उस्मान बिन् अबुल् आ़स रज़ियल्लाहु अन्हु को भनाई छ कि मैले रसूलुल्लाह ﷺ सित भनें , हे अल्लाह को रसूल ! दुष्ट शैतानले मेरो तथा मेरो सलात र पाठ को माँझमा यस प्रकारले बाँधा हाल्दछ कि उसले सलात (नमाज़) को तादात र कुरआन को पाठमा मेरो

लागि अप्ठयारो तथा गडबड गरी दिन्छ । मेरो भनाई सुनेर रसूलुल्लाह ﷺ ले जवाफ दिनु भयो : कि त्यो एउटा शैतान हो जसको नाउँ ख़िन्ज़ब् हो , जब तिमी उसको प्रभाव महसुस् गर भने तीन पटक् त्यस बाट अल्लाह को शरण माग र देब्रे तिर तीन चोटि थुक् थुक् गर । ( मुस्लिम ४/१७२९ ) उक्त बयानमा श्रीमान उस्मान रजियल्लाहु अन्हु भन्छन् कि मैले रसूलुल्लाह ﷺ को भनाई बमोजिम गरें भने अल्लाह तआलाले उसलाई म बाट टाढा गरी दियो ।

## ४३ – कुनै काम अप्ठयारो भएमा यो दुआ़ पढियोस्

١٣٩- (( اَللّٰهُمَّ لاَ سَهْلَ إِلاَّ مَا جَعَلْتَهُ سَهْلاً وَأَنْتَ تَجْعَلُ الْحَزْنَ إِذَا شِئْتَ سَهْلاً ))

१३९. हे अल्लाह ! कोही कुरा सजिलो छैन , तर जुन कुरा लाई तपाईले सजिलो गरी देऊ त्यो अवश्य सजिलो भई हाल्छ , तथा तपाई जब चाहनु हुन्छ भने अप्ठयारो कुरा लाई सजिलो गरी दिनु हुन्छ ।
( सहीह इब्ने हिब्बान हदीस न० – २४२७ )



## ४४ – पाप गरि हालोस् भने कुन् दुआ़ पढोस् र के उपाय गरोस् ?

١٤٠- (( مَا مِنْ عَبْدٍ يُذْنِبُ ذَنْباً فَيُحْسِنُ الطُّهُوْرَ، ثُمَّ يَقُوْمُ فَيُصَلِّيْ رَكْعَتَيْنِ ، ثُمَّ يَسْتَغْفِرُ اللهَ إِلاَّ غَفَرَ اللهُ لَهُ ))

१४० . रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि जब कुनै कारण बस् कुनै मान्छेले कुनै पापको कुरा गरी हालोस् , फेरी राम्रो संग वुज़ू गरोस् , फेरि दुई रकात नफली सलात (नमाज़) पढोस् , फेरि अल्लाह सित आफ्नो पाप का लागि क्षमा याचना गरोस् भने अल्लाहले यस्तो मानिस लाई क्षमा गरी मुक्ति दिइ दिन्छन् ।
( अबू दाऊद २/८६, त्रिमिज़ी २/२५७ )

## ४५ – ती दुआ़हरु जुन् शैतान तथा उसले उत्पन्न गरेको दुरविचार तथा दुरभावना लाई टाढा गर्छन् ।

١٤١- (( اَلْإِسْتِعَاذَةُ بِاللهِ مِنْهُ ))

१४१. (१) शैतान बाट अल्लाह को शरण खोज्नु ।
( अबू दाऊद १/२०६ तथा हेर्नुस् सहीह त्रिमिज़ी १/७७ तथा हेर्नुस् सूरा अल् मोमिनून ९८, ९९ )

١٤٢- (( الأَذَانُ ))

१४२ . (२) अज़ान दिनु वा भन्नु ।
( मुस्लिम १/२९१ त्था बुख़ारी १/१५१ )

١٤٣- (( الأذكار وقراءة القُرآن ))

१४३. (३) मस्नून दुआ़हरु पढनु तथा कु़रआ़न को तिलावत् अर्थात पाठ गर्नु । रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि आफ्ना घरहरुलाई चिहान न बनाऊ , शैतान त्यस घर बाट भाग्दछ जसमा सूरा बक़रा पढिन्छ ।
( मुस्लिम १/५३९ ) तथा बिहानी , बेलुकी पख्मा दुआ़ पढनु , सुत्दा , निद्रा बाट उठने बेलामा पनि दुआ़ पढनु , घरमा प्रवेश गर्दा तथा निस्कदा खेरि दुआ़ पढनु , मस्जिदमा प्रवेश गर्दा खेरि तथा मस्जिद बाट बाहिर निस्कदा खेरि दुआ़ पढनु , उक्त सबै दुआ़हरुले शैतान लाई लखेटि दिन्छ । यस्तै अर्का दुआ़हरु पनि जस्तै सुत्ने बेलामा आयतल् कुर्सी पढनु , सूरा बक़राका अन्तिम दुई वटा आयत् ( श्लोक ) पढनु , तथा जुन मानिसले एक सय पटक (( लाइलाहा इललल्लाहु वहूदहु ला शरीका लहु लहुल् मुल्को व लहुल् ह़म्दु वहुवा अ़ला कुल्लि शैइन् क़दीर )) पढदै गरोस् भने दिन भर शैतान को उपद्रो , 



षडयन्त्र तथा प्रकोप बाट सुरक्षित रही रहनेछ , यस्तै अज़ानले पनि शैतानलाई लखेटी दिन्छ ।

**४६ – जब कुनै कुरा मानिस को इच्छा को विरुद्ध होस अथवा कुनै काम उस को शक्ति तथा क्षमता बाट बाहिर भई हालोस् भने के दुआ़ पढोस् ?**

١٤٤- (( قَدَّرَ اللهُ وَمَا شَاءَ فَعَلَ ))

१४४. अल्लाहले जुन भाग्यमा लेखेको थियो त्यही भयो तथा उसले जुन चाहेयो आफ्नो इच्छा बमोजिम गर्‍यो ।
रसूलुल्लाह ﷺ को शुभ भनाई छ (( बलियो र तागत् वाला मोमिन अल्लाह कहाँ कम्जोड तथा दुब्लो पात्लो मोमिन् भन्दा राम्रो तथा मायालु छ , तर दुबैमा राम्रो गुण तथा भलाई पाइन्छ । जुन कुराले तिमीहरुलाई नाफा तथा लाभ दिन्छ त्यो बारे इच्छा तथा अभिलाषा गरौ तथा अल्लाह सित सहायता का लागि प्रार्थना गरौ , तथा विनीत र अल्छी भएर न बसौ । तर यदि तिमीहरु लाई कोही हानी नोकसानी पुग्छ भने यो कुरा न भनौ कि यदि म यस्तो गर्दथिएँ भने यस्तो भई हालथियो । बरु यस्तो

भनौ कि (( अल्लाहले जुन भाग्य तथा तक़्दिरमा लेखेको थियो त्यही भयो तथा अल्लाहले जुन चाहनु भयो त्यसो गऱ्यो )) किनभने ((यदि)) को शब्दले शैतान को काम शुरु गरी दिन्छ । ( मुस्लिम ४/२०५२ )

(२) रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि : अल्लाह तआ़ला कुनै पुण्य को काममा अल्छीपना , साहस् न जुटाउनु र विनीत हुनाले रिसाउँछ तर तिमी सधैं बुद्धि विवेक र होसियारी सित काम गर , तथा जब कोही कुरा तिम्रो क्षमता भन्दा बाहिर भई हालोस् भने यो भन् (( मेरो निम्ति मात्र अल्लाह नै प्रयाप्त छ तथा उही मेरो उत्तम संरक्षक हो । ( अबू दाऊद )

## ४७ – जुन मानिस कहाँ कोही सन्तान पैदा होस् भने उसलाई कुन प्रकारले धन्यबाद दिईयोस् ? तथा जसलाई धन्यबाद दिईयोस् त्यो धन्यबाद दिने लाई के दुआ गरोस् ?

١٤٥- ((بَارَكَ اللهُ لَكَ فِي الْمَوْهُوْبِ لَكَ ، وَشَكَرْتَ الْوَاهِبَ ، وَبَلَغَ أَشُدَّهُ ، وَرُزِقْتَ بِرَّهُ ))

१४५. अल्लाहले तिमीलाई जुन सन्तान प्रदान गरेको छ त्यस को धन , माल , जिउ तथा उमेरमा कल्याण गरोस् , सन्तान दिने अल्लाह प्रति कृतज्ञता ब्यक्त गर , अल्लाह उसलाई जवान तथा ठिटो गरोस् तथा उसको माध्यमले तिमी लाई लाभ पुऱ्याओस् ।



जस लाई धन्यबाद दिइयोस् त्यो धन्यबाद दिने मानिस का लागि यस प्रकार सित दुआ़ गरोस् ।

(( بَارَكَ اللهُ لَكَ وَبَارَكَ عَلَيْكَ ، وَجَزَاكَ اللهُ خَيْراً ، وَرَزَقَكَ اللهُ مِثْلَهُ ، وَأَجْزَلَ ثَوَابَكَ ))

अल्लाह तिम्रो निम्ति तथा तिमी माथि कल्याण गरोस् तथा तिमी लाई उत्तम प्रतिफल् प्रदान गरोस् तथा जस्तो मलाई सन्तान प्रदान गर्नु भएको त्यस्तै तपाईं लाई पनि प्रदान गरोस् तथा तपाईं लाई अधिक पुण्य प्रदान गरोस् ।
( हेर्नुस् इमाम नववी को किताब अल्अज़ूकार पृष्ठ संख्या ३४९ )

## ४८ – बच्चाहरु लाई कुन दुआहरु को माध्यमले शरण दिइयोस् ?

श्रीमान हजरत अब्दुल्लाह बिन अब्बास रजियल्लाहु अन्हुम को भनाई छ कि रसूलुल्लाह ﷺ ले हसन् तथा हुसैन दुबै लाई निम्न लिखित् कलिमात ( अर्थात दुआ़हरु ) को माध्यमले अल्लाह को शरणमा गरी उसको छत्रछायामा सुम्पदै थिए ।

١٤٦- (( أُعِيذُ كُمَا بِكَلِمَاتِ اللهِ التَّامَّةِ مِنْ كُلِّ شَيْطَانٍ وَهَامَّةٍ ، وَمِنْ كُلِّ عَيْنٍ لاَمَّةٍ ))

१४६. म तिमी दुबै लाई ती सबै शैतानहरु तथा विषालु जनावरहरु बाट तथा हानी नोकसानी पुऱ्याउने कुदृष्टि बाट अल्लाहका सम्पूर्ण कलिमात अर्थात अल्लाहका ज्ञान , विद्या तथा गुण विशेषताहरु को माध्यमले अल्लाहको शरणमा दिन्छु । ( बुख़ारी ४/११९ )

## ४९ – बीरामी मानिसको सेवा गर्दा खेरि बिरामी का लागि दुआ ।

(१) रसूलुल्लाह ﷺ जब कुनै बिरामी मानिस कहाँ उसको हेरचाह ? सेवा अथवा उसको स्थिति बारे थाहा गर्न का लागि पुग्दथे भने बिरामी मानिस का लागि यो दुआ़ गर्दथे ।

١٤٧- (( لاَبَأسَ طَهُوْرٌ إِنْ شَاءَ اللهُ ))

१४७ . कुनै अप्ठयारो छैन यो रोगले यदि अल्लाहको इच्छा भयो भने पापहरु बाट पवित्र तथा स्वच्छ गर्नेछ ।
( बुख़ारी १०/११८ )

(२) कोही मुसलमान यस्तो बिरामी मानिसको सेवा अथवा उसको स्थिति बारे थाहा गर्न का लागि उसको घर जाओस् जुन बिरामी मानिस को मृत्यु को समय न आई



पुगेको होस् तथा सात पटक यो दुआ़ पढोस् भने अल्लाह को आदेशानुसार त्यो रोग बाट मुक्ति पाएर स्वस्थ्यपूर्ण भई हाल्दछ ।

١٤٨- (( أَسْأَلُ اللهَ الْعَظِيْمَ رَبَّ الْعَرْشِ الْعَظِيْمِ أَنْ يَشْفِيَكَ ))

१४८. म अति ठूलो र प्रतिष्ठा वाला अल्लाह सित माग्दछु जुन विशाल सिहँासन् को प्रभु पनि हुनु हुन्छ , कि उहाँले तिमीलाई रोग बाट मुक्ति गरुन् ।
( त्रिमिज़ी , अबू दाऊद तथा हेर्नुस् सहीह त्रिमिज़ी २/२१० तथा सहीहुल् जामिअ़् ५/१८० )

## ५० – बिरामीलाई सेवा गर्न को महत्व

١٤٩- (( قَالَ ﷺ (( إِذَا عَادَ الرَّجُلُ أَخَاهُ الْمُسْلِمَ مَشَى فِيْ خِرَافَةِ الْجَنَّةِ حَتَّى يَجْلِسَ فَإِذَا جَلَسَ غَمَرَتْهُ الرَّحْمَةُ ، فَإِنْ كَانَ غُدْوَةً صَلَّى عَلَيْهِ سَبْعُوْنَ أَلْفَ مَلَكٍ حَتَّى يُمْسِيَ ، وَإِنْ كَانَ مَسَاءً صَلَّى عَلَيْهِ سَبْعُوْنَ مَلَكٍ حَتَّى يُصْبِحَ ))

१४९ . हजरत अली रजियल्लाहु अन्हु को भनाई छ कि मैले रसूलुल्लाह ﷺ सित सुनें कि (( मानिस जब आफ्नो बिरामी भएको मुस्लिम भाई को हाल खबर लिन् तथा उसको सेव गर्न का लागि जान्छ भने मानि लेऊ कि यस्तो

मानिस फल् फरुट वाला स्वर्गमा हिँडि रहेको हुन्छ , यहाँ सम्म कि उ बसी हालोस् , तथा उ जब बिरामी को नजिकमा बसी हाल्छ भने उसलाई अल्लाहको दयाले छोपी लिन्छ , यदि ऊ बिहानी पख्मा गएको छ भने बेलुकी सम्म सत्तरी हज्जार फरिश्ताहरु उसको निम्ति दुआ , प्रार्थना गर्दै गर्दछन् , तथा यदि बेलुकी पख्मा गएको छ भने सत्तरी हज्जार फरिश्ताहरु बिहानी सम्म दुआ गरी रहेका हुन्छन् । ))

( त्रिमिज़ी , इब्ने माजा , अ़हमद् तथा हेर्नुस् सहीह इब्ने माजा १/२४४ , सहीह त्रिमिजी १/२८६ तथा शैख़ अहमद् शाकिरले पनि यसलाई राम्रो भन्नु भएका छन् । )

## ५१ – उस रोगी को दुआ जुन आफ्नो जीवन बाट निराश भई सके को होस्

١٥٠- (( اَللّٰهُمَّ اغْفِرْ لِيْ وَارْحَمْنِيْ وَاَلْحِقْنِيْ بِالرَّفِيْقِ الأَعْلَى ))

१५० . हे अल्लाह ! मलाई क्षमा गरी देऊ , ममाथि दया गर तथा मलाई रफ़ीक़े आला अर्थात अल्लाह संग मिलाई देऊ । ( बुख़ारी ७ / १० तथा मुस्लिम ४/१८९३ )



हजरत आइशा रजियल्लाहु अन्हा भन्छिन् कि रसूलुल्लाह ﷺ ले मरने बेलामा आफ्ना दुबै हातलाई पानीमा हालेर आफ्नो अनुहार माथि दल्थे वा घस्दथे र यो भन्दै थिए कि

١٥١- (( لاَإِلَهَ إِلاَّ اللهُ إِنَّ لِلْمَوْتِ لَسَكَرَاتٍ ))

१५१ . अल्लाह बाहेक कोही पनि पूजनीय छैन , निस्सन्देह मरने बेलामा धेरै कष्ट र पीडा हुन्छ ।

( फत्हुल् बारी ८/१४४ )

١٥٢- (( لاَإِلَهَ إِلاَّ اللهُ وَاللهُ أَكْبَرُ ، لاَإِلَهَ إِلاَّاللهُ وَحْدَهُ ، لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَشَرِيْكَ لَهُ ، لاَإِلَهَ إِلاَّ اللهُ لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ ، لاَ إِلَهَ إِلاَّ اللهُ وَلاَ حَوْلَ وَلاَ قُوَّةَ إِلاَّ بِاللهِ ))

१५२ . अल्लाह बाहेक कोही पनि पूजनीय छैन , तथा अल्लाह सबै भन्दा ठूलो र महान हुनु हुन्छ , अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उनी एकलो हुनु हुन्छ , अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उसको कोही पनि साझेदार छैन , अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उसै का लागि राज्य छ , तथा उसै का लागि सबै प्रकार का प्रशंसा छन् , अल्लाह बाहेक कोही पनि पूजनीय छैन , तथा बाँचने तागत् र केही कुरा गर्ने साहस् छैन तर अल्लाहको सहायताले मात्र ।

( त्रिमिज़ी , इब्ने माजा शैख़ अल्बानी रहिमहुल्लाहले यसलाई राम्रो भन्नु भएका छन् , हेर्नुस् सहीह त्रिमिज़ी ३/१५२ तथा सहीह इब्ने माजा २/३१७ )

## ५२ – मरुन्जेल मरि रहेको मानिस लाई यो दुआ (वाक्य) पढाईयोस् ।

١٥٣- (( لَا إِلَهَ إِلاَّ اللهُ ))

१५३ . मरने बेलामा जुन मानिसको अन्तिम भनाई (( लाइलाहा इल्लल्लाह )) हुनेछ त्यो स्वर्गमा प्रवेश गर्नेछ । ( अबू दाऊद ३/ १९० तथा हेर्नुस् सहीहुल् जामिअ् ५/४३२ )

## ५३ – कष्ट , दु:ख तथा सङ्कटमा पर्दा खेरि को दुआ

١٥٤- (( إِنَّا للهِ وَ إِنَّا إِلَيْهِ رَاجِعُوْنَ ، اَللَّهُمَّ أْجُرْنِيْ فِيْ مُصِيْبَتِيْ وَأَخْلِفْ لِيْ خَيْراً مِنْهَا ))

१५४. नि:सन्देह हामी अल्लाहकै अधीनमा छौं र नि:सन्देह उसै तिर फर्केर जानेछौं । हे अल्लाह ! मलाई मेरो



दु:खमा पुण्य दिनुस् र मलाई यस को सट्टामा यो भन्दा बेश कुरा प्रदान गर्नुस् । ( मुस्लिम २ / ६३२ )

## ५४ – मृतक् का आँखाहरु बन्द गर्ने बेला को दुआ

١٥٥- (( اَللَّهُمَّ اغْفِرْ لِفُلَانٍ وَارْفَعْ دَرَجَتَهُ فِيْ الْمَهْدِيِّيْنَ وَاخْلُفْهُ فِيْ عَقِبِهِ فِيْ الْغَابِرِيْنَ وَاغْفِرْ لَنَا وَلَهُ يَارَبَّ الْعَالَمِيْنَ وَافْسَحْ لَهُ فِيْ قَبْرِهِ وَنَوِّرْ لَهُ فِيْهِ ))

१५५. हे अल्लाह ! फलानो मानिस ( नाम तोकेर भनोस् ) लाई क्षमा गरी देऊ तथा मार्गदर्शन पाउनेहरु मध्ये बाट गरी यसको दर्जा लाई उच्च गरनुहोस् , तथा यो पछि बाँकी रही रहने परिवारहरु का लागि तपाई संरक्षक, अभिभावक तथा प्रतिनिधि बन्नुहोस् । तथा हे सम्पूर्ण संसार को प्रभु ! हामी र यसलाई क्षमा गरी दिनुहोस् , तथा यसका लागि यस को चिहान लाई फराकिलो गरी दिनुहोस् , तथा यस को चिहानलाई प्रकाशमान गरी उजियालो गरी दिनुहोस् । ( मुस्लिम २/६३४ )

## ५५ – मृतक् माथि सलात ( जनाज़ा को नमाज़ ) पढदा खेरि को दुआ

١٥٦- (( اَللَّهُمَّ اغْفِرْ لَهُ وَارْحَمْهُ ، وَعَافِهِ ، وَاعْفُ عَنْهُ وَأَكْرِمْ نُزُلَهُ ، وَاغْسِلْهُ بِالْمَاءِ وَالثَّلْجِ وَالْبَرَدِ ، وَنَقِّهِ مِنَ الْخَطَايَا كَمَا نَقَّيْتَ الثَّوْبَ الْأَبْيَضَ مِنَ الدَّنَسِ ، وَأَبْدِلْهُ دَاراً خَيْراً مِنْ دَارِهِ وَأَهْلاً خَيْراً مِنْ أَهْلِهِ وَزَوْجاً خَيْراً مِنْ زَوْجِهِ ، وَأَدْخِلْهُ الْجَنَّةَ ، وَ أَعِذْهُ مِنْ عَذَابِ الْقَبْرِ[ وَعَذَابِ النَّارِ ] ))

१५६. हे अल्लाह यसलाई क्षमा गरी देऊ तथा यस माथि दया गर , र यसलाई सुख शान्ति प्रदान गरी सन्चो राख्नुस् , र यसलाई माफ गर्नुस् , तथा पाहुना घर स्वर्गमा यसलाई राखेर सम्मान दिनुस् , तथा यसको चिहानलाई फराकिलो गरी दिनुस् तथा यसका पापहरुलाई पानी , असिना तथा ओस् बाट पाखाली पापहरु बाट मुक्त गरी दिनुस् । यस लाई पापहरु बाट यस्तो सफा र स्वच्छ गरी देऊ जस्तो कि सेतो लुगा लाई फोहर , मैल बाट सफा गरिन्छ , तथा यसलाई यसको संसारिक घर भन्दा राम्रो घर प्रदान गर्नुस् , तथा यसका परिवारहरु भन्दा



राम्रो परिवारमा गरी दिनुस् , तथा यस्को जोडा भन्दा राम्रो जोडा सित मिलाई दिनुस् , तथा यस लाई स्वर्गमा प्रवेश गराई दिनुस् तथा यस लाई चिहान तथा नरक को सजाय तथा यातना बाट जोगाउनुस् । ( मुस्लिम २/६६३ )

١٥٧- (( اَللَّهُمَّ اغْفِرْ لِحَيِّنَا ، وَمَيِّتِنَا ، وَشَاهِدِنَا ، وَغَائِبِنَا ، وَصَغِيْرِنَا وَكَبِيْرِنَا ، وَذَكَرِنَا وَأُنْثَانَا . اَللَّهُمَّ مَنْ أَحْيَيْتَهُ مِنَّا فَأَحْيِهِ عَلَى الْإِسْلَامِ وَمَنْ تَوَفَّيْتَهُ مِنَّا فَتَوَفَّهُ عَلَى الإِيْمَانِ ، اَللَّهُمَّ لاَ تَحْرِمْنَا أَجْرَهُ [ وَلاَ تُضِلَّنَا بَعْدَهُ ] ))

१५७ . हे अल्लाह ! हाम्रा जिवित रही रहेका तथा मरी सकेका दुबै लाई क्षमा गरी देऊ , तथा उपस्थित र अनुपस्थित सबै लाई , तथा स्याना ठूलाहरु लाई , लोगने मानिस तथा आइमाईहरु सबै लाई क्षमा गरी दिनुस् । हे अल्लाह ! जस लाई तपाईं जिवित राख्नुस् उसलाई इस्लाम धर्ममा जिवित राख्नुहोस् , तथा हामीहरु मध्ये जसलाई मृत्यु दिनुस् उसलाई ईमान तथा विश्वासमा राखी मृत्यु दिनुहोस् । हे अल्लाह ! यसको प्रतिफल् , पुण्य तथा राम्रा कुराहरु बाट हामी लाई वञ्चित न राख्नुहोस् र यस पछि हामी लाई पथभ्रष्ट न गर्नुहोस् ।

( इब्ने माजा १/४८० , अहमद् २/२६८ तथा हेर्नुस् सहीह इब्ने माजा १/२५१ )

١٥٨- (( اَللّٰهُمَّ إِنَّ فُلاَنَ بْنَ فُلانٍ فِيْ ذِمَّتِكَ ، وَحَبْلِ جِوَارِكَ ، فَقِهْ مِنْ فِتْنَةِ الْقَبْرِ وَعَذَابِ النَّارِ ، وَأَنْتَ أَهْلُ الْوَفَاءِ وَالْحَقِّ . فَاغْفِرْ لَهُ وَارْحَمْهُ إِنَّكَ أَنْتَ الْغَفُوْرُ الرَّحِيْمُ ))

१५८. हे अल्लाह ! फलानो को छोरा फलानो तिम्रो जिम्मा तथा शरणमा छ । यसले गर्दा तिमी यसलाई चिहान को परिक्षा तथा नरक को यातना तथा सजाय बाट बचाऊ , तपाईं वादा गरेको कुरालाई पुरा गर्ने वाला तथा साँचो पूजनीय हुनु हुन्छ , यसले गर्दा यसलाई क्षमा गरी दिनुहोस् तथा यो माथि दया , कृपा गर्नुहोस् । निःसन्देह तपाईं नै अति क्षमाशील तथा अति कृपालु हुनु हुन्छ ।

( इब्ने माजा तथा हेर्नुस् सहीह इब्ने माजा १/२५१ तथा अबू दाऊद ३/२११ )

١٥٩- (( اَللّٰهُمَّ عَبْدُكَ وَابْنُ أَمَتِكَ إِحْتَاجَ إِلَى رَحْمَتِكَ ، وَأَنْتَ غَنِيٌّ عَنْ عَذَابِهِ إِنْ كَانَ مُحْسِناً فَزِدْ فِيْ حَسَنَاتِهِ وَإِنْ كَانَ مُسِيْئاً فَتَجَاوَزْ عَنْهُ ))

१५९. हे अल्लाह ! यो तिम्रो सेवक तिम्री सेविका को छोरा तिम्रो दया , कृपा को मुहताज तथा भिखारी छ तथा तपाईं यसलाई सजाय दिनु बाट बेपरवाह तथा स्वच्छन्द हुनु हुन्छ । यदि यो पुण्य गर्नेवाला थियो भने यसका



पुण्यहरुमा बृद्धि गर्नुहोस् तथा यदि पाप गर्नेहरु मध्ये थियो भने यसलाई क्षमा गरी दिनुहोस् ।

( इमाम हाकिम्ले उक्त हदीसलाई उल्लेखित गरी राम्रो भन्नु भएका छन् , इमाम ज़हबीले पनि आफ्नो सहमति व्यक्त गर्नु भएका छन् , १/३५९ तथा हेर्नुस् शैख़ अल्बानी रहिमहुल्लाह को किताब अहकामुल् जनाइज़ पृष्ठ १२५ )

## ५६ – मृतक् बच्चा माथि सलात पढने बेला को दुआ

١٦٠- (( اَللّٰهُمَّ أَعِذْهُ مِنْ عَذَابِ الْقَبْرِ ))

१६० . हे अल्लाह ! यसलाई चिहान ( क़ब्र ) को सजाय बाट बचाऊ ।

सईद बिन मुसय्यिब बाट उल्लेखित छ कि : उनी भन्दछन् कि मैले अबू हुरैरह् रजिअल्लाहु अन्हु को पछाडि यस्तो बच्चा को जनाजा को सलात पढें जस्ले कहिले पनि पाप गरेको थिएन , भने मैले उहाँ लाई यिनी शब्दहरुमा दुआ गर्दै सुनें । ( मुवत्ता १/२८८ , इब्ने अबी शैबा ३/२१७ तथा यसको सनद्लाई शोअैब अरनाउत्ले राम्रो भन्नु भएका छन् , हेर्नुस् शरहुस् सुन्ना ५/३५७ )

तथा यदि तल लेखिएको दुआ पढेस् भने झन् राम्रो छ ।

اَللّٰهُمَّ اجْعَلْهُ فَرَطاً وَذُخْراً لِوَالِدَيْهِ ، وَشَفِيْعاً مُجَاباً . اَللّٰهُمَّ ثَقِّلْ بِهِ مَوَازِيْنَهُمَا وَأَعْظِمْ بِهِ أُجُوْرَهُمَا ، وَأَلْحِقْهُ بِصَالِحِ الْمُوْمِنِيْنَ ، وَاجْعَلْهُ فِيْ كَفَالَةِ إِبْرَاهِيْمَ ، وَقِهِ بِرَحْمَتِكَ عَذَابَ الْجَحِيْمِ ، وَأَبْدِلْهُ دَاراً خَيْراً مِنْ دَارِهِ ، وَأَهْلاً خَيْراً مِنْ أَهْلِهِ،اَللّٰهُمَّ اغْفِرْ لِأَسْلاَفِنَا، وَأَفْرَاطِنَا ، وَمَنْ سَبَقَنَا بِالإِيْمَانِ ))

हे अल्लाह ! यसलाई यसको आमा बाबु का लागि स्वर्गमा अगाडि पुगेर स्वागत् गर्ने वाला तथा लाभ पुऱ्याउने वाला बनाई देऊ , तथा यस्तो सिफारिस् गर्ने वाला बनाउनुहोस् जसको सिफारिस् लाई स्वीकार गरियोस् । हे अल्लाह ! यस को साथमा यसका आमा बाबु दुबै का पुण्यलाई तराजुमा तौलदा खेरि गरुहन्गो तथा भारी गरी दिनुहोस् , तथा यसको माध्यमले यी दुबै को पुण्यमा बृद्धि गरी दिनुस् , तथा यसलाई असल मोमिनहरु संग मिलाई देऊ , तथा यस को अभिभावक इब्राहीम लाई बनाई उनी को छत्र छायामा गरी दिनुहोस् , तथा यस माथि आफ्नो विशेष दया , कृपा गरी यसलाई नरक को यातना तथा सजाय बाट सुरक्षित राख्नुहोस् , तथा यसको संसारिक घर भन्दा राम्रो घर देऊ , तथा यसको संसारिक परिवार भन्दा राम्रो परिवारमा गरी देऊ । हे अल्लाह ! हाम्रा अस्लाफ अर्थात हामी भन्दा अगाडि बिती सकेका असल् तथा भला मुसलमानहरु लाई तथा उनी दाजु भाईहरुलाई पनि क्षमा



गरी देऊ जुन हामी भन्दा अघि अल्लाह प्रति ईमान तथा विश्वास राखेका थिए र इस्लाम धर्म ग्रहण गरी तौहीदमा उनको मृत्यु भएको थियो ।

(( हेनुस् अल्लामा शैख़ बिन् बाज़ रहिमहुल्लाह को किताब , अद्दुरुसुल् मुहिम्मा लिआम्म तिल् उम्मा , पृष्ठ १५ ))

١٦١- (( اَللّٰهُمَّ اجْعَلْهُ لَنَا فَرَطاً ، وَسَلَفاً ، وَأَجْراً ))

१६१ . हे अल्लाह ! यसलाई हामीहरु का लागि स्वर्गमा अगाडि पुगेर स्वागत् गर्ने वाला तथा पहिल्यै गएर बन्दोबस्त गर्ने वाला तथा पुण्यको माध्यम बनाई देऊ ।

( इमाम बग़वी को किताब शरहुस्सुन्ना पेज न० ५/३५७ मा यो दुआ़ मात्र हजरत हसन् ताबअ़ी रहिमहुल्लाह सित सिद्ध छ कि उनी बच्चाको जनाज़ाको नमाज़मा सूरा फतिहा पढि सके पछि यो दुआ़ पनि पढ्दै थिए । ))

## ५७ – शोक सन्देश (तअ़ज़ियत् अर्थात मृतक् का घर परिवार वालाहरु लाई तसल्ली दिनु ) को दुआ़

١٦٢- (( إِنَّ لِلّٰهِ مَا أَخَذَ ، وَلَهُ مَا أَعْطَى وَكُلُّ شَيْءٍ عِنْدَهُ بِأَجَلٍ مُسَمًّى ..... فَلْتَصْبِرْ وَلْتَحْتَسِبْ ))

१६२. त्यो अल्लाह कै नै हो जुन उसले लिनु भयो तथा जुन उसले प्रदान गरेको छ त्यो पनि उसै कै हो तथा अल्लाह कहाँ सबै कुराहरु का लागि एउटा निश्चित समय नियुक्त छ , यसले गर्दा तपाईंहरु सब्र , सन्तुष्टि सहनशीलता तथा धैर्य सित काम लिनुस् तथा पुण्य को नीयत् र अभिलाशा राख्नुस् ।(बुख़ारी २/८०,मुस्लिम२/६३६ ) तथा यदि यस प्रकार भनोस् भने राम्रो छ ।

(( أَعْظَمَ اللهُ أَجْرَكَ ، وَأَحْسَنَ عَزَاءَكَ وَغَفَرَ لِمَيِّتِكَ ))

अल्लाहले तपाईंहरु लाई अधिक तथा विशाल पुण्य प्रदान गरोस् तथा तपाईंहरु लाई आफू तिर बाट राम्रो तसल्ली , सन्तुष्टि , सहन् गर्ने क्षमता तथा धैर्य प्रदान गरोस् र तपाईंहरुको मृतक्लाई क्षमा गरोस् ।
( इमाम नववी को किताब अल् अज़्कार पृष्ठ १२६ )

## ५८ – मुर्दालाई चिहानमा झार्दा खेरि को दुआ़

١٦٣- (( بِسْمِ اللهِ وَعَلَى سُنَّةِ رَسُوْلِ اللهِ ))

१६३ . अल्लाह को नाम सित तथा रसूलुल्लाह ﷺ को सुन्नत् (जीवनपद्धति) अनुसार तिमी लाई चिहान (क़ब्र) मा झारी रहेकोछु । (( अबू दाऊद ३/३१४ , उक्त हदीस को सनद्



ठीक छ , तथा मुस्नद् अहमद हदीस ग्रन्थमा यी शब्दहरु छन् । بِسْمِ اللهِ وَعَلَى مِلَّةِ رَسُوْلِ اللهِ तथा यो हदीस पनि राम्रो छ ।))

## ५९ – मुर्दालाई चिहानमा दफन् गरे पछि को दुआ

रसूलुल्लाह ﷺ ले मुर्दालाई चिहानमा झारी उसको चिहान बन्द गरेर माटो बराबर गरी सके पछि उसको चिहान नजिक खडा हुन्थे र भन्थे : - आफ्नो भाई का लागि अल्लाह सित क्षमा याचना गर तथा यसको लागि परिक्षामा सफल् र पास हुन् को निम्ति दुआ़ , प्रार्थना गर किन भने अहिले यो सित सोधपूछ गरिनेछ ।
( अबू दाऊद ३/३१५ तथा इमाम हाकिमले यो हदीसलाई बयान गरी ठीक तथा राम्रो भन्नु भएका छन् तथा इमाम ज़हबीले पनि उहाँ को यस कुरा माथि आफ्नो सहमति व्यक्त गरेका छन् । १/३७० )

١٦٤- (( اَللّٰهُمَّ اغْفِرْ لَهُ اَللّٰهُمَّ ثَبِّتْهُ ))

१६४ . हे अल्लाह ! यसलाई क्षमा गर्नुहोस् , हे अल्लाह ! यसलाई परिक्षामा सफल् पार्नुहोस् ।

## ६० – चिहानहरु को दर्शन गर्दा खेरि को दुआ

١٦٥- (( اَلسَّلَامُ عَلَيْكُمْ أَهْلَ الدِّيَارِ مِنَ الْمُؤْمِنِيْنَ وَالْمُسْلِمِيْنَ وَإِنَّا إِنْ شَاءَ اللهُ بِكُمْ لَاحِقُوْنَ [ وَيَرْحَمُ اللهُ الْمُسْتَقْدِمِيْنَ مِنَّا وَالْمُسْتَأْخِرِيْنَ ] أَسْأَلُ اللهَ لَنَا وَلَكُمُ الْعَافِيَةَ ))

१६५ . हे यस घर (चिहान) मा बस्ने मोमिन तथा मुसलमानहरु ! तिमीहरु माथि सलाम होस् , तथा हामी पनि यदि अल्लाहले चाहनु भयो भने तिमीहरु सित मिल्नेछौं । तथा हाम्रा अगाडि तथा पछाडि मोमिनहरु माथि अल्लाहको दया तथा कृपा होस् , म आफूको निम्ति तथा तिमीहरुका लागि पनि अल्लाह सित क्षमा र सुरक्षा को सवाल गर्दछु ।
( मुस्लिम २/६७१ तथा इब्ने माजा १/४९४ )

## ६१ – हावा चलने बेलाको दुआ

١٦٦- (( اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ خَيْرَهَا ، وَأَعُوْذُ بِكَ مِنْ شَرِّهَا ))



१६६. हे अल्लाह ! म तपाईं सित यसको राम्रो कुरा बारे सवाल गर्दछु तथा म यसको नराम्रो कुरा बाट तिम्रो शरण खोज्दछु । ( अबू दाऊद ४/३२६ , इब्नेमाजा २/१२२८ तथा हेर्नुस् सहीह इब्नेमाजा २/३०५ )

١٦٧- (( اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ خَيْرَهَا ، وَخَيْرَ مَا فِيْهَا ، وَخَيْرَ مَا أُرْسِلَتْ بِهِ وَأَعُوْذُ بِكَ مِنْ شَرِّهَا ، وَشَرِّ مَا فِيْهَا وَشَرِّ مَا أُرْسِلَتْ بِهِ ))

१६७ . हे अल्लाह ! म तपाईं सित माग्दछु यसको भलो कुरा बारे , तथा त्यस कुराको भलाई बारे जुन यसमा छ तथा त्यस कुरा को भलाई बारे जसको साथमा यो पठाइएको छ , तथा म तिम्रो शरण माग्दछु यसको नराम्रो कुरा बारे तथा त्यस थोक को नराम्रोपना बाट जुन यसमा छ , तथा त्यस कुरा को नराम्रोपना बाट जसको साथमा यो पठाइएको छ । ( मुस्लिम २/६१६ , बुख़ारी ४/७६ )

## ६२ – बादल् गरज्ने बेलामा पढिने दुआ़

अ़ब्दुल्लाह बिन ज़ुबैर रजियल्लाहु अन्हु जब बादलको गरजाई सुन्दथे भने कुरा गर्न छाडि दिन्थे तथा यो दुआ पढन् थाल्थे :

١٦٨- (( سُبْحَانَ الَّذِيْ يُسَبِّحُ الرَّعْدُ بِحَمْدِهِ وَالْمَلَائِكَةُ مِنْ خِيْفَتِهِ ))

१६८. पवित्र छ त्यो अल्लाह , बादलको गरज्ले उसको स्मरण गर्दछ उसको प्रशंसाको साथ , तथा फरिश्ताहरु पनि उस बाट त्रसेर उसको भजन् कीर्तन् गर्दछन् ।
( मोवत्ता २/९९२, शैख़ अल्बानी रहिमहुल्लाहले भन्दछन् कि सहाबी सित यो दुआ़ साबित् छ ।

## ६३ – वर्षा माँग्नका लागि केहि दुआ़हरु

١٦٩- (( اَللّٰهُمَّ اسْقِنَا غَيْثاً مُغِيْثاً مَرِيْئاً مَرِيْعاً ، نَافِعاً غَيْرَ ضَارٍّ عَاجِلاً غَيْرَ آجِلٍ ))

१६९ . हे अल्लाह ! हामीलाई वर्षा प्रदान गर , मद्दत् गर्ने वाला , मन्लाई शान्ति दिने वाला , हरियो गर्ने वाला , लाभ पुऱ्याउने वाला , हानी नोकसानी न गर्ने वाला , छिटो आउने वाला , ढिलो न गर्ने वाला ।
( अबू दाऊद १/३०३ , शैख़ अल्बानीले यो हदीसलाई ठीक भन्नु भएका छन् १/२१६ )

١٧٠- (( اَللّٰهُمَّ أَغِثْنَا، اَللّٰهُمَّ أَغِثْنَا ، اَللّٰهُمَّ أَغِثْنَا ))

१७० . हे अल्लाह ! हामी माथि पानी बर्साउनुहोस् , हे अल्लाह ! हामी माथि पानी बर्साउनुहोस् , हे अल्लाह ! हामी माथि पानी बर्साउनुहोस् ।
( बुख़ारी १/२२४, मुस्लिम २/६१३ )



١٧١- (( اَللّٰهُمَّ اسْقِ عِبَادَكَ ، وَبَهَائِمَكَ ، وَانْشُرْ رَحْمَتَكَ وَأَحْيِيْ بَلَدَكَ الْمَيِّتَ ))

१७१. हे अल्लाह ! आफ्ना भक्त तथा दास मानिस तथा आफ्ना जनावरहरुलाई पानी खुवाउनुस् , तथा आफ्नो दया , कृपालाई विस्तार गरी दिनुस् , तथा आफ्नो मुर्दा जस्तो भएको शहरलाई जिवित् गरी देऊ ।
( अबू दाऊद १/ ३०५ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यसलाई ठीक भन्नु भएका छन् , हेर्नुस् सहीह अबू दाऊद १/२१८ )

## ६४ – वर्षा हुने बेलाको दुआ़

١٧٢- (( اَللّٰهُمَّ صَيِّباً نَافِعاً ))

१७२ . हे अल्लाह ! यसलाई नाफा दिने वाला वर्षा बनाई देऊ । ( बुख़ारी फ़त्हुल् बारी को साथमा २/५१८ )

## ६५ – वर्षा समाप्त भए पछि को दुआ़

١٧٣- (( مُطِرْنَا بِفَضْلِ اللهِ وَرَحْمَتِهِ ))

१७३. हामी माथि अल्लाह को दया तथा उसको कृपाले वर्षा भएको छ । ( बुख़ारी १/२०५ , मुस्लिम १/८३ )

## ६६ – वर्षा रोक्का गर्न का लागि दुआ़

١٧٤- (( اَللَّهُمَّ حَوَالَيْنَا وَلاَعَلَيْنَا اَللَّهُمَّ عَلَى الآكَامِ وَالظِّرَابِ ، وَبُطُوْنِ الأَوْدِيَةِ ، وَمَنَابِتِ الشَّجَرِ ))

१७४. हे अल्लाह ! हामा वरि–परि वर्षा बर्साउनुस् तथा हामी माथि न बर्साउनुस् । हे अल्लाह ! पहाड तथा भर्याङ्गहरु माथि र खोला तथा घाटीहरुको होचो ठाउँमा , तथा रुख तथा बोट बिरुवा उब्जने ठाउँ अर्थात जङ्गल्हरुमा पानी बर्साउनुस् । ( बुख़ारी १/२२४ , मुस्लिम २/६१४ )

## ६७ – नयाँ चन्द्रमा हेर्ने बेला को दुआ़

١٧٥- (( اَللهُ أَكْبَرْ ، اَللَّهُمَّ أَهِلَّهُ عَلَيْنَا بِالأَمْنِ ، وَالإِيْمَانِ وَالسَّلاَمَةِ وَالإِسْلاَمِ ، وَالتَّوْفِيْقِ لِمَا تُحِبُّ وَتَرْضَى ، رَبُّنَا وَرَبُّكَ اللهُ ))

१७५. अल्लाह सबै भन्दा ठूलो तथा महान हुनुहुन्छ हे अल्लाह ! तपाईं यसलाई हामी माथि प्रकट गर्नुस् शुभ शान्ति , ईमान तथा इस्लाम को साथ र यस कुराको



मनोकामना को साथ जुन कुरा सित हे हाम्रो पालन्कर्ता ! तपाईं प्रेम गर्नु हुन्छ र मन्पराउनु हुन्छ ।
(त्रिमिज़ी५/५०४,दारमी१/३३६ तथा हेर्नुस् सहीह त्रिमिज़ी३/१५७ )

## ६८ – रोज़ा खोलने बेलाको दुआ़

١٧٦- (( ذَهَبَ الظَّمَأُ ، وَابْتَلَّتِ الْعُرُوْقُ ، وَثَبَتَ الأَجْرُ إِنْ شَاءَ اللهُ ))

१७६. त्रिखा समाप्त भयो तथा नासाहरुमा पानी पस्यो तथा यदि अल्लाहले चाहनु भयो भने पुण्य साबित् भयो ।
( अबू दाऊद २/३०६ तथा हेर्नुस् सहीहुल् जामिअ़ ४/२०९ )
अब्दुल्लाह बिन् अ़मर बिन् आ़स रजियल्लाहु अन्हुमा बयान गर्दछन् कि रसूलुल्लाह ﷺ ले भन्नु भयो (( रोजादार अर्थात बर्त बस्ने मानिसका लागि रोजा खोलने बेलामा एउटा निश्चित दुआ़ छ जुन कहिले पनि बदर हुन सक्दैन । अर्थात त्यो दुआ़ अल्लाहको दरबारमा अवश्य स्वीकार हुनेछ । इब्ने अबी मुलैका को भनाई छ कि अब्दुल्लाह बिन् अमर बिन् आ़स रजियल्लाहु अन्हुमा रोजा खोलने बेलामा यो दुआ़ पढदै गर्दथे ।

١٧٧- (( اَللَّهُمَّ إِنِّيْ أَسْأَلُكَ بِرَحْمَتِكَ الَّتِيْ وَسِعَتْ كُلَّ شَيْءٍ أَنْ تَغْفِرَ لِيْ ))

१७७ . हे अल्लाह ! म तिमी सित तिम्रो त्यस दया , कृपा को माध्यमले माग्दछु , जुन सबै थोकहरुलाई छोपेको छ कि तिमी मलाई क्षमा गरी दिनुहोस् ।
( इब्ने माजा १/५५७ )

## ६९ – खाना खानु भन्दा अगाडि को दुआ

١٧٨- (( إِذَا أَكَلَ أَحَدُكُمْ طَعَاماً فَلْيَقُلْ : بِسْمِ اللهِ ، فَإِنْ نَسِيَ فِيْ أَوَّلِهِ فَلْيَقُلْ : بِسْمِ اللهِ فِيْ أَوَّلِهِ وَآخِرِهِ ))

१७८. रसूलुल्लाह ﷺ भन्दछन् कि तिमीहरु मध्ये कोही मानिस जब खाना खाने इचछा गरोस् भने खाना खानु शुरु गर्नु भन्दा अगाडि (( बिस्मिल्लाह अर्थात अल्लाहको नाम लिएर खाना खान्छु )) तथा यदि शुरुमा बिर्सेको भने यस्तो भनोस् (( बिस्मिल्लाहि फ़ी अव्वलिहि व आख़िरिही )) अल्लाह को नाम लिएर खान्छु यसको शुरुमा तथा यसको अन्तमा । ( अबू दाऊद ३/३४७ , त्रिमिज़ी ४/२८८ तथा हेर्नुस् सहीह त्रिमिज़ी २/१६७ )

(२) जसलाई अल्लाहले खाना खुवाओस् भने त्यो यो दुआ पढोस् :

١٧٩- (( اَللّٰهُمَّ بَارِكْ لَنَا فِيْهِ وَأَطْعِمْنَا خَيْراً مِنْهُ ))

१७९.हे अल्लाह ! हाम्रा लागि यसमा बरकत् देऊ र हामीलाई यो भन्दा राम्रो खोवाउनुस् ।



र जसलाई अल्लाहले दुध खुवाओस् त्यो यो दुआ पढोस् :

(( اَللّٰهُمَّ بَارِكْ لَنَا فِيْهِ وَزِدْنَا مِنْهُ ))

हे अल्लाह ! हाम्रा लागि यसमा कल्याण तथा बरकत् प्रदान गर तथा हामीलाई अधिक दुध प्रदान गर अर्थात हामीलाई अधिक दुध खुवाऊ ।
( त्रिमिज़ी ५/५०६ तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१५८ )

## ७० – खाना खाई सके पछि को दुआ

١٨٠- (( اَلْحَمْدُ لِلّٰهِ الَّذِيْ أَطْعَمَنِيْ هٰذَا ، وَرَزَقَنِيْهِ مِنْ غَيْرِ حَوْلٍ مِنِّيْ وَلَا قُوَّةٍ ))

१८० . सबै किसिमका प्रशंसा तथा तारिफहरु मात्र अल्लाहका लागि छन् जसले मलाई यो खाना खुवायो तथा मेरो बिना कुनै प्रयास र बिना तागत् मलाई यो खाना प्रदान गर्‍यो ।
( अबू दाऊद , त्रिमिज़ी , इब्ने माजा तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१५९ )

١٨١- (( اَلْحَمْدُ لِلّٰهِ حَمْداً كَثِيْراً طَيِّباً مُبَارَكاً فِيْهِ غَيْرَ ( مَكْفِيٍّ وَلَا ) مُوَدَّعٍ وَلَا مُسْتَغْنًى عَنْهُ رَبَّنَا ))

१८१. प्रत्येक प्रकारका प्रशंसाहरु मात्र अल्लाहकै लागि छन् , बहुत अधिक प्रशंसा , पवित्र प्रशंसा जसमा बरकत्

तथा कल्याण गरिएको होस् , जसलाई न प्रयाप्त समझेको , तथा न छाडिएको होस् , र न त उस बाट बेपरबाही तथा विमुखता गरिएको होस् , हे हाम्रो प्रतिपालक् ! ।
( बुख़ारी ६/२१४ , त्रिमिज़ी ५/५०७ )

## ७१ – पाहुना को दुआ़ खाना खुवाउने मानिस का लागि

١٨٢- ((اَللّٰهُمَّ بَارِكْ لَهُمْ فِيْمَا رَزَقْتَهُمْ ، وَاغْفِرْ لَهُمْ وَارْحَمْهُمْ))

१८२. हे अल्लाह ! तपाईंले यिनीहरुलाई जो सुकै प्रदान गर्नु भएको हुनु हुन्छ त्यसमा यिनीहरुका लागि बृद्धि , कल्याण तथा बरकत् प्रदान गर,तथा यिनीहरुलाई क्षमा गरी दिनुस् तथा यिनी माथि दया,कृपा गर ।
( मुस्लिम ३ /१६१५ )

## ७२ – जुन मानिस कसैलाई केही पानि आदि खुवाओस् वा खुवाउने इच्छा गरोस् उस को लागि दुआ़



١٨٣- ((اَللّٰهُمَّ أَطْعِمْ مَنْ أَطْعَمَنِيْ وَاسْقِ مَنْ سَقَانِيْ))

१८३. हे अल्लाह ! जसले मलाई खाना खुवाओस् तिमी उसलाई खाना खुवाउनुस् तथा जसले मलाई पानी , दुध आदि खुवाओस् तिमी उसलाई पानी , दुध आदि खुवाउनुस् । ( मुस्लिम ३/१२६ )

## ७३ – जब रोज़ादार मानिस कुनै परिवार कहाँ रोज़ा इफ्तारी गरोस् भने उनीहरु का लागि दुआ़ गरोस्

١٨٤- ((أَفْطَرَ عِنْدَكُمُ الصَّائِمُوْنَ ، وَأَكَلَ طَعَامَكُمُ الأَبْرَارُ وَصَلَّتْ عَلَيْكُمُ الْمَلاَئِكَةُ))

१८४. तिमीहरु कहाँ रोजादार मानिसहरु इफ़्तारी गर्दै गरुन् तथा तिमीहरुको खाना असल् तथा सद्कर्मी मानिसहरु खाउन् तथा फ़रिश्ताहरु तिमीहरुका लागि दुआ़ गरुन् । ( अबू दाऊद ३/३६७ , इब्ने माजा १/५५६ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यसलाई राम्रो भन्नु भएका छन् , हेर्नुस् सहीह अबू दाऊद २/७३० )

## ७४ – त्यस् बेलाको दुआ जब खाना मौजुद होस् तथा बर्त बस्ने मानिस रोज़ा इफ्तारी न गरोस् ।

١٨٥- (( إِذَا دُعِيَ أَحَدُكُمْ فَلْيُجِبْ ، فَإِنْ كَانَ صَائِماً فَلْيُصَلِّ وَإِنْ كَانَ مُفْطِراً فَلْيَطْعَمْ ))

१८५. रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि जक तिमीहरु मध्ये कसैलाई खाना खानका निम्ति निमन्त्रण दिइयोस् भने निमन्त्रण स्वीकार गरोस् , यदि रोजादार होस् अर्थात बर्त बसेकोछ भने निमन्त्रण दिने मानिस का लागि दुआ गरोस् र यदि बर्त न बसेको छ भने खाना खाओस् ।
( मुस्लिम २/१०५४ )

## ७५ – रोज़ादारलाई जब कोही गाली गरोस् भने रोज़ादारले गाली दिने मानिसलाई के भनोस् ?

١٨٦- (( إِنِّيْ صَائِمٌ ، إِنِّي صَائِمٌ ))



१८६ . म बर्त बसेको छु , म बर्त बसेको छु ।
( बुख़ारी फत्हुल् बारी को साथमा ४/१०३ , मुस्लिम २/८०६ )

## ७६ – पहिलो पटक अर्थात नयाँ फल् हेर्ने बेला को दुआ

١٨٧- (( اَللَّهُمَّ بَارِكْ لَنَافِيْ ثَمَرِنَا ، وَبَارِكْ لَنَا فِيْ مَدِيْنَتِنَا وَبَارِكْ لَنَا فِيْ صَاعِنَا ، وَبَارِكْ لَنَا فِيْ مُدِّنَا ))

१८७ . हे अल्लाह ! हाम्रा लागि हाम्रा फल्फूलमा कल्याण , बृद्धि तथा बरकत् गर , तथा हाम्रा निम्ति हाम्रो शहरमा बरकत् देऊ , तथा हाम्रा लागि हाम्रो साअमा बरकत् देऊ तथा हाम्रो निम्ति हाम्रो मुद्दमा बरकत् तथा बृद्धि गर ।
(( अर्थात नापतौल गर्ने यन्त्र तथा माना पाथिमा बरकत् देऊ ))
( मुस्लिम २/१००० )

## ७७ – छिँक्ने बेला को दुआ

١٨٨- (( إِذَا عَطَسَ أَحَدُكُمْ فَلْيَقُلْ اَلْحَمْدُ للهِ ، وَلْيَقُلْ لَهُ أَخُوْهُ أَوْ صَاحِبُهُ : يَرْحَمُكَ اللهُ ، فَإِذَا قَالَ لَهُ : يَرْحَمُكَ اللهُ فَلْيَقُلْ : يَهْدِيْكُمُ اللهُ وَيُصْلِحُ بَالَكُمْ ))

१८८. जब तिमीहरु मध्ये कोही छिँकने गरोस् भने यो भनोस् (( अल्हम्दु लिल्लाह )) अर्थात सब प्रहंसा मात्र अल्लाहको लागि छ । तथा यो शब्द वा दुआ सुन्ने मानिस उसको मुस्लिम भाई वा साथीले उसलाई जवाफ देओस् (( यर्हमुकल्लाह )) अर्थात अल्लाह तिमी माथि दया तथा कृपा गरोस् , अनि जब त्यो उसको निम्ति (( यरहमुकल्लाह )) भनोस् भने छिँकने मानिस उसलाई यस्तो भनोस् (( यहदीकुमुल्लाहु व युस्लिहु बालकुम् )) अर्थात अल्लाह तिमीहरुलाई मार्गदर्शन् गरोस् तथा तिमीहरुको सतिथि र हालत् ठीक पारोस् । (बुख़ारी ७ /१२५ )

## ७८ – जब कीफर (नास्तिक) छिँक्दा खेरि अल्हम्दु लिल्लाह भनोस् भने उस को लागि के भनियोस्

١٨٩- (( يَهْدِيْكُمُ اللهُ وَيُصْلِحُ بَالَكُمْ ))

१८९. अल्लाह तिमीलाई इस्लाम धर्म तिर लगाओस् तथा तिम्रो हालत् ठीक गरोस् । ( त्रिमिज़ी ५/८२ तथा हेर्नुस् सहीह त्रिमिज़ी२/३५४,अहमद्४/४०० तथा अबू दाऊद४/३०८ )



## ७९ – बिहे गर्ने मानिस को लागि दुआ

١٩٠- (( بَارَكَ اللهُ لَكَ ، وَبَارَكَ عَلَيْكَ ، وَجَمَعَ بَيْنَكُمَا فِيْ خَيْرٍ ))

१९० . अल्लाह तिम्रो निम्ति बरकत् तथा कल्याण गरोस् तथा तिमी माथि बरकत् तथा कल्याण अवतरित् गरोस् र तिमी दुबैलाई भलो कुरा का लागि भेला र एकत्र गरोस् । ( अबू दाऊद , त्रिमिज़ी , इब्ने माजा तथा हेर्नुस् सहीह त्रिमिज़ी १/३१६ )

## ८० – बिवाह गर्ने मानिस को दुआ आफू लागि तथा सवारी किन्ने बेलाको दुआ

रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि जब तिमीहरु मध्ये कोही मानिस कुनै आईमाई सित बिहे गरोस् अथवा दासी वा नोकरानी किनोस् भने यो दुआ पढोस् ।

١٩١- (( اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ خَيْرَهَا وَخَيْرَ مَا جَبَلْتَهَا عَلَيْهِ وَ أَعُوذُ بِكَ مِنْ شَرِّهَا وَشَرِّ مَا جَبَلْتَهَا عَلَيْهِ ))

१९१. हे अल्लाह ! म तिमी सित यसको भलो तथा राम्रो कुरा बारे अनुरोध गर्दछु तथा त्यस कुराको राम्रोपनाको

पनि सवाल गर्दछु जसका लागि तिमीले यसलाई पैदा गर्नु भएको , तथा तिम्रो शरण चाहन्छु उसको नराम्रो कुरा , दुषकर्म तथा उपद्रो बाट तथा त्यस कुराको नराम्रोपना सित जसका लागि तिमीले उसलाई पैदा गर्नु भएको ।
तथा जब कोही मानिस ऊँट वा कोही पनि जनावर किनोस् भने उसको सिउर , वा जगर समातेर यो दुआ पढोस् । ( अबू दाऊद २/२४८ , इब्ने माजा १/६१७ तथा हेर्नुस् सहीह इब्ने माजा १/३२४ )

## ८१ – सम्भोग गर्नु भन्दा अगाडि को दुआ

१٩٢- (( بِسْمِ اللهِ . اَللَّهُمَّ جَنِّبْنَا الشَّيْطَانَ ، وَجَنِّبِ الشَّيْطَانَ مَا رَزَقْتَنَا ))

१९२. अल्लाहको नाउँमा , हे अल्लाह हामीलाई शैतान बाट बचाऊ , तथा जुन सन्तान हामीलाई प्रदान गर उसलाई पनि शैतान बाट बचाऊ ।
( बख़ारी ६/१४१, मुस्लिम २/१०२८ )

## ८२– रिस(क्रोध)समाप्त गर्नका लागि दुआ

١٩٣- (( أَعُوْذُ بِاللهِ مِنَ الشَّيْطَانِ الرَّجِيْمِ ))



१९३. म अभिशापित् शैतान बाट अल्लाहको शरण चाहन्छु । ( बुख़ारी ७/९९ , मुस्लिम ४/२०१५ )

## ८३ – कुनै बिरामी वा अप्ठयारोमा अल्झेको मानिसलाई देखने बेलाको दुआ

١٩٤- (( اَلْحَمْدُ للهِ الَّذِيْ عَافَانِيْ مِمَّا ابْتَلاَكَ بِهِ وَفَضَّلَنِيْ عَلَى كَثِيْرٍ مِمَّنْ خَلَقَ تَفْضِيْلاً ))

१९४.सबै किसिमको प्रशंसा मात्र उस अल्लाहका लागि छन् जसले मलाई ती रोगहरु बाट टाढा गरेका छ ,जुन रोगमा तिमी ग्रस्त छौ , तथा उसले आफ्ना सृष्टिहरु मध्ये धेरै जसो मानिसहरु माथि प्राथमिक्ता प्रदान गर्नु भएको छ ।
( त्रिमिज़ी ५/४९४,५/४९३ तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१५३ )

## ८४– गोष्ठी ( बैठक् सभा वा समारोह) मा पढिने दुआ

हजरत अब्दुल्लाह बिन उमर रजियल्लाहु अन्हु बयान गर्दछन् कि रसूलुल्लाह ﷺ गोष्ठी, बैठक वा समारोहमा

त्यहाँ बाट उठनु भन्दा अगाडि एक सय पटक यो दुआ पढदै गर्दथे ।

١٩٥- ((رَبِّ اغْفِرْلِيْ وَتُبْ عَلَيَّ إِنَّكَ أَنْتَ التَّوَّابُ الْغَفُوْرُ))

१९५. हे मेरो प्रभु मलाई क्षमा गरी देऊ , तथा मेरो क्षमा याचना स्वीकार गर , निस्सन्देह तपाईं नै क्षमायाचना स्वीकार गर्ने तथा क्षमाशील हुनु हुन्छ ।
( त्रिमिज़ी तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१५३ तथा सहीह इब्ने माजा २/३२१ )

## ८५ – गोष्ठी ( बैठक् ,सभा वा समारोह) मा हुने पाप वा त्रुटिहरुलाई समाप्त गर्न का लागि दुआ ( बैठक् को कफ्फारा पश्चात्ताप )

١٩٦- ((سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ ، أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ أَنْتَ أَسْتَغْفِرُكَ وَأَتُوْبُ إِلَيْكَ))

१९६. हे अल्लाह ! तपाईं पवित्र हुनु हुन्छ , तथा तिम्रो निम्ति सबै प्रकार का प्रशंसा छन् । म गवाही दिन्छु यस कुरा को कि तपाईं बाहेक कोही पनि पूजनीय छैन , म तपाईं सित क्षमा चाहन्छु तथा तपाईं सित क्षमायाचना गर्दछु । ( त्रिमिज़ी , अबू दाऊद , नसाई , इब्ने माजा तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१५३ )



हजरत आइशा ( रजियल्लाहु अन्हा ) बयान गर्छिन् कि रसूलुल्लाह ﷺ ले कुनै पनि गोष्ठीमा उपस्थित भए पछि तथा कुरआनको पाठ गरी सके पछि तथा नमाज़ पढी सके पछि सधैं उक्त दुआ पढदै गर्दथे ।
हजरत आइशा रजियल्लाहु अन्हा भन्छिन् कि मैले सोधें हे अल्लाहको रसूल ﷺ ! म तपाईंलाई हेर्दछु कि तपाईं जब कुनै गोष्ठी , बैठक् वा समारोहमा बस्नु हुन्छ अथवा कुरआन मध्ये केही पढनु हुन्छ अथवा सलात पढनु हुन्छ भने यो दुआको

سُبْحَانَكَ اللَّهُمَّ وَبِحَمْدِكَ ، أَشْهَدُ أَنْ لاَ إِلَهَ إِلاَّ أَنْتَ أَسْتَغْفِرُكَ وَأَتُوْبُ إِلَيْكَ

साथमा समाप्त गर्नु हुन्छ । उहाँ ﷺ ले भन्नु भयो आँ । जुन कोही मानिस भलो कुरा गर्नेछ भने यो दुआ त्यो भलो कुरा माथि छाप अथवा लालमोहर बनाइएर लगाइ दिइनेछ , तथा यदि उस को मुख बाट नराम्रो कुरा निस्केको छ भने त्यसका लागि यो दुआ पश्चात्ताप बनी हाल्दछ ।
( अहमद् ६/७७ )

## ८६ – जुन मानिस यो भनोस् (गफा रल्लाहु लका ) अर्थात अल्लाह तिमी लाई क्षमा गरोस् , उसको लागि दुआ

١٩٧- (( وَلَكَ ))

१९७ . तथा अल्लाहले तिम्रो पापलाई पनि क्षमा गरोस् । अब्दुल्लाह बिन् सरजिस् को भनाई छ कि म नबी ﷺ कहाँ आएँ भने मैले उहाँ ﷺ को साथमा खाना खाएँ तथा यस पछि मैले भनें (( गफ़रल्लाहु लका या रसूलुल्लाह )) अर्थात हे अल्लाहको रसूल अल्लाह तपाईंलाई क्षमा गरोस् । यस पछि उहाँले जवाफ दिनु भयो (( व लका )) अर्थात तिमीलाई पनि अल्लाह क्षमा गरोस् । ( मुस्नद् अहमद् ५/८२ )

## ८७ – जुन तपाईं संग राम्रो ब्योहार गरोस् त्यस को लागि दुआ़

١٩٨- (( جَزَاكَ اللهُ خَيْراً ))

१९८. जुन मानिस संग राम्रो ब्योहार गरियोस् तथा उ राम्रो ब्योहार गर्ने मानिसलाई भनोस्((जज़ाकल्लाहु ख़ैरा)) तपाईं लाई अल्लाहले राम्रो प्रतिफल प्रदान गरोस् । भने उसले प्रशंसा गर्नमा अतियुक्ति गर्‍यो ।
( त्रिमिज़ी हदीस न० – २०३५ तथा हेर्नुस् सहीहुल् जामिअ़ हदीस न० ६२४४ तथा सहीह त्रिमिज़ी २/२०० )



## ८८ – त्यो दुआ़ जसलाई पढनाले मानिस कानो दज्जालको षण्यन्त्र बाट सुरक्षित रही रहनेछ ।

١٩٩- (( مَنْ حَفِظَ عَشَرَ آيَاتٍ من أول سورة الكهف عصم من الدجال ( والإستعاذة بالله من فتنته عقب التشهد الأخير من كل صلاة ))

१९९. (१) जुन मानिस सूरा कहफ् को शुरु देखि दस वटा आयतहरु याद वा घोक्ने गरोस् त्यो दज्जालको षडयन्त्र बाट सुरक्षित रही रहनेछ । ( मुस्लिम १/५५५ तथा एक हदीसमा छ कि सूरा कहफ़को अन्त देखि १/५५६ )
(२) प्रत्येक नमाज़को अन्तमा तशह्हुद् पछि दज्जालको षडयन्त्र बाट अल्लाहको शरण खोज्नु ।
( हेर्नुस् यसै किताबमा दुआ़ न० ५५, ५६ )

## ८९ – जुन ब्यक्ति भनोस् “म तपाईं सित अल्लाह को लागि माया गर्छु ” यस्तो ब्यक्ति निम्ति दुआ़

٢٠٠- (( أَحَبَّكَ الَّذِيْ أَحْبَبْتَنِيْ لَهُ ))

२०० . अल्लाह तपाईं सित माया गरोस् जुन कारणले तपाईं म सित माया गर्नु भयौ । ( अबू दाऊद ४/३३३ , शैख़ अल्बानी रहिमहुल्लाहले यो हदीसलाई ठीक भन्नु भएका छन् , हेर्नुस् सहीह अबू दाऊद ३/९६५ )

## ९० – जुन मानिसले आफ्नो धनमाल तपाईं लाई प्रदान गरोस् यस्तो मानिस् का लागि दुआ़

٢٠١- (( بَارَكَ اللهُ لَكَ فِيْ أَهْلِكَ وَمَالِكَ ))

२०१. अल्लाह तिम्रो लागि तिम्रो परिवार तथा धामालमा कल्याण तथा बृद्धि गरोस् । ( बुख़ारी ४/८८ )

## ९१ – ऋण चुक्ता गर्ने बेलामा ऋण दिने मानिस को लागि दुआ़

٢٠٢- بَارَكَ اللهُ لَكَ فِيْ أَهْلِكَ وَمَالِكَ ، إِنَّمَا جَزَاءُ السَّلَفِ الْحَمْدُ وَالْأَدَاءُ ))



२०२. अल्लाह तिम्रो लागि तिम्रो परिवार तथा धामालमा कल्याण तथा बृद्धि गरोस् । ऋणको प्रतिफल् त मात्र प्रशंसा र चुक्ता गर्नु हो । ( इब्ने माजा २/८०९ तथा हेर्नुस् सहीह इब्ने माजा २/५५ )

## ९२ – आफूलाई शिर्क (बहुदेववाद) बाट जोगाउन् को लागि दुआ़

٢٠٣- (( اَللّٰهُمَّ إِنِّيْ أَعُوْذُبِكَ أَنْ أُشْرِكَ بِكَ وَأَنَا أَعْلَمُ ، وَأَسْتَغْفِرُكَ لِمَا لاَ أَعْلَمُ ))

२०३. हे अल्लाह ! म तिम्रो शरण माग्दछु यस कुरा बाट कि म थाहा राख्दै तपाईं संग कसैलाई साझेदार पत्याऊँ , तथा त्यस शिर्क बाट पनि तिमी सित क्षमायाचना गर्दछु जुन बारे मलाई थाहा छैन । ( मुस्नद् अहमद् ४/४०३ तथा हेर्नुस् सहीहल् जामिअ् ३/३२३ तथा सहीह तरग़ीब व तरहीब १/१९ )

## ९३ – जुन मानिस् भनोस् " अल्लाह तपाईं लाई बरकत् (कल्याण) प्रदान गरोस् " भने यस्तो मानिस को लागि के दुआ़ गरियोस् ।

٢٠٤- (( وَفِيْكَ بَارَكَ اللهُ ))

२०४.जुन मानिस बारे यो दुआ गरियोस् कि: بَارَكَ اللهُ فِيْكَ अर्थात अल्लाह तिम्रो कल्यान गरोस् वा तिमीलाई बरकत् प्रदान गरोस्,भने यसको जवाफमा यो भनियोस् وَفِيْكَ بَارَكَ الله अर्थात अल्लाह तिमीलाई पनि बरकत् , कल्याण , समृद्धि तथा सुख शान्ति प्रदान गरोस् । ( इब्नुस्सुन्नी पृष्ठ १३८ हदीस न० २७८ तथा हेर्नुस् इब्नुल् क्य्यिम् रहिमहुल्लाह को किताब अल् वाबिलुस्सय्यिब् पृष्ठ ३०४ )

## ९४ – अपशगुन बाट मुक्ति को लागि दुआ

यदि कुनै मानिसको मुटुमा अपशगुन अथवा नराम्रो कुरा उत्पन्न भइ हालोस् भने त्यस कुरा बाट मुक्ति पाउनका लागि यो दुआ लाई पढनु पर्दछ ।

٢٠٥- (( اَللّٰهُمَّ لاَ طَيْرَ إِلاَّ طَيْرُكَ وَلاَ خَيْرَ إِلاَّ خَيْرُكَ وَلاَ إِلٰهَ غَيْرُكَ ))

२०५. हे अल्लाह ! कुनै पनि कुरामा अपशगुन छैन तर जुन थोकलाई तपाईं अपशगुन बनाई देऊ , त्यसैमा मात्र अपशगुन हुन् सक्दछ । तथा कुनै पनि थोकमा भलाई तथा राम्रोपना छैन तर जसलाई तपाईं भलो तथा राम्रो बनाई देऊ त्यही मात्र भलो हुन सक्दछ । तपाईं बाहेक



कोही पनि पूजनीय छैन । ( अहमद् २/२२० तथा हेर्नुस् अल् अहादीसुस्सहीहा ३/५४ )

## ९५ – सवारी माथि सवार हुने बेलाको दुआ

٢٠٦- (( بِسْمِ اللهِ اَلْحَمْدُ لِلّٰهِ ( سُبْحَانَ الَّذِيْ سَخَّرَ لَنَا هٰذَا وَمَا كُنَّا لَهُ مُقْرِنِيْنَ وَ إِنَّا إِلَى رَبِّنَا لَمُنْقَلِبُوْنَ ) اَلْحَمْدُ لِلّٰهِ ، اَلْحَمْدُ لِلّٰهِ ، اَلْحَمْدُ لِلّٰهِ ، اَللهُ أَكْبَرْ ، اَللهُ أَكْبَرْ ، اَللهُ أَكْبَرْ ، سُبْحَانَكَ اَللّٰهُمَّ إِنِّيْ ظَلَمْتُ نَفْسِيْ فَاغْفِرْ لِيْ ، فَإِنَّهُ لاَيَغْفِرُ الذُّنُوْبَ إِلاَّ أَنْتَ ))

२०६ . अल्लाह को नाउँ बाट । सबै प्रकारका प्रशंसाहरु मात्र अल्लाहका लागि छन् , पवित्र छन् उनी सर्वशक्तिमान अल्लाह जसले यस सवारीलाई मेरो नियन्त्रण तथा अधीनमा गरी दिनु भएको छ , तर वास्तविक कुरा यो छ कि यसलाई हामी आफ्नो अधीनमा गर्न सक्दैन्थे । तथा हामी सबै अल्लाह तिर फर्केर जानेछौं । सबै किसिमका प्रशंसाहरु मात्र अल्लाहका लागि छन् , सबै किसिमका प्रशंसाहरु मात्र अल्लाहका लागि छन् , सबै किसिमका प्रशंसाहरु मात्र अल्लाहका लागि छन् , अल्लाह सबै भन्दा महान हुनु हुन्छ , अल्लाह सबै भन्दा ठूलो हुनु हुन्छ ,

अल्लाह सबै भन्दा अग्लो तथा उच्च हुनु हुन्छ । हे अल्लाह तपाईं पवित्र हुनु हुन्छ , हे अल्लाह मैले आँफै आफू माथि अत्याचार गरेको छु , यसले गर्दा मलाई क्षमा गरी देऊ , किन भने तपाईं बाहेक अरु कोही पनि पापहरुलाई क्षमा गर्न सक्दैन । ( अबू दाऊद ३/३४ , त्रिमिज़ी ५/५०१ तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१५६ )

## ९६ – यात्रा को दुआ़

٢٠٧- (( اَللهُ أَكْبَرْ ، اَللهُ أَكْبَرْ ، اَللهُ أَكْبَرْ ، سُبْحَانَ الَّذِيْ سَخَّرَ لَنَا هَذَا وَمَا كُنَّا لَهُ مُقْرِنِيْنَ وَ إِنَّا إِلَى رَبِّنَا لَمُنْقَلِبُوْنَ . اَللَّهُمَّ إِنَّا نَسْأَلُكَ فِيْ سَفَرِنَا هَذَا الْبِرَّ وَالتَّقْوَى ، وَمِنَ الْعَمَلِ مَا تَرْضَى ، اَللَّهُمَّ أَنْتَ الصَّاحِبُ فِيْ السَّفَرِ ، وَالْخَلِيْفَةُ فِيْ الْأَهْلِ ، اَللَّهُمَّ إِنِّيْ أَعُوْذُ بِكَ مِنْ وَعْثَاءِ السَّفَرِ ، وَكَآبَةِ الْمَنْظَرِ وَسُوْءِ الْمُنْقَلَبِ فِيْ الْمَالِ وَالْأَهْلِ ))

२०७ . अल्लाह सबै भन्दा महान हुनु हुन्छ , अल्लाह सबै भन्दा ठूलो हुनु हुन्छ , पवित्र हुनु हुन्छ उनी जसले यसलाई हाम्रो अधीनमा गरेको , वास्तविक्ता यो छ कि हामी यसलाई आफ्नो अधीनमा गर्न सक्दैन्थे । हे अल्लाह ! हामी आफ्नो यस यात्रामा तपाईं सित पुण्य तथा



धर्मपरायन्ता माग्दछौं , तथा त्यस कुरा बारे तपाईं सित सवाल गर्दछौं जसलाईं तपाईं मनपराउनु हुन्छ । हे अल्लाह ! यो यात्रा हामीहरुका लागि सजिलो तथा सरल् गरी दऊ तथा यस्लाई टाढा न गरी एकदम नजिक गरी देऊ । हे अल्लाह ! तपाईं नै यात्रामा साथी र परिवारका लागि निरिक्षक तथा अभिभावक हुनु हुन्छ । हे अल्लाह ! म तपाईं सित यात्राको कठिनाई तथा अप्ठयारो हुनु बाट , तथा धनमाल र परिवार बारे शोक तथा चिन्ता उत्पन्न गर्ने दृश्य बाट तथा काम पूर्ण न भएको स्थितिमा फर्कनु बाट , तिम्रो शरण खोज्दछु ।

तथा जब यात्रा बाट घर तिर वापस् फर्कोस् भने सो दुआ़को साथमा यो दुआ़ पनि पढोस् ।

(( آيِبُوْنَ ، تَائِبُوْنَ ، عَابِدُوْنَ ، لِرَبِّنَا حَامِدُوْنَ ))

हामी वापस् फर्कने , क्षमा याचना गर्ने , उपासना गर्ने तथा आफ्नो पालनकर्ताको प्रशंसा गर्ने छौं ।( मुस्लिम २/९९८ )

## ९७ – कुनै गाँव अथवा शहरमा प्रवेश गर्दा खेरि को दुआ़

٢٠٨- (( اَللّٰهُمَّ رَبَّ السَّمَاوَاتِ السَّبْعِ وَمَا أَظْلَلْنَ ، وَرَبَّ الْأَرَضِيْنَ السَّبْعِ وَمَا أَقْلَلْنَ ، وَرَبَّ الشَّيَاطِيْنَ وَمَا أَضْلَلْنَ وَرَبَّ الرِّيَاحِ وَمَا ذَرَيْنَ أَسْأَلُكَ خَيْرَ هَذِهِ الْقَرْيَةِ وَخَيْرَ أَهْلِهَا ، وَخَيْرَ مَا فِيْهَا ، وَأَعُوْذُ بِكَ مِنْ شَرِّهَا ، وَ شَرِّ أَهْلِهَا ، وَشَرِّ مَا فِيْهَا ))

२०८. हे अल्लाह ! हे सातौं वटा आकासहरुको प्रभु ! तथा ती थोकहरुको प्रभु जुन माथि ती आकासहरुले छाया गरी राखेका छन् , तथा सातौं वटा धर्तीहरुको प्रभु तथा ती थोकहरुको प्रभु जुन थोकहरुलाई तिनले बोकेका छन् , तथा शैतानहरुको प्रभु तथा ती प्राणीहरुको प्रभु जुनलाई यिनीहरुले पथभ्रष्ट गरेका छन् , तथा हावा बतासहरुको प्रभु तथा जे सुकै यिनीहरुले उडाए ती सबैको प्रभु । म तपाईं सित यस गाँवको भलाई तथा सुरक्षा र यस गाँवमा बस्नेहरुको भलाई तथा सुरक्षा बारे अनुरोध गर्दछु , तथा त्यस कुराको भलाई तथा सुरक्षा बारे बिन्ती र उजुर गर्दछु जुन यस गाँवमा छन् । तथा म यस गाँवको असुरक्षा तथा नराम्रोपना तथा यस गाँवमा बस्ने मानिस तथा जनावरहरुको असुरक्षा तथा नराम्रोपना बाट तिम्रो शरण चाहन्छु । तथा ती थोकहरुको असुरक्षा तथा नराम्रोपना बाट तिम्रो शरण खोज्दछु जुन यस गाँवमा छन् । ( इमाम हाकिम रहिमहुल्लाहले यो दुआलाई बयान गरी साँचो भन्नु भएका छन् तथा इमाम ज़हबी रहिमहुल्लाहले पनि उनीको



पुष्टि गरेका छन् २/१०० अल्लामा शैख़ बिन् बाज़ रहिमहुल्लाहले यसलाई ठीक तथा राम्रो भन्नु भएका छन् , हेर्नुस् तुहफतुल् अख़्यार पृष्ठ ३७ )

## ९८ – बजारमा प्रवेश गर्ने बेला को दुआ

٢٠٩- (( لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَشَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ يُحْيِيْ وَيُمِيْتُ وَهُوَ حَيٌّ لاَيَمُوْتُ بِيَدِهِ الْخَيْرُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ))

२०९. अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उ एक्लो छ , उसको कोही पनि साझेदार छैन , उसै को मुलुक हो , उसै का लागि प्रशंसा छ , उही जिवित गर्दछ तथा मृत्यु दिन्छ , उ सधैं जिवित रही रहने अर्थात अमर छ उसै को हातमा भलाई तथा राम्रो कुराहरु छन् , उ सबै थोक माथि सर्व शक्तिमान छ ।

( त्रिमिज़ी ५/२९१ , हाकिम १/५३८ तथा हेर्नुस् सहीह त्रिमिज़ी २/१५२ तथा सहीह इब्ने माजा २/२१ त्था शैख़ अल्बानी रहिमहुल्लाहले राम्रो भन्नु भएका छन् । )

## ९९ – सवारी लडबडाउँदा अथवा लडदा खेरि को दुआ़

٢١٠- (( بِسْمِ اللهِ ))

२१० . अल्लाहको नाउँ बाट ।

( अबूदाऊद ४/२९६ , तथा यो हदीसलाई शैख़ अल्लामा अल्बानी रहिमहुल्लाहले ठीक भन्नु भएका छन् , हेर्नुस् सहीह अबू दाऊद ३/९४१ )

## १०० – यात्री को दुआ़ यात्रा न गर्ने मानिस ( मोक़ीम ) को लागि

٢١١- ((أَسْتَوْدِعُكُمُ اللهَ الَّذِيْ لاَتَضِيْعُ وَدَائِعُهُ ))

२११. म तिमीलाई अल्लाहको सुरक्षा तथा निरक्षणमा गरी उसैको हेरचाहमा गर्दैछु , जसको हेरचाहमा सुम्पिएका कुराहरु कहिले पनि नष्ट तथा बरबाद हुँदैन ।

( अहमद् २/४०३ , इब्ने माजा २/९४३ तथा हेर्नुस् सहीह इब्ने माजा २/१३३ )



## १०१ – यात्रा न गर्ने मानिस(मोक़ीम) को दुआ़ यात्री मानिस का लागि

٢١٢- (( أَسْتَوْدِعُ اللهَ دِيْنَكَ ، وَأَمَانَتَكَ ، وَخَوَاتِيْمَ عَمَلِكَ ))

२१२ . म तिम्रो धर्म , तिम्रो अमानत् अर्थात धर्मपरायन्ता तथा तिम्रा कर्महरुको परिणामलाई अल्लाहको दरबारमा समर्पित गरी उसैलाई सुम्पदैछु । ( अहमद् २/७ , त्रिमिज़ी ५/४९९ तथा हेर्नुस् सहीही त्रिमिज़ी २/१५५ )

٢١٣- (( زَوَّدَكَ اللهُ التَّقْوَى ، وَغَفَرَ ذَنْبَكَ ، وَيَسَّرَ لَكَ الْخَيْرَ حَيْثُ مَا كُنْتَ ))

२१३ .अल्लाह तिमीलाई तक़्वा ( धर्मपरायन्ता तथा ईशभय ) प्रदान गरोस् तथा तिम्रो पापलाई क्षमा गरोस् तथा तिमी जुन पनि ठाउँमा रहौ अल्लाह तिमीलाई पुण्यको कर्म गर्न का लागि अवसर प्रदान गरोस् ।

( त्रिमिज़ी तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१५५ )

## १०२ – यात्रा को हालत्मा तस्बीह़ व तक्बीर

- (( قَالَ جَابِرٌ رضي الله عنه (( كُنَّا إِذَا صَعِدْنَا كَبَّرْنَا وَ إِذَا نَزَلْنَا سَبَّحْنَا ))

२१४. हजरत जाबिर रजियल्लाहु अन्हु को भनाई छ कि हामी यात्रा को अवस्थामा जब माथि चढदथें भने तकबीर (( अल्लाहु अकबर )) पढने गर्दथें तथा तल झरदा खेरी तस्बीह (( सुब्हानल्लाह )) पढथें । ( फत्हुल् बारी ६/१३५ )

## १०३ – यात्री को दुआ़ जब उ बिहानी गरोस्

٢١٥- (( سَمِعَ سَامِعٌ بِحَمْدِ اللهِ ، وَحُسْنِ بَلَائِهِ عَلَيْنَا. رَبَّنَا صَاحِبْنَا ، وَأَفْضِلْ عَلَيْنَا عَائِذاً بِاللهِ مِنَ النَّارِ ))

२१५. एउटा सुन्ने वाला शक्तिले हामीहरु प्रति अल्लाहको प्रशंसा तथा उसले जुन राम्रो खालका परोपकार हामीहरु माथि गरेको छ तिनीहरु बारे कृतधन्ता सुन्यो । हे हाम्रो पालनकर्ता ! हाम्रो निरिक्षक तथा साथी बनी जाऊ तथा हामी माथि दया गर , आगो अर्थात नरक बाट सुरक्षा का लागि तपाईं सित गुहार तथा उजुर गर्दै यो प्रार्थना गर्दछु । ( मुस्लिम ४/२०८६ )

## १०४ – यात्रा को हालत्मा जब यात्री कुनै ठाउँमा आराम गरोस् त्यती बेला को दुआ़



٢١٦- (( أَعُوْذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ مِنْ شَرِّ مَا خَلَقَ ))

२१६. म अल्लाहको सम्पूर्ण कलिमात अर्थात अल्लाहका सम्पूर्ण गुण विशेषता , ज्ञान तथा विद्याको माध्यमले शरण चाहन्छु , त्यस कुराको नराम्रोपना , षडयन्त्र तथा उपद्रो बाट जसलाई उसले उत्पन्न गरेको छ ।
( मुस्लिम ४/२०८० )

## १०५ – यात्रा बाट फर्के पछि को दुआ़

जब रसूलुल्लाह ﷺ कुनै युद्ध अथवा हज बाट फर्कन्थे भने सबै अगलो ठाउँमा तीन चोटि अल्लाहु अक्बर भन्दथे , फेरि यो दुआ़ पढदै गर्दथे :

٢١٧- (( لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَشَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ، آيِبُوْنَ ، تَائِبُوْنَ ، عَابِدُوْنَ ، لِرَبِّنَا حَامِدُوْنَ ، صَدَقَ اللهُ وَعْدَهُ ، وَنَصَرَ عَبْدَهُ وَهَزَمَ الْأَحْزَابَ وَحْدَهُ ))

२१७ . अल्लाह बाहेक कोही पनि साँचो पूजनीय छैन , उहाँ एक्लो हुनु हुन्छ , उहाँको कोही पनि साझेदार छैन , उसै का लागि राज्य छ तथा उसै का लागि प्रशंसा छ , तथा उहाँ सबै थोक माथि सर्वशक्तिमान हुनु हुन्छ । हामी

वापस् फर्कनेछौं , क्षमायाचना गर्नेछौं , उपासना गर्नेछौं तथा मात्र आफ्नो प्रभुको प्रशंसा गर्नेछौं । अल्लाहले आफ्नो बचन पूर्ण गऱ्यो तथा आफ्नो भक्तलाई मद्दत तथा सघाउ पुऱ्यायो , तथा एक्लै अल्लाहले सबै सेनाहरुलाई पराजित गऱ्यो । ( बुख़ारी ७/१६३ , मुस्लिम २/९८० )

## १०६ – राम्रो तथा नराम्रो कुरा उत्पन्न हुने बेलामा कुन दुआ़ पढियोस् ?

२१८. रसूलुल्लाह ﷺ जब कुनै कुरा बाट प्रसन्न हुनु हुन्थ्यो भने यस्तो भन्दथे (( اَلْحَمْدُ للهِ الَّذِيْ بِنِعْمَتِهِ تَتِمُّ الصَّالِحَاتِ )) अर्थात सब प्रशंसा उस अल्लाह का लागि छ जसको दया तथा अनुकम्पा बाट राम्रो कुराहरु पूर्ण हुन्छन् । तथा जब कुनै कुरा बाट अप्रसन्न हुनु हुन्थे भने यो भन्थे (( اَلْحَمْدُ للهِ عَلَى كُلِّ حَالٍ )) अर्थात सबै अवस्थामा सम्पूर्ण प्रशंसाहरु मात्र अल्लाह का लागि छन् ।

( शैख़ अल्बानी रहिमहुल्लाहले आफ्नो किताब सहीहुल् जामिअ़मा यसलाई राम्रो भन्नु भएका छन् , ४/२०१ तथा इमाम ह़ाकिम् रहिमहुल्लाहले पनि यसलाई ठीक भनेका छन् । १/४९९ )



## १०७ – रसूलुल्लाह ﷺ का लागि सलात ( दरुद व सलाम ) पठाउन् को महत्व

٢١٩- (( قال ﷺ (( مَنْ صلّي عَلَيَّ صَلاَةً صلّى اللهُ عَلَيْهِ بِهَا عَشْراً ))

२१९. रसूलुल्लाह ﷺ ले भन्नु भयो (( जुन मानिस म माथि एक पटक सलात ( दरुद ) पढछ भने अल्लाह यस्तो मानिस माथि दस पटक आफ्नो दया , कृपाको वर्षा गर्दछ । )) ( मुस्लिम १/२८८ )

٢٢٠- (( وَقَالَ ﷺ (( لاتجعلوا قبري عيدا وصلوا عليَّ ، فإن صلاتكم تبلغني حيث كنتم ))

२२० . रसूलुल्लाह ﷺ ले भन्नु भयो मेरो चिहान अथवा समाधीलाई मेला न बनाऊ र तिमी जुन सुकै पनि ठाउँमा रहौ त्यही ठाउँ देखि म माथि दरुद व सलात पढ , किनभने तिमी जहाँ कहीं पनि रहौ तिमीहरुको दरुद वा सलात म सम्म पुरियाइन्छ । ( अबू दाऊद २/२१८ , अहमद २/३६७ तथा अलबानी रहिमहुल्लाहले यसलाई राम्रो भन्नु भएका छन् , हेर्नुस् सहीह अबू दाऊद २/३२३ )

٢٢١- وقال ﷺ (( البخيل من ذكرت عنده فلم يصل علي ))

२२१. रसूलुल्लाह ﷺ ले भन्नु भयो (( कन्जुस त्यो हो जसको अगाडि वा नजिक मेरो बयान गरियोस् तथा त्यो म माथि दरुद व सलात न पढोस् । )) ( त्रिमिज़ी ५/५५१ तथा हेर्नुस् सहीहुल् जामिअ् ३/२५ तथा सहीह त्रिमिज़ी ३/१७७ )

٢٢٢- وقـال ﷺ (( إن لله ملائكـة سـياحين فـى الأرض يبلغونى من أمتي السلام ))

२२२. रसूलुल्लाह ﷺ ले भन्नु भयो कि अल्लाहका केही फरिश्ताहरु भूमि माथि घुमफिर गर्दै गर्दछन् जुन मेरा अनुयायीहरु का सलाम म सम्म पुऱ्याउने गर्दछन् ।
( नसाई , हाकिम् २/४२१ तथा यस हदीसलाई शैख़ अल्बानी रहिमहुल्लाहले साँचो भन्नु भएका छन् ।

٢٢٣- وقـال ﷺ (( مـا مـن أحـد يـسلم علـي إلا رد الله علـي روحـي حتى أرد عليه السلام ))

२२३. रसूलुल्लाह सल्लल्लाहु अलैहि वसल्लम्ले भन्नु भयो जब कुनै पनि मानिसले म माथि सलाम पढदछ भने मेरो प्राणलाई अल्लाहले मेरो जिउ भित्र हालेर फर्काई दिन्छ , यहाँ सम्म कि म उसको सलामको जवाफ दिन्छु ।
( अबू दाऊद हदीस न० २०४१ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यस हदीसलाई ठीक भन्नु भएका छन् , हेर्नुस् सहीह अबू दाऊद १/३८३ )



# १०८ – सलाम लाई फिँजाउनु

٢٢٤- وقـال ﷺ (( لاتـدخلوا الجنـة حتـى تومنـوا ، ولاتؤمنـوا حتـى تحـابوا ، أولا أدلكـم علـى شـيء إذا فعلتمـوه تحـاببتم ، أفشوا السلام بينكم ))

२२४. रसूलुल्लाह ﷺ ले भन्नु भयो (( तिमीहरु स्वर्गमा प्रवेश गर्न सक्दैनौ यहाँ सम्म कि तिमीहरु मोमिन् बनौ तथा मोमिन् बन्न सक्दैनौ यहाँ सम्म कि एक अर्का संग प्रेम तथा माया गरौ । के म तिमीहरुलाई यस्तो कुरा न बताऊँ ? कि तिमीहरु जब त्यस कुरा माथि कार्यरत् रहनेछौ भने एक अर्का संग माया गर्न थाल्नेछौ , त्यो कुरा यो हो कि सलामलाई अधिक भन्दा अधिक फिँजाउदै गर्नुस् । )) ( मुस्लिम १/७४ )

٢٢٥- وقـال ﷺ (( ثـلاث مـن جمعهـن فقـد جمـع الإيمـان : الإنـصاف مـن نفسـك ، وبـذل السـلام للعـالم ، والإنفـاق مـن الإقتار ))

२२५. हजरत अ़म्मार बिन् यासिर रज़ियल्लाहु अन्हु को भनाई छ कि तीन वटा कुराहरु यस्ता छन् कि जसले यिनलाई प्राप्त गरी हाल्यो भने ईमान एकत्रित तथा जम्मा गरी सक्यो । (१) आफ्नो व्यक्तित्व अर्थात आफै आफू संग

न्याय गर्नु । (२) सबै संसारबासीहरु का लागि सलाम फिँजाउनु । (३) गरिबी तथा दरिद्रताको अवस्थामा पनि आफ्नो क्षमता अनुसार अल्लाहको बाटोमा खर्च गर्नु ।
( बुख़ारी फत्हको साथमा १/८२

٢٢٦- وعن عبد الله بن عمر رضي الله عنهما : أن رجلا سأل النبي ﷺ أي الإسلام خير قال : (( تطعم الطعام ، وتقرأ السلام على من عرفت ومن لم تعرف ))

२२६. हजरत् अ़ब्दुल्लाह बिन् उमर रजियल्लाहु अन्हुमा भन्छन् कि एक मानिसले रसूलुल्लाह ﷺ सित सोध्यो कि इस्लामाका कुन कुन कुराहरु सबै भन्दा राम्रा तथा बेश छन् ? उहाँले जवाफ दिनु भए कि तिमी मानिसहरुलाई खाना खुवाऊ , परचित तथा अपरचित दुबै थरीका मानिसहरु सित सलाम गर । ( बुख़ारी फत्हुल् बारी को साथमा १/५५ , मुस्लिम १/६५ )

## १०९ – जब काफिर (नास्तिक) सलाम गरोस् भने उसलाई कसरी जवाफ दिईयोस् ?

٢٢٧- ((إذا سلم عليكم أهل الكتاب فقولوا : وعليكم))



२२७ . रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि जब तिमीहरु सित यहूद व नसारा सलाम गरुन् भने तिमीहरुले (( وَعَلَيْكُمْ ))भन्दै जवाफ देऊ ।
( बुख़ारी फत्हुल् बारी को साथमा ११/४२ मुस्लिम ४/१७०५ )

## ११० – कुखुरा बोल्ने र गधा कराउने बेला को दुआ़

٢٢٨ - (( إذا سمعتم صياح الديكة فأسألوا الله من فضله ، فإنها رأت ملكا وإذا سمعتم نهيق الحمار فتعوذوا بالله من الشيطان ، فإنه رأى شيطانا ))

२२८. रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि जब तिमीहरु भाले कुखुरा को आवाज सुनौ भने अल्लाह सित उसको दया तथा कृपा बारे अनुरोध गरौ अर्थात यो पढ : اَللّٰهُمَّ إِنِّيْ أَسْأَلُكَ مِنْ فَضْلِكَ हे अल्लाह म तपाईं सित तिम्रो दया , कृपा मागदछु । किनभने उसले फरिश्तालाई हेरेको छ , तथा जब गधाको आवाज सुनौ भने शैतान बाट अल्लाहको शरण खोजौ किनभने उसले शैतान हेरेको छ । अर्थात यो पढौ । اَعُوْذُ بِاللهِ مِنَ الشَّيْطَانِ الرَّجِيْمِ म अभिशापित् शैतान बाट अल्लाह को शरण खोज्दछु ।
( बुख़ारी फत्हको साथमा ६/३५० , मुस्लिम ४/२०९२ )

## १११ – रात्रीमा कुकुरले भुँकदा र गधाले कराँउदा सुनेर यो दुआ पढोस्

٢٢٩- (( إذا سمعتم نباح الكلاب ونهيق الحمير بالليل فتعوذوا بالله منهن فإنهن يرين ما لا ترون ))

२२९. रसूलुल्लाह ﷺ ले भन्नु भयो कि जब तिमीहरु रात्रिमा कुकुरहरुलाई भुँकदा तथा गधाहरुलाई कराउँदा सुनौ भने तिनीहरु सित अल्लाहको शरण मागौ किनभने तिनीहरु यस्ता कुराहरु हेरछन् जुन तिमीहरु हेर्न सक्दैनौ । ( अबू दाऊद ४/३२७ , अहमद् ३/३०६ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यस हदीसलाई ठीक भन्नु भएका छन् , हेर्नुस् सहीह अबू दाऊद ३/९६१ )

## ११२ – त्यस मानिस को निम्ति दुआ जस लाई तपाईंले नराम्रो कुरा अथवा गाली गर्नु भयो

٢٣٠- (( اللهُمَّ فَأَيُّمَا مُؤْمِنٍ سَبَبْتُهُ فَاجْعَلْ ذَلِكَ لَهُ قُرْبَةً إِلَيْكَ يَوْمَ الْقِيَامَةِ ))



२३०. अबू हुरैरा रजियल्लाहु अन्हु भन्छन् कि उहाँले रसूलुल्लाह ﷺ लाई यो दुआ पढदै सुन्यो :

اللهُمَّ فَأَيُّمَا مُؤْمِنٍ سَبَبْتُهُ فَاجْعَلْ ذَلِكَ لَهُ قُرْبَةً إِلَيْكَ يَوْمَ الْقِيَامَةِ

अर्थात हे अल्लाह जुन मुसलमान अथवा मोमिन् मानिसलाई मैले नराम्रो कुरा अर्थात अप्रसन्न गर्ने कुरा भनेको भने प्रलयको दिनमा मेरो यस अप्रसन्न गर्ने कुरालाई उसको निम्ति आफ्नो मायालु भक्त बनाउनका लागि माध्यम बनाई देऊ । ( बुख़ारी फत्हको साथमा ११/१७१ , मुस्लिम ४/२००७ )

## ११३ – कोही मुस्लिम जब कुनै मुस्लिम को प्रशंसाा गरोस्

٢٣١- قال ﷺ (( إذا كان أحدكم مادحا صاحبه لا محالة فليقل : أحسب فلانا والله حسيبه ولا أزكي على الله أحدا أحسبه ل [ إن كان يعلم ذلك ] كذا وكذا ))

२३१. उहाँ ﷺ ले भन्नु भयो जब तिमीहरु मध्ये कुनैले कसैको प्रशंसा अवश्य गर्नु पर्‍यो भने यस्तो भनोस् : म फलानो मानिस बारे यस्तो अनुमान गर्दछु तथा अल्लाह उसको लेखाजोखा गर्नेछ तथा म अल्लाह बाहेक अरु कसै

लाई पवित्र मान्दैन । म फलानो मानिस लाई यस्तो यस्तो ( असल वा राम्रो ) सम्झन्छु । यो प्रशंसा पनि त्यति खेर मात्र गरोस जब त्यसलाई राम्रो सरह जानेबुझेको होस् ।
( मुस्लिम ४/२२९६ )

## ११४ – जब कुनै मुस्लिम व्यक्ति को प्रशंसा गरियोस् भने उ के भनोस् ?

٢٣٢- (( اللهم لاتؤاخذني بما يقولون ، واغفرلى ما لا يعلمون [ واجعلني خيرا مما يظنونَ ))

२३२. हे अल्लाह ! जुन मानिसहरु मेरो बारेमा भनी रहेका छन् त्यस बारे म सित सोधपूछ न गर्नुस् , तथा त्यस कुरा बारे मलाई क्षमा गर्नुस् जुन बारे उनीहरुलाई थाहा छैन , तथा मलाई त्यो भन्दा राम्रो तथा बेश बनाई देऊ जुन उनीहरु मेरो बारेमा अनुमान गरी रहेका छन् । ( सहीहुल् अदबिल् मुफ्रद् न० ५८५ )

## ११५ – हज अथवा उम्रा का लागि इहराम को लुगा लगाउने मानिस कसरी तल्बिया पढोस् ?



٢٣٣- (( لَبَّيْكَ اَللّٰهُمَّ لَبَّيْكَ ، لَبَّيْكَ لاَ شَرِيْكَ لَكَ لَبَّيْكَ ، إِنَّ الْحَمْدَ وَالنِّعْمَةَ لَكَ وَالْمُلْكَ ، لاَ شَرِيْكَ لَكَ ))

२३३ .म हाजिर छु , हे अल्लाह म हाजिर छु , म हाजिर छु , तिम्रो कोही पनि साझेदार छैन , म हाजिर छु , निस्सन्देश सबै प्रकारको प्रशंसा तथा कृपा अनि राज्य तिम्रै लागि छन् । तिम्रो कोही पनि भागीदार छैन ।
( बुख़ारी फत्हको साथमा ३/४०८ , मुस्लिम २/८४१ )

## ११६ – हजरे अस्वद् वाला कुनामा अल्लाहु अक्बर भन्नु पर्छ

٢٣٤- (( طاف النبي ﷺ بالبيت على بعير كلما أتى الركن أشار إليه بشيء عنده وكبر ))

२३४. रसूलुल्लाह ﷺ ले बैतुल्लाहको तवाफ ( परिक्रमा ) ऊँट माथि सवार भएर गर्नु भयो , जब उहाँ हज्रे अस्वद् वाला कुनामा पुग्दथे भने उसको नजिक भएर उस तिर कुनै लौरो आदि बाट इसारा गर्दथे र यो भन्दथे (( अल्लाहु अक्बर )) ।
( बुख़ारी फ़त्ह को साथमा ३/४७६ , हेर्नुस् बुख़ारी ३/४७२ )

## ११७ – रुक्ने यमानी तथा हजरे अस्वद् को बीच को दुआ़

२३५- ((رَبَّنَا آتِنَا فِي الدُّنْيَا حَسَنَةً وَفِي الآخِرَةِ حَسَنَةً وَقِنَا عَذَابَ النَّارِ))

२३५. हे हाम्रो प्रभु ! हामीलाई यसलोक तथा परलोक दुबै ठाउँमा भलाई , कल्याण , उन्नति तथा राम्रो कुरा प्रदान गर तथा हामीलाई नरकको सजाय बाट बचाऊ ।
( अबू दाऊद २/१७९ , अहमद् ३/४११ शरहुस्सुन्ना लिल् बग़वी ७/१२८ )

## ११८ – सफ़ा तथा मर्वा माथि चढने बेला को दुआ़

२३६- (( إِنَّ الصَّفَا وَالْمَرْوَةَ مِنْ شَعَائِرِ اللهِ .... أَبْدَأُ بِمَا بَدَأَ اللهُ بِهِ ، لاَإِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ، لاَإِلَهَ إِلاَّ اللهُ وَحْدَهُ أَنْجَزَ وَعْدَهُ ، وَنَصَرَ عَبْدَهُ ، وَهَزَمَ الأَحْزَابَ وَحْدَهُ ))



२३६. हजरत् जाबिर रजियल्लाहु अन्हु रसूलुल्लाह ﷺ को हजको बयान गर्दै भन्दछन् कि जब उहाँ ﷺ सफा पहाड को नजिक पुग्दथे भने यो दुआ़ पढदथे :

(( إِنَّ الصَّفَا وَالْمَرْوَةَ مِنْ شَعَائِرِ اللهِ .... أَبْدَأُ بِمَا بَدَأَ اللهُ بِهِ))

नि:सन्देह सफा तथा मरवा यी दुबै पहाडहरु अल्लाहका चिन्हहरु मध्ये छन् । म उसै सित थाल्नी गर्दछु जुन सित अल्लाहले शुरु गरेको छ ।

फेरि उहाँले सफा देखि सई शुरु गर्नु भयो त्यस माथि चढनु भयो यहाँ सम्म कि बैतुल्लाहलाई हेर्न थाल्यो , तथा उहाँले क़िब्ला तिर मुख गरी अल्लाहको एकेश्वरत , महानता , प्रशंसा तथा प्रभुत्ता बयान गर्दै यो दुआ़ पढन थाले :

(( لاَإِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ ، لاَإِلَهَ إِلاَّ اللهُ وَحْدَهُ أَنْجَزَ وَعْدَهُ ، وَنَصَرَ عَبْدَهُ ، وَهَزَمَ الأَحْزَابَ وَحْدَهُ ))

अल्लाह बाहेक कोही पनि उपासना योग्य छैन , उ एक्लो छ उसको कोही पनि साझेदार छैन , उसैका लागि राज्य छ तथा उसै का लागि प्रशंसा छ , तथा उ सबै थोक माथि सर्वसक्तिमान छ , अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उ एकलो छ , उसले आफ्नो बचनलाई पूरा

गऱ्यो , तथा आफ्नो भक्तको सहायता गऱ्यो , तथा एकलो अल्लाहले सबै सेनाहरुलाई पराजित गऱ्यो ।
उहाँले यो दुआलाई तीन पटक दोहऱ्यायो तथा यसको माँझमा उहाँले अरु पनि दुआ गर्नु भयो , तथा उहाँले मरवा भन्ने पहाड माथि यस्तै दुआ गर्नु भयो जस्तै उहाँले सफा पहाड माथि गर्नु भएका थिए । ( मुस्लिम २/८८८ )

## ११९ – अरफ़ा को दिन (९ ज़िल्हिज्जा) को दुआ

रसूलुल्लाह ﷺ ले भन्नु भयो : सबै भन्दा राम्रो तथा बेश दुआ अरफ़ा को दिन को हो तथा त्यस दिन मैले तथा म भन्दा अधिका सन्देशवाहकहरुले जे सुकै दुआ गरेका छन् ती सबै दुआहरु मध्ये सबै भन्दा राम्रो दुआ यो हो :

٢٣٧- (( لاَ إِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ ))

२३७. अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उ एकलो छ उसको कोही पनि साझेदार तथा सहभागी छैन , उसै का लागि राज्य छ तथा उसै का निम्ति प्रशंसा छ , तथा उ सबै थोक माथि सर्वशक्तिमान छ ।



( त्रिमिज़ी तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१८४ तथा शैख़ अल्बानी रहिमहुल्लाहले यो हदीसलाई ठीक भन्नु भएका छन् । )

## १२० – मशअ़रे ह़राम को नजिक को दुआ

२३८. रसूलुल्लाह ﷺ क़सवा भन्ने ऊँटनी माथि सवारी गर्नु भए फेरि जब उनी मशअ़रे ह़रामको नजिक पुग्नु भयो भने क़िब्ला तिर मुख गरी अल्लाह सित दुआ , प्राथना गर्न थाले , अल्लाहु अकबर , लाइलाहा इललल्लाहु तथा किलिमए तौहीद पढदै गरे , राम्रो सरह उजियालो हुनु सम्म यस्तै त्यहीं बस्दै रहे , फेरि सूर्य उदाउनु भन्दा अगाडि यहाँ देखि हिँडि हाले । ( मुस्लिम २/८९१ )

## १२१ – जमरातलाई गेगर हान्दा खेरि प्रत्येक गेगर को साथ तक्बीर

२३९. रसूलुल्लाह ﷺ तीनौं वटा जमरात लाई जहिले पनि गेगर हान्ने गर्दथे भने अल्लाहु अकबर भनेर गेगर हान्दथे फेरि अगाडि बढेर पहिलो तथा दोसरो जमराको माँझमा दुआ गर्दै गर्दथे , यहाँ सम्म कि अन्तिम जमरालाई गेगर

हान्दै सबै गेगरहरु हान्दा खेरी अल्लाहु अकबर भन्दथे तथा त्यो अन्तिम जमरालाई ढुङ्गा हानी सके पछि त्यहाँ दुआ माग्दैन्थे बरु तुरुन्तै त्यहाँ देखि फर्कन्थे ।
( बुख़ारी फत्हुल् बारी को साथमा ३/ ५८३ , ५८४ )

## १२२ – छक्क पर्ने अथवा खुस हुने बेला को दुआ

-٢٤٠ ((سُبْحَانَ اللهِ))

२४०. अल्लाह पवित्र हुनु हुन्छ । ( बुख़ारी फ़त्हको साथमा १/२१० , ३९० , ४१४ , मुस्लिम ४/१८५७ )

-٢٤١ ((اَللهُ أَكْبَرُ))

२४१. अल्लाह सबै भन्दा ठूलो तथा महान हुनु हुन्छ ।
( बुख़ारी फ़त्हको साथमा ८/४४१ , तथा हेर्नुस् सहीह त्रिमिज़ी २/१०३ , २/२३५ तथा अहमद् ५/२१८ )

## १२३–शुभ सन्देश मिल्दा खेरि के गरोस् ?

२४२ .रसूलुल्लाह ﷺ लाई जब कुनै शुभ सन्देश मिल्दथ्यो भने उहाँले अल्लाहका अगाडि कृतज्ञता ब्यक्त गर्दै सजदा



गर्दै गर्दथे । ( अबू दाऊद , त्रिमिज़ी , इब्नेमाजा तथा हेर्नुस् सहीह इब्ने माजा १/२३३ तथा इर्वाउल् ग़लील २/२२६ )

## १२४ – जुन मानिस आफ्नो जिउमा पीडा महसुस् गरोस् त्यो कुन दुआ पढोस् ?

रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि जिउको जुन भागमा पीडा होस् भने त्यो अङ्ग माथि आफ्नो हात राखी तीन चोटि बिस्मिल्लाह तथा सात चोटि यो दुआलाई पढ :

-٢٤٣ ((أَعُوذُ بِاللهِ وَقُدْرَتِهِ مِنْ شَرِّ مَا أَجِدُ وَأُحَاذِرُ))

२४३. म अल्लाहको इज्जत् , प्रतिष्ठा तथा शक्तिको शरण खोज्दछु त्यस कुराको उपद्रो , षडयन्त्र तथा नराम्रोपना बाट जुनमा आफ्नो जिउमा महसुस् गर्दछु तथा जस बाट म त्रसन्छु । ( मुस्लिम ४/१७२८ )

## १२५–जसलाई आफ्नो कुदृष्टि आफूलाई लगने शंका होस् भने के उपाय गरोस् ?

२४४. रसलुल्लाह ﷺ ले भन्नु भयो : जब तिमीहरु मध्ये कोही मानिस आफ्नो भाई अथवा आफ्नो जिउ वा आफ्नो

मालमा अप्रसन्न गर्ने कुरा अनुभव गरोस् भने उसलाई बरकत् अर्थात कल्याण का लागि दुआ़ गर्नु पर्दछ किनभने कुदृष्टि बाट प्रभावित हुनु साँचो तथा सिद्ध छ ।
( अहमद् ४/४४७ , तथा इब्ने माजा तथा मालिक तथा अल्लामा अल्बानी रहिमहुल्लाहले सहीहुल् जामिअ़मा ठीक भन्नु भएका छन् । १/२१२ )

## १२६ – ब्याकुल्ता तथा बेचैनी को समयमा के दुआ़ पढियोस् ?

२४५- (( لاَإِلَهَ إِلاَّ اللهُ ))

२४५. अल्लाह बाहेक कोही पनि साँचो पूजनीय छैन ।
( बुख़ारी फ़त्हको साथमा ६/१८९ तथा मुस्लिम ८/२२०८ )

## १२७ – जनावर हलाल गर्ने वा कुर्बानी गर्ने बेला को दुआ़

٢٤٦- (( بِسْمِ اللهِ وَ اللهُ أَكْبَرْ [ اَللَّهُمَّ مِنْكَ وَلَكَ ] اَللَّهُمَّ تَقَبَّلْ مِنِّيْ ))

२४६. अल्लाहको नाम लिएर यो जनावरलाई हलाल गर्दछु , अल्लाह सबै भन्दा ठूलो हुनु हुन्छ , हे अल्लाह यो कुर्बानीका लागि जुन जनावर छ तिम्रै प्रदान गएिको हो तथा मात्र तिम्रै लागि छ । हे अल्लाह यो कुरबानी मेरो तरफ बाट स्वीकार गर्नुहोस् ।
( मुस्लिम ३/१५५७ , बैहक़ी ९/२८७ )



## १२८–उद्दण्ड शैतानहरुका अन्तरनिहित चालहरुलाई समाप्त गर्न का लागि दुआ़

٢٤٧- (( أَعُوْذُ بِكَلِمَاتِ اللهِ التَّامَّاتِ الَّتِيْ لاَيُجَاوِزُهُنَّ بَرٌّ وَلاَ فَاجِرٌ مِنْ شَرِّ مَا خَلَقَ ، وَبَرَأَ وَذَرَأَ ، وَمِنْ شَرِّ مَا يَنْزِلُ مِنَ السَّمَاءِ ، وَمِنْ شَرِّ مَا يَعْرُجُ فِيْهَا ، وَمِنْ شَرِّ مَا ذَرَأَ فِيْ الأَرْضِ وَمِنْ شَرِّ مَا يَخْرُجُ مِنْهَا ، وَمِنْ شَرِّ فِتَنِ اللَّيْلِ وَالنَّهَارِ ، وَمِنْ شَرِّ كُلِّ طَارِقٍ إِلاَّ طَارِقاً يَطْرُقُ بِخَيْرٍ يَا رَحْمَانُ ))

२४७ . म अल्लाहका सम्पूर्ण कलिमात अर्थात अल्लाहका ज्ञान , युक्ति , विद्या तथा गुण विशेषता को शरण माग्दछु जुन बाट कोही राम्रो तथा नराम्रो मानिस अगाडि लम्कन् सक्दैन , ती सबै कुराको उपद्रो तथा षडयन्त्र बाट जसलाई उसले निर्माण तथा उत्पन्न गऱ्यो तथा फिँजायो , तथा ती सबै कुरा को उपद्रो तथा षडयन्त्र बाट जुन आकास बाट झरिन्छ तथा त्यस कुरा को उपद्रो तथा

षडयन्त्र बाट जुन आकास तिर माथि जान्छ । तथा त्यस कुरा को उपद्रो तथा षडयन्त्र बाट जुन उसले धरतीमा फिँजायो तथा त्यस कुराको उपद्रो तथा षडयन्त्र बाट जुन धरती बाट निस्कन्छ , तथा रात्री तथा दिवा को उपद्रो तथा षडयन्त्र बाट तथा प्रत्येक रात्रीमा आउने उपद्रो तथा षडयन्त्र बाट , त्यो रात्री बाहेक जुन राम्रो कुराको साथमा आउन्छ , हे महान , ठूलो , कृपालु तथा दयालु अल्लाह ।
( अहमद ३/४१९ सहीह सनद्को साथ तथा मज्मउज़्जवाइद् १०/१२६ )

## १२९ – अल्लाह सित तौबा वा क्षमा याचना गर्नु

٢٤٨- (( قال رسول الله ﷺ : (( واللهِ إنِّيْ لأَسْتَغْفِرُ اللهَ وَ أَتُوْبُ إِلَيْهِ فِيْ اليومِ أَكثر من سبعين مرة ))

२४८. रसूलुल्लाह ﷺ ले भन्नु भयो : अल्लाहको क़सम म दिनमा सत्तरी भन्दा अधिक चोटि अल्लाह सित क्षमा माग्दछु तथा उहाँ सित क्षमा याचना गर्दछु ।
( बुख़ारी फ़त्ह को साथमा ११/१०१ )

٢٤٩- (( قال رسول الله ﷺ : (( يا ايها الناس توبوا إلى الله فإني أتوب فى اليوم مائة مرة ))



२४९ . उहाँ ﷺ ले भन्नु भयो : हे मानिसहरु अल्लाह सित क्षमा याचना गर तथा निस्सन्देह म अल्लाह सित एक दिनमा एक सय पटक क्षमा याचना गर्दछु । ( मुस्लिम ४/२०७६ )

٢٥٠- (( قال رسول الله ﷺ : ((من قال أَسْتَغْفِرُ اللهَ الْعَظِيْمَ الَّذِيْ لاَ إِلَهَ إِلاَّ هُوَ الْحَيُّ الْقَيُّوْمُ وَأَتُوْبُ إِلَيْهِ غفر الله له وإنْ كَانَ فَرَّ مِنَ الزَّحف ))

२५०. तथा उहाँ ﷺ ले भन्नु भयो : जुन मानिसले यो दुआ पढोस् अल्लाहले उसलाई क्षमा गरी दिन्छ चाहिँ युद्धस्थल् देखि भागेको भए त्यो पनि ।

أَسْتَغْفِرُ اللهَ الْعَظِيْمَ الَّذِيْ لاَ إِلَهَ إِلاَّ هُوَ الْحَيُّ الْقَيُّوْمُ وَأَتُوْبُ إِلَيْهِ

म त्यस महान तथा ठूलो अल्लाह सित क्षमा याचना गर्दछु जुन बाहेक कोही पनि उपासना योग्य छैन , जुन अमर छ तथा सबै प्राणी र सबै थोकहरुलाई जीवन प्रदान गरेको छ तथा म उसै सित क्षमा याचना गर्दछु ।
( अबू दाऊद २/८५ , त्रिमिज़ी ५/५६९ तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१८२ )

٢٥١- وقال ﷺ : (( أقرب ما يكون الرب من العبد فى جوف الليل الآخر فإن استطعت أن تكون ممن يذكر الله فى تلك الساعة فكن ))

२५१. तथा उहाँ ﷺ ले भन्नु भयो : अल्लाह तआला मुस्लिम मानिस सित सबै भन्दा नजिक रात्री को अन्तिम भागमा हुन्छ । यदि तिमी तिनी मानिसहरु मध्ये सम्मिलित्

हुन सक्दछौ जुन त्यसबेलामा अल्लाहको उपासना तथा स्मरण गर्दछन् भने उनीहरु संग सम्मिलित् भएर अल्लाहको उपासना रात्रीको अन्तिम् पख्मा गर ।
( नसाई १/२७९ तथा हेर्नुस् सहीह त्रिमिज़ी ३/१८३ )

٢٥٢- (( وقال ﷺ : أقرب ما يكون العبد من ربه وهو ساجد فأكثروا الدعاء ))

२५२. तथा उहाँ ﷺ ले भन्नु भयो : मानिस आफ्नो प्रभु सित सबै भन्दा अधिक नजिक सज्दाको हालत्मा हुन्छ भने सजदामा अधिक भन्दा अधिक दुआ गर । ( मुस्लिम १/३५० )

٢٥٣- وقال ﷺ : (( إنه ليغان على قلبي وإني لأستغفر الله فى اليوم مائة مرة ))

२५३. रसूलुल्लाह ﷺ ले भन्नु भयो : मेरो मुटु माथि पर्दा जस्तो आई हाल्दछ । तथा म अल्लाह सित दिनमा एक सय पटक क्षमा याचना गर्दछु । ( मुस्लिम ४/२०७५ )
इब्नुल् असीर रहिमहुल्लाहको भनाई छ कि पर्दा झैं मुटुलाई छोपिनुको अर्थ हुन्छ बिर्सनु । किनभने उहाँ ﷺ अधिक भन्दा अधिक अल्लाहको गुण गान , स्मरण तथा अल्लाहको उपासनामा ब्यस्त रहन् थिए , तथा जब कहिले पनि यिनी कामहरुमा अलि ढिलो हुनु हुन्थ्यो अथवा बिर्सनु भएको हुन्थ्यो भने यसलाई आफू बारे पापको कुरा



सम्झन्थे तथा यस्तो स्थितिमा अधिक भन्दा अधिक क्षमा याचना गर्दथिए । ( हेर्नुस् जामिउल् उसूल ४/३८६ )

## १३० – तस्बीह سُبْحَانَ اللهِ तह्मीद اَلْحَمْدُ للهِ तह्लील لاَ إِلَهَ إِلاَّ اللهُ र तक्बीर اَللهُ أَكْبَرُ को महत्व

١٥٤- قال ﷺ : من قال (( سُبْحَانَ اللهِ وَبِحَمْدِهِ فِيْ يَوْمٍ مِائَةَ مَرَّةٍ حُطت خَطاياه ولو كانت مثل زبد البحر ))

२५४. तथा उहाँ ﷺ ले भन्नु भयो : जुन मानिस सुब्हानल्लाहि व बिह्म्दिही एक सय पटक भनोस् यस्तो मानिसका पापहरु क्षमा गरी दिइन्छन् चाहिँ समुद्रको फीँज बरोबर होऊन् । ( बुख़ारी ७ / १६८ , मुस्लिम ४/२०७१ )

٢٥٥- وقال ﷺ : (( مَنْ قَالَ لاَإِلَهَ إِلاَّ اللهُ وَحْدَهُ لاَ شَرِيْكَ لَهُ ، لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ )) عشر مرار . كان كمن أعتق أربعة أنفس من ولد إسماعيل ))

२५५. रसूलुल्लाह ﷺ को शुभ भनाई छ : कि जसले एक दिनमा दस पटक यो दुआ पढयो :

لاَإِلَـهَ إِلاَّ اللهُ وَحْـدَهُ لاَ شَـرِيْـكَ لَـهُ ، لَـهُ الْمُلْـكُ وَلَـهُ الْحَمْـدُ ، وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيْرٌ

अर्थात अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उ एकलो हुनु हुन्छ उसको काही पनि साझेदार छैन , उसैका लागि राज्य छ तथा उसै का लागि प्रत्येक किसिमको प्रशंसा छ , उनी सबै थोकहरु माथि सर्वशक्तिमान हुनु हुन्छ ।

उक्त दुआलाई पढने मानिस यस्तो भयो जस्तो कि उसले इस्माईल अलैहिस्सलामको सन्तान मध्ये चार वटा दास स्वतन्त्र गऱ्यो । ( बुख़ारी ७/६७ , मुस्लिम ४/२०७१ )

٢٥٦- وقـال ﷺ : (( كلمتـان خفيفتـان علـى اللسـان ، ثقيلتـان فـى الميـزان ، حبيبتـان إلى الـرحمن : سـبحان الله وبحمده سبحان الله العظيم ))

२५६. रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि : दुई वटा वाक्यहरु जिब्रा बाट पढनका लागि सजिलो छन् तर तराजुमा गरुहन्गो हुनेछन् तथा अल्लाह को दृष्टिमा धेरै मायालु छन् (( सुब्हानल्लाहि व बिहम्दिही सुब्हा नल्लाहिल् अ़जीम )) पत्रि हुनु हुन्छ अल्लाह तथा उसै का



लागि सबै किसिमको प्रशंसा छ , पवित्र छ प्रतिष्ठा वाला तथा महान अल्लाह ।
( बुख़ारी ७/१६८ , मुस्लिम ४/२०७२ )

٢٥٧- وقـال ﷺ : لأن أقـول سـبحان الله ، والحمـد لله ولا إلـه إلاَّ الله ، والله أكْبَرْ ، أَحَبُّ إليَّ مما طلعت عليه الشمس ))

२५७. रसूलुल्लाह ﷺ को भनाई छ कि मेरो प्रति सुब्हानल्लाह , अल् हम्दु लिल्लाह तथा लाइलाहा इल्लल्लाह तथा अल्लाहु अकबर पढनु संसारका सबै कुराहरु भन्दा अधिक मायालु छ । ( मुस्लिम ४/२०७२ )

٢٥٨- (( وقـال ﷺ : (( أيَعجـز أحـدكم أن يكسب كـل يـوم ألـف حسنة فسأله سـائل مـن جلسائه كيف يكسب أحـدنا ألـف حسنة ؟ قـال : يـسبح مائـة تـسبيحة ، فيكتـب لـه ألـف حسنة أو يحط عنه ألف خطيئة ))

२५८. हजरत् सअ़द रजियल्लाहु अन्हु बाट बयान गरिएको छ कि हामी रसूलुल्लाह ﷺ कहाँ बसेका थियौं भने उहाँ ﷺ ले भन्नु भए (( के तिमीहरु मध्ये कोही यो कुरा गर्नमा सामर्थवान छैन कि त्यो प्रतिदिन एक हज्जार वटा पुण्य प्राप्त गरोस् ? उहाँ ﷺ नजिक बसेका साथीहरु मध्ये एक साथीले भन्यो : हामीहरु मध्ये कोही कसरी एक हजार पुण्य कमाउन् सक्दछ ? उहाँ ﷺ ले भन्नु भयो : एक सय

पटक तस्बीह् भनौ भने त्यसको फल् स्वरुप एक हजार पुण्य तिम्रो क्रमपत्रमा लेखिनेछ अथवा उस बाट एक हजार पापहरु समाप्त गरी दिइनेछ । )) ( मुस्लिम ४/२०७३ )

٢٥٩- من قال : (( سُبْحَانَ اللهِ الْعَظِيْمِ وَبِحَمْدِهِ غُرِسَتْ له نخلة فى الجنة ))

२५९. रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि जुन मानिस यो दुआ سُبْحَانَ اللهِ الْعَظِيْمِ وَبِحَمْدِهِ पढोस् यस्तो मानिसका लागि स्वर्गमा खजुरको एउटा रुख रोपि दिइन्छ ।

٢٦٠- وقال ﷺ : (( يا عبد الله بن قيس ألا أدلك على كنز من كنوز الجنة ؟فقلت : بلى يا رسول الله ، قال : قل لاَ حَوْلَ وَلاَ قُوَّةَ إلاَّ با اللهِ ))

२६० . अब्दुल्लाह बिन् कैस को भनाई छ कि रसूलुल्लाह ﷺ ले भन्नु भयो : हे अब्दुल्लाह कैस के म तिमीलाई स्वर्गको खजानाहरु मध्ये एउटा खजाना बारे सूचित न गरुँ ? मैले भनें हे अल्लाहको रसूल किन बताउनु हुन्न अवश्य बताउनुस् , उहाँ ﷺ ले भन्नु भयो : भनौ لاَ حَوْلَ وَلاَ قُوَّةَ إلاَّ با اللهِ अर्थात अल्लाहको इच्छा बिना पाप बाट बाँचन को क्षमता छैन तथा पुण्य गर्नका लागि पनि शक्ति छैन ।
( बुख़ारी फत्हको साथमा ११/२१३ तथा मुस्लिम ४/२०७६ )



٢٦١- وقال ﷺ : (( أحب الكلام إلى الله أربعٌ : سُبْحَانَ اللهِ ، وَالْحَمْدُ للهِ ، وَلاَإِلَهَ إلاَّ اللهُ ، وَاللهُ أَكْبَرُ ، لايضرك بأيهن بدأتَ ))

२६१ . उहाँ ﷺ ले भन्नु भयो : कि सबै भन्दा मायालु कुरा वा प्रार्थना चार वटा वाक्यहरु छन् ।

سُبْحَانَ اللهِ ، وَالْحَمْدُ للهِ ، وَلاَإِلَهَ إلاَّ اللهُ ، وَاللهُ أَكْبَرُ

(( अर्थात अल्लाह पवित्र हुनु हुन्छ , तथा सबै प्रकारका प्रशंसाहरु मात्र अल्लाहका लागि छन् , तथा अल्लाह बाहेक अरु कोही पनि उपास्य छैन , तथा अल्लाह ठूलो र महान हुनु हुन्छ । )) तथा यी वाक्यहरु मध्ये जुन बाट शुरु गर केही फरक् पर्दैन । ( मुस्लिम ३/१६८५ )

٢٦٢- جاء أعرابي إلى رسول الله ﷺ فقال : علمني كلاما أقوله : قال : قل (( لاَ إِلَهَ إلاَّ اللهُ وَحْدَهُ لاَشَرِيْكَ لَهُ ، اللهُ أَكْبَرُ كَبِيْراً وَالْحَمْدُ للهِ كَثِيْراً ، سُبْحَانَ اللهِ رَبِّ الْعَالَمِيْنَ ، لاَحَوْلَ وَلاَ قُوَّةَ إلاَّ بِاللهِ الْعَزِيْزِ الْحَكِيْمِ )) قال فهولاء لربي فما لي ؟ قال : قل (( اللَّهُمَّ اغْفِرْ لِيْ ، وَارْحَمْنِيْ ، وَاهْدِنِيْ وَارْزُقْنِيْ ))

२६२. सअ्द बिन् अबी वक़्कास रजियल्लाहु अन्हु को भनाई छ कि रसूलुल्लाह ﷺ कहाँ एक गाँउले मानिस

आयो र भन्न थाल्यो मलाई केही दुआ सिकाउनुस् जसलाई म पढूँ , उहाँ ﷺ ले भन्नु भयो : भन्

(( لاَ إِلَـهَ إِلاَّ اللهُ وَحْـدَهُ لاَشَـرِيْكَ لَـهُ ، اللهُ أَكْبَـرُ كَبِيْـراً وَالْحَمْـدُ للهِ كَثِيْـراً ، سُبْحَانَ اللهِ رَبِّ الْعَـالَمِيْنَ ، لاَحَـوْلَ وَلاَ قُوَّةَ إِلاَّ بِاللهِ الْعَزِيْزِ الْحَكِيْمِ ))

अल्लाह बाहेक कोही पनि पूजनीय छैन , उ एकलो छ उसको कोही पनि साझेदार छैन , अल्लाह सबै भन्दा ठूलो छ , धेरै ठूलो तथा सबै प्रकारका प्रशंसाहरु मात्र अल्लाह का लागि छन् , अल्लाह साह्रै पवित्र छ जुन सबै संसारबासीहरु को प्रभु तथा स्वामी हो । कोही शक्ति छैन तथा न त कोही क्षमता तर अल्लाहको मद्दत तथा सघाउ बाट मात्र जुन अधिक युक्ति वाला हुनु हुन्छ ।

गाँउले मानिस्ले भन्यो यसमा त मेरो महान प्रभुको प्रशंसा छ , मेरो निम्ति के छ ? भने उहाँ ﷺ ले भन्नु भयो : कि भन् : (( اللَّهُمَّ اغْفِرْ لِيْ ، وَارْحَمْنِيْ ، وَاهْدِنِيْ وَارْزُقْنِيْ ))

हे अल्लाह मलाई क्षमा गरी देऊ तथा म माथि दया गर तथा मलाई मार्गदर्शन गर तथा मलाई जिविका प्रदान गर ।

( मुस्लिम ४/२०७२ )



٢٦٣- كان الرجل إذا أسلم علمه النبى ﷺ الصلاة ثم أمره أن يدعو بهؤلاء الكلمات : (( اَللّٰهُمَّ اغْفِرْ لِيْ ، وَارْحَمْنِيْ ، وَاهْدِنِيْ وَارْزُقْنِيْ ))

२६३ . जब कुनै मानिसले इस्लाम धर्म लिन्थ्यो भने रसूलुल्लाह ﷺ ले उसलाई नमाज़ (सलात) सिकाउन्थ्यो र फेरि उसलाई तल लेखिएको दुआ पढनका लागि आदेश दिन्थे : (( اَللّٰهُمَّ اغْفِرْ لِيْ ، وَارْحَمْنِيْ ، وَاهْدِنِيْ وَارْزُقْنِيْ ))

हे अल्लाह मलाई क्षमा गरी देऊ तथा म माथि दया गर तथा मलाई मार्गदर्शन गर तथा मलाई जिविका प्रदान गर ।

٢٦٤- (( إِنَّ أَفْضَلَ الدعاء اَلْحَمْدُ للهِ وَأَفْضل الذكر لاَ إِلَهَ إِلاَّ اللهُ ))

२६४. रसूलुल्लाह ﷺ को शुभ भनाई छ कि सबै भन्दा राम्रो तथा उत्तम दुआ अल्हम्दु लिल्लाह हो तथा सबै भन्दा राम्रो तथा श्रेष्ठ स्मरण र प्रार्थना (( लाइलाहा इल्लल्लाह )) हो अर्थात अल्लाह बाहेक कोही पनि पूजनीय छैन । ( त्रिमिज़ी ५/४६२ , इब्ने माजा २/१२४९ तथा हाकिम् १/५०३ तथां यसलाई राम्रो भन्नु भएका छन् )

٢٦٥- الباقيات الصالحات : (( سُبْحَانَ اللهِ ، وَالْحَمْدُ للهِ ، وَلاَ إِلَهَ إِلاَّ اللهُ ، وَاللهُ أَكْبَرُ ، وَلاَحَوْلَ وَلاَقُوَّةَ إِلاَّ بِاللهِ ))

२६५. अल्बाकियातुस्सालिहात अर्थात बाँकी रही रहने पुण्य तथा असल कर्म यी हुन् :

((سُبْحَانَ اللهِ، والْحَمْدُ للهِ، وَلاَ إِلَـهَ إِلاَّ اللهُ، وَاللهُ أَكْبَـرُ، وَلاَحَوْلَ وَلاَقُوَّةَ إِلاَّ بِاللهِ))

अल्लाह पवित्र हुनु हुन्छ , तथा सबै किसिम का प्रशंसा अल्लाह का लागि छन् , अल्लाह बाहेक कोही पनि उपासना योग्य छैन , अल्लाह महान तथा ठूलो हुनु हुन्छ , कुनै पनि शक्ति तथा क्षमता छैन तर अल्लाह को सहायता बाट । ( अहमद् हदीस न० ५१३ )

## १३१ – रसूलुल्लल्लाह ﷺ तस्बीह् कसरी पढथे ?

٢٦٦- عن عبد الله بن عمرورضي الله عنهما قال: ((رأيت النبي ﷺ يعقد التسبيح بيمينه))

२६६ . हजरत अब्दुल्लाह बिन् अमर ﷺ भन्दछन् कि मैले रसूलुल्लाह ﷺ लाई हेरें उहाँ ﷺ आफ्नो दायाँ हातले तस्बीह पढदथे । ( अबू दाऊद २/८१ , त्रिमिज़ी ५/५२१ तथा हेर्नुस् सहीहुल् जामिअ् ४/२७१ )



## १३२ – विभिन्न प्रकारका पुण्य तथा राम्रा नियम्हरु

٢٦٧- ((إذا كان جنح الليل –أو أمسيتم– فكفوا صبيانكم، فإن الشياطين تنتشر حينئذ، فإذا ذهب ساعة من الليل فخلوهم، وأغلقوا الأبواب واذكروا اسم الله، فإن الشيطان لايفتح بابا مغلقا، وأوكو قربكم واذكروا اسم الله، وخمروا آنيتكم واذكروا اسم الله، ولوأن تعرضوا عليها شيئا وأطفئوا مصابيحكم))

२६७ . रसूलुल्लाह ﷺ ले भन्नु भयो कि जब सूर्य अस्ताउन्जेलमा चारै तिर झिसमिसे अँधियारो फैलियोस् अथवा जब बेलुकी पख् भई हालोस् भने आफ्ना बच्चाहरु लाई रोकिनुस् किनभने शैतान त्यस बखत् फैलिन्छन् तथा रात्रीका केही भाग जब बिति सकोस् भने उनीहरुलाई छाडि देऊ , तथा ढोकाहरु बिस्मिल्लाह भनेर बन्द गरी देऊ , किनभने शैतानले बन्द गरिएका ढोकाहरुलाई खोल्दैन , तथा आफ्ना मश्क अर्थात पानी राख्ने भाँडाहरु लाई कुनै कुनै पनि थोक बाट ढाँकि देऊ तथा अल्लाहका

नाम लेऊ अर्थात बिस्मिल्लाह पढ तथा आफ्ना भाँडा कुँडा लाई छोपि देऊ तथा अल्लाहका नाम लेऊ अर्थात बिस्मिल्लाह पढ , यदि ढाँक्न का लागि कोही थोक मिल्दैन भने कोही पनि थोक त्यस माथि राखी देऊ तथा आफ्ना चिराग़,लाल्टिन् अथवा दिया लाई निभाई देऊ ।
( बुख़ारी फ़त्ह को साथमा १०/८८ तथा मुस्लिम ३/१५९५ )

وصلى الله وسلم على نبينا محمد وعلى آله وأصحابه أجمعين .

## كتب ( مترجمة ) للمؤلف

**★ أولا: حصن المسلم باللغات الآتية:**

١ حصن المسلم باللغة الإنجليزية
٢ حصن المسلم باللغة الفرنسية
٣ حصن المسلم باللغة الأوردية
٤ حصن المسلم باللغة الإندونيسية
٥ حصن المسلم باللغة البنغالية
٦ حصن المسلم باللغة الأمهرية
٧ حصن المسلم باللغة السواحلية
٨ حصن المسلم باللغة التركية
٩ حصن المسلم باللغة الهوساوية
١٠ حصن المسلم باللغة الفارسية
١١ حصن المسلم باللغة المالبيارية
١٢ حصن المسلم باللغة التاميلية
١٣ حصن المسلم باللغة اليوربا
١٤ حصن المسلم باللغة البشتو
١٥ حصن المسلم باللغة اللوغندية
١٦ حصن المسلم باللغة الهندية
١٧ حصن المسلم باللغة الماليزية
١٨ حصن المسلم باللغة الصينية
١٩ حصن المسلم باللغة الشيشانية
٢٠ حصن المسلم باللغة الروسية
٢١ حصن المسلم باللغة الألبانية
٢٢ حصن المسلم باللغة البوسنية
٢٣ حصن المسلم باللغة الألمانية
٢٤ حصن المسلم باللغة الأسبانية
٢٥ حصن المسلم باللغة الفلبينية « مرناو »
٢٦ حصن المسلم باللغة الفلبينية « تجالوج »
٢٧ حصن المسلم باللغة الصومالية
٢٨ حصن المسلم باللغة الطاجكية
٢٩ حصن المسلم باللغة الأذرية
٣٠ حصن المسلم باللغة اليابانية
٣١ حصن المسلم باللغة النيبالية

**★ ثانيا: كتب مترجمة للغة الأوردية:**

٣٢ نور السنة وظلمات البدعة في ضوء الكتاب والسنة
٣٣ شروط الدعاء وموانع الإجابة
٣٤ الدعاء من الكتاب والسنة
٣٥ نور التوحيد وظلمات الشرك في ضوء الكتاب والسنة
٣٦ بيان عقيدة أهل السنة والجماعة ولزوم اتباعها
٣٧ نور الإيمان وظلمات النفاق في ضوء الكتاب والسنة
٣٨ الربا: أضراره وآثاره في ضوء الكتاب والسنة
٣٩ نور الإخلاص وظلمات إرادة الدنيا بعمل الآخرة
٤٠ صلاة التطوع في ضوء الكتاب والسنة
٤١ نور التقوى وظلمات المعاصي (دار السلام)
٤٢ نور الإسلام وظلمات الكفر (دار السلام)
٤٣ الفوز العظيم والخسران المبين (دار السلام)
٤٤ النور والظلمات في الكتاب والسنة (دار السلام)
٤٥ قضية التكفير بين أهل السنة وفرق الضلال (دار السلام)
٤٦ نور الهدى وظلمات الضلال (
٤٧ نور الشيب وحكم تغييره (دار السلام)

**❖ ثالثا: كتب مترجمة للغات أخرى:**

٤٨ مرشد الحاج والمعتمر والزائر... (باللغة المالبيارية)
٤٩ الدعاء من الكتاب والسنة (باللغة الفارسية)
٥٠ بيان عقيدة أهل السنة والجماعة ... (باللغة الإندونيسية)
٥١ نور السنة وظلمات البدعة في ضوء الكتاب والسنة باللغة المالبيارية
٥٢ الدعاء من الكتاب والسنة ( )
٥٣ صلاة المريض (باللغة مليبارية - دار السلام)
٥٤ رحمة للعالمين (باللغة الإنجليزية - دار السلام)